वर्ष : १८, अंक : २७, काठमाडौं, २०७९ कार्तिक १८ गते शुक्रबार, 4 November 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# मधेश राजनीति : सम्झौता कि धोका ?

काठमाडौं । मुलुकमा अहिले दोस्रो कार्यकालका लागि प्रदेशसभा सदस्य तथा प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन आगामी मंसिर ४ गते हुँदैछ । यतिबेला मधेशमा चुनावी सरगर्मी निकै तातिएको छ । स्मरण रहोस्, मधेश आन्दोलनकै कारण नेपालमा संघीयता लागू भएको हो । २०६४ पछि नेपालमा उदाएका मधेशकेन्द्रित दलहरुले अन्तराष्ट्रियस्तरमा पहिचान बनाउन सफल भयो । यसको मुख्य कारण तीन-तीन पटक भएको मधेश आन्दोलन हो । हुन मधेशमा आन्दोलन वा विद्रोह २००८ सालदेखि भएको थियो । विभिन्न कालखण्डमा भएका आन्दोलन/विद्रोहले सफलता प्राप्त नगरेपनि २०६३ पछिको विद्रोहले एउटा इतिहास बनाउन सफल भयो । तर मधेश आन्दोलनबाट उभ्रेर आएका दलहरु विस्तारै आफ्नो एजेण्डा र मधेशको मुद्दा छोड्दै गयो । जब मधेशका जनताले मधेशकेन्द्रित दलहरुलाई शक्ति प्रदान गयो त्यसपछि विस्तारै मधेश मुद्दा ओझेलमा पर्दै गयो । मधेशको मुद्दा ओझेलमा पर्दै जानुको मुख्य कारण आन्दोलनकारी शक्तिहरु सत्तासँग नजिकिनु हो ।

पटक-पटकको आन्दोलनलाई राज्यसत्ताले थामथुम पार्न सम्झौता गर्दै गयो तर लागू गरेनन् । एउटै मुद्दाका लागि पटक-पटक सम्झौता भयो । मधेशकेन्द्रित दलका नेताहरूले अहिले तराई-मधेशमा क्रान्तिकारी भाषण गर्दै जनताको भावनासँग खेलवाड गरिरहेका छन् । आफूले विगतमा गरेका कमी कमजोरीहरूबारे आत्मालोचनासमेत नगरी पुनः जनतामाझ पुगेर ठूलठूला भाषणहरू गर्दैछन् । विगतलाई हेर्ने हो भने मधेशकेन्द्रित दलका नेताहरूले अधिकांश महत्वपूर्ण मन्त्रालयहरू सम्हालिसकेका छन् । तर, जनतासँग सरोकार राख्ने एउटा पनि उदाहरणीय कार्य गरेको पाइँदैन । कृषि, शिक्षा, भौतिक

सम्झौताको राजनीति

| क्र.सं. | सम्झौताको प्रकार | संख्या |
|---|---|---|
| १. | सरकारसँग मधेशी दलको सम्झौता | ५ |
| २. | अन्य दल र मधेशी दलको सम्झौता | १३ |
| ३. | मधेशका सशस्त्र समूहसँग सरकारको सम्झौता | १८ |

२०६४ पछि...

| क्र.सं. | आन्दोलनको उपलब्धि | संख्या |
|---|---|---|
| १. | शहीदको संख्या | ११२+ |
| २. | मन्त्रीको संख्या | ९२ |

पूर्वाधार तथा यातायात, सिंचाइ, सूचना तथा सञ्चार लगायतका मन्त्रालय सम्हालिसकेका छन् । तर, यी क्षेत्रहरूमा आफू मन्त्री हुँदा के-के गरे भन्ने कुनै जवाफ छैन ।

जहिले पनि मधेशको अधिकारका लागि आफूहरू लडिरहेको भन्ने मधेशकेन्द्रित दलका नेताहरूसँग मधेशमा विकास गर्ने वा मधेशलाई आर्थिकरूपले सम्पन्न बनाउने कुनै योजना वा दीर्घकालीन नीति छैन । मधेशको मुद्दालाई टेकेर जहिले पनि राजनीति गर्ने, मुद्दाको बार्गेनिङ्ग गरेर सरकारमा जाने बाहेक अन्य केही पनि कार्य गर्न सकेका छैनन् । मधेशमा विद्यमान रहेको कृषि, उद्योग, कलकारखाना, यातायात लगायतका समस्याबारे मधेशी दलहरूको एजेन्डा कहिल्यै पनि बनेन । राजनीतिक मागहरू मात्र अगाडि सारेर मधेशका समस्याहरू जहाँको त्यहीं राखेर बारम्बार सत्तामा प्रवेश पाउँदै आएका छन् मधेशवादी दलका नेताहरू ।

विगतमा पाएको मधेशी जनताको मतादेशको मानमर्दन गर्दै मधेशी दलका नेताहरूले आफ्नो सत्तालोलुप्त चरित्रलाई उदाङ्गो पार्दैछन् । मधेश आन्दोलन चलिरहँदा मधेशका मागहरू सम्बोधन नभएसम्म कुनै सहमति सम्झौता नहुने भाषण गर्दै आएका नेताहरू अन्ततः सत्ताकै खेलमा लाग्दै गए । वर्तमान संविधानलाई मान्दैनौं भन्ने तर त्यहीं संविधानलाई टेकेर विभिन्न सुखसुविधा भोग गर्दै आएका छन् । सत्तालम्पट पार्टीहरूको घोर अनैतिक, अतार्किक र मधेशी जनता प्रतिको घोर कृतघ्न कार्य रहेको मधेशी बुद्धिजीवीहरूको ठहर छ ।

मधेशी जनताको हकअधिकार सुनिश्चित गर्न पटक पटक आन्दोलन गर्ने ती राजनीतिक दलको आह्वानमा १ सय भन्दा बढीले बलिदान गरेका थिए । संविधानको विरोधमा गरिएको आन्दोलनलाई आम मधेशीहरूले सहयोग पुऱ्याएर मधेशकेन्द्रित राजनीतिक दलका नेताहरूलाई शक्ति प्रदान गरे । आन्दोलनलाई खेलाँची गरेर आन्दोलनको असामयिक अवसान गराएको यथार्थ सबै सामु छ । 'समग्र मधेश एक प्रदेश'को राजनीतिक माग कमजोर बनाउँदै सत्ताको राजनीति गर्नेहरू अहिले दोधारमा परेका छन् । ठूला पार्टीसँग सहकार्यताको क्रममा कहिले एक प्रदेश, कहिले दुई प्रदेश त कहिले बहुल प्रदेशको माग अगाडि सार्दै आफ्नो बालराजनीतिक चरित्र देखाउने मधेशकेन्द्रित दलको हविगत चिन्ताजनक भएको छ । मधेशी जनताको पहिचानका लागि लड्दैछु भनी दाबी गर्नेहरूको अचेल आफ्नो पहिचान र अस्तित्व गम्भीर मोडमा पुगेको छ ।

दबाब दिने अवस्थामा पुगेको मधेशकेन्द्रित राजनीतिक दलका नेताहरूले मधेशको जनतालाई जित्नु महत्वपूर्ण विषय हो । मधेशी जनतालाई जित्न यस पटकको चुनावी घोषणापत्रमा आउने आशा गरिएको छ । मधेशका जनताको भावनाले भनेको राजनीति गर्नु हो । राजनीतिको धरातलीय यथार्थ बुझ्नु हो । यो धरातलीय यथार्थ बुझ्नु पर्ने आवश्यकताप्रति मधेशका राजनीतिक नेतृत्वले ध्यान दिनुपर्छ ।

**उपेन्द्र यादवको सत्ता समर्पण**

२०६८ सालमा एमालेका तत्कालीन अध्यक्ष झलनाथ खनालको नेतृत्वमा बनेको सरकारमा सहभागी भए पछि तत्कालीन उपेन्द्र यादवको फोरम नेपाल त्यस पछि बनेको ओली र देउवा नेतृत्वको सरकारमा सहभागी भइसकेका छन् । ओली नेतृत्वको सरकार करिब १९ महिना र देउवाको नेतृत्वमा बनेको सरकारमा करिब एक वर्ष रह्यो ।

वर्तमान आवश्यक्ताका लागि सबै तीन वटै तहको चुनावमा भाग लिएको उपेन्द्रको पार्टीले विगतमा आफूले उठाएको माग बिसर्जन नगरेको अध्यक्ष यादवले स्पष्टीकरण दिँदै आएका छन् ।

राजनीतिशास्त्रले भन्छ, 'राजनीति सधैं एकैनासले चल्दैन । आवश्यक्ता र परस्थिति

बाँकी अन्तिम पृष्ठमा

### नेपाल सरकार र मधेशी दलबीच भएका सम्झौताहरू

| क्र.सं. | मिति | सम्झौता | प्रथम पक्ष | दोस्रो पक्ष | परिणाम | प्रधानमन्त्री |
|---|---|---|---|---|---|---|
| १. | २०५० पुस ५ | ४ बुँदे | श्री ५ को सरकार | नेपाल सद्भावना पार्टी | समस्याको निरन्तरता | गिरिजाप्रसाद कोइराला |
| २. | २०५५ कार्तिक २६ | ३ बुँदे | श्री ५ को सरकार | नेपाल सद्भावना पार्टी | समस्याको निरन्तरता | गिरिजाप्रसाद कोइराला |
| ३. | २०६४ भाद्र १३ | २२ बुँदे | नेपाल सरकार | मजफो नेपाल | समस्याको निरन्तरता | गिरिजाप्रसाद कोइराला |
| ४. | २०६४ फागुन १६ | ८ बुँदे | नेपाल सरकार | संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा | समस्याको निरन्तरता | गिरिजाप्रसाद कोइराला |
| ५. | २०७५ फागुन २४ | ११ बुँदे | नेपाल सरकार | स्वतन्त्र मधेश गठबन्धन | विखण्डनवादी राजनीतिको विश्राम | केपी शर्मा ओली |

### अन्य दल र मधेशी दल बीच भएका सम्झौताहरू

| | | | | | |
|---|---|---|---|---|---|
| १. | २०६७ चैत ९ | ४ बुँदे | एमाओवादी/एमाले | मजफो नेपाल | समस्याको निरन्तरता |
| २. | २०६८ भाद्र ११ | ४ बुँदे | एमाओवादी | संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा | समस्याको निरन्तरता |
| ३. | २०७२ जेष्ठ २५ | १६ बुँदे | कांग्रेस/एमाले/एमाओवादी | मजफो, नेपाल (लोकतान्त्रिक | समस्याको निरन्तरता |
| ४. | २०७२ असोज २४ | ८ बुँदे | एमाले/एमाओवादी | मजफो, नेपाल (लोकतान्त्रिक) | समस्याको निरन्तरता |
| ५. | २०७३ साउन १९ | ३ बुँदे | कांग्रेस/माओवादी केन्द्र | मधेशी मोर्चा/संघीय गठबन्धन | समस्याको निरन्तरता |
| ६. | २०७४ जेष्ठ २३ | ३ बुँदे | कांग्रेस/माओवादी केन्द्र | राष्ट्रिय जनता पार्टी नेपाल | समस्याको निरन्तरता |
| ७. | २०७४ जेष्ठ २३ | ३ बुँदे | कांग्रेस/माओवादी केन्द्र | संघीय समाजवादी फोरम नेपाल | समस्याको निरन्तरता |
| ८. | २०७५ जेष्ठ १४ | २ बुँदे | नेपाल कम्युनिष्ट पार्टी | संघीय समाजवादी फोरम नेपाल | समस्याको निरन्तरता |
| ९. | २०७६ पुस २ | २ बुँदे | नेपाल कम्युनिष्ट पार्टी | राष्ट्रिय जनता पार्टी नेपाल | समस्याको निरन्तरता |
| १०. | २०७६ पुस १८ | १ बुँदे | नेपाली कांग्रेस | समाजवादी पार्टी | समस्याको निरन्तरता |
| ११. | २०७८ साउन २३ | ९८ बुँदे | गठबन्धन (नेपाली कांग्रेस, नेकपा । माओवादी केन्द्र), नेकपा (एस), जनमोर्चा | जनता समाजवादी पार्टी नेपाल | समस्याको निरन्तरता |
| १२. | २०७९ असोज २१ | चुनावी तालमेल गर्ने सहमति | नेकपा (एमाले) | जनता समाजवादी पार्टी नेपाल | |
| १३. | २०७९ असोज २२ | चुनावी तालमेल गर्ने सहमति | नेपाली कांग्रेस | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | |

### नेपाल सरकार र तराई-मधेशका सशस्त्र समूहबीच भएका सम्झौताहरू

| क्र.सं. | मिति | सम्झौता | प्रथम पक्ष | दोस्रो पक्ष | परिणाम |
|---|---|---|---|---|---|
| १. | २०६५।८।२६ | ४ बुँदे | सरकारी वार्ता टोली | मधेशी भाइरस किलर्स पार्टी | समस्याको निरन्तरता |
| २. | २०६५।९।११ | ५ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा | समस्याको निरन्तरता |
| ३. | २०६५।९।१६ | ५ बुँदे | सरकारी वार्ता टोली | तराई संयुक्त जनक्रान्ति पार्टी | समस्याको निरन्तरता |
| ४. | २०६५।९।२६ | ६ बुँदे | सरकारी वार्ता टोली | जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) | समस्याको निरन्तरता |
| ५. | २०६५।११।१० | ५ बुँदे | सरकारी वार्ता टोली | लिबेशन टाइगर अफ तराई इलम (एलटीटीई) | समस्याको निरन्तरता |
| ६. | २०६५।१२।७ | ४ बुँदे | सरकारी वार्ता टोली | मधेश मुक्ति टाइगर्स | समस्याको निरन्तरता |
| ७. | २०६७।१।२४ | ७ बुँदे | सरकारी वार्ता टोली | अखिल तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) | समस्याको निरन्तरता |
| ८. | २०६८।४।२३ | ७ बुँदे | सरकारी वार्ता टोली | अखिल तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) | समस्याको निरन्तरता |
| ९. | २०६८।४।२८ | ५ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) | समस्याको निरन्तरता |
| १०. | २०६८।५।२ | ६ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) | समस्याको निरन्तरता |
| ११. | २०६८।७।१८ | ३ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) | समस्याको निरन्तरता |
| १२. | २०६८।८।८ | ५ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य समूह) | समस्याको निरन्तरता |
| १३. | २०६८।९।१६ | ४ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) | समस्याको निरन्तरता |
| १४। | २०६८।९।२८ | ६ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) | समस्याको निरन्तरता |
| १५. | २०६८।१०।७ | ६ बुँदे | सरकारी वार्ता टोली | अखिल तराई मुक्ति मोर्चा (जयकृष्ण गोइत समूह) | समस्याको निरन्तरता |
| १६. | २०६८।११।१२ | ६ बुँदे | सरकारी वार्ता टोली | जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) | समस्याको निरन्तरता |
| १७. | २०६८।११।२१ | ६ बुँदे | सरकारी वार्ता टोली | जनतान्त्रिक मधेश तराई मुक्ति मोर्चा (झवर साह, प्रताप | समस्याको निरन्तरता |
| १८. | २०६९।१।६ | ६ बुँदे | सरकारी वार्ता टोली | संयुक्त क्रान्तिकारी तराई मधेश मुक्ति मोर्चा | समस्याको निरन्तरता |

# औपचारिक चुनावी प्रचार सुरु, 'झुठको खेती गोडमेल गर्न नेताहरू गाम गाम'

काठमाडौं । निर्वाचन आयोगले सार्वजनिक गरेको आचारसंहिता अनुसार बिहीबारदेखि मंसिर १सम्म चुनावी प्रचारप्रसार गर्न पाउने भएकाले विभिन्न दलका नेताहरू विभिन्न ठाउँमा पुगरे प्रचार प्रसारका लागि पुगेका छन् । विभिन्न ठाउँका जनताहरूले 'झुठको खेती गोडमेल गर्न नेताहरू पुगे गाम गाम' भन्न थालेका छन् ।

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा सुदूरपश्चिम प्रदेश गएका छन्/ ।सरकारी स्रोत-साधन प्रयोग नगर्ने गरी धनगढी भएर डडेलधुरा जान आयोगबाट अनुमति लिएर गएका छन् । लरतरो निर्वाचन आयोगमा केही अडान कायम गर्न खोज्दा मौजुदा आयुक्तहरूको कार्यशैली विवादित पनि हुँदै आएको छ । जस्ता नो नट अगेनबारे आयोगले सार्वजनिक गरेको धारणा अभिव्यक्ति स्वतन्त्रता विरुद्धको हर्कत भएको भनी व्यापक विरोध भएको छ ।

तर पनि प्रधानमन्त्री देउवाले कांग्रेस सभापतिको हैसियतमा पार्टी प्रचारप्रसारमा जान आयोगबाट अनुमति लिएर जाने परिपाटी आचारसंहितालाई मर्यादित बनाउने राम्रो पहल मान्नु पर्छ । यसैगरी प्रमुख प्रतिपक्षी नेकपा एमाले अध्यक्ष केपी ओलीले पनि मुख्य प्रचारकका रूपमा हेलिकोप्टर प्रयोग गर्न आयोगबाट अनुमति लिने कार्यलाई सही नै मान्नु पर्छ ।

आचारसंहितामा राजनीतिक दलले प्रचारप्रसारका लागि आफ्नोतर्फबाट दुई जना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनुपर्ने र आयोगले अनुमति दिएमा मुख्य प्रचारकले मात्रै हेलिकोप्टर सेवा प्रयोग गर्न सक्ने प्रावधान अनुसार ओलीले यो अनुमिति लिएका हुन् । प्रमुख आयुक्त दिनेश थपलियाका अनुसार राजनीतिक दललाई बढीमा साढे ५ करोड रुपैयाँसम्म खर्च गर्न पाउने सीमा तोकिएको छ/ ।

प्रधानमन्त्री र मन्त्री मुख्य प्रचारक भएमा सरकारी स्रोत-साधनको प्रयोग नगरी प्रचारमा जान पाउने प्रावधान छ । प्रधानमन्त्री र मन्त्रीहरू आफ्नो निर्वाचन क्षेत्रबाहेक अर्को निर्वाचन क्षेत्रमा प्रचारप्रसारमा जानुपरेका बेला आयोगबाट अनुमति लिनुपर्ने र सरकारी स्रोतको प्रयोग गर्न नहुने प्रावधान छ । कात्तिक १२ देखि बुधबारसम्म आचारसंहिता उल्लंघन गर्ने

बाँकी अन्तिम पृष्ठमा



स्वतन्त्रहरुको उम्मेद्वारी एक प्रकारको सचेत विद्रोह हो : **काशिन्द्र यादव (कबिर)**



गत निर्वाचन गरेको अधिकांश प्रतिबद्धता पूरा गरेको छु : **सुरेश मण्डल**

अन्तर्वार्ता पृष्ठ ३ मा

# मधेशका जागरूक मतदाताहरू उपेन्द्रसँग सोध्नैपर्ने कुरा

उपेन्द्र यादव मधेशका एक मुख्य नेता हुन्। आसन्न निर्वाचनमा उनले आफ्नो पार्टी जसपा तथा के.पी. ओलीको एमाले पार्टीका लागि भोट माग्दै छन्। यस अघिको संसदीय निर्वाचनमा बिजयी भई उनि र उनका सदस्यहरू अधिकांश समय मंत्री पदमा रहे। यसरी नै उनको पार्टी जसपा अबिच्छिन्न रूपमा मधेश प्रदेश सरकारमा रह्यो। यो प्रादेशिक सरकार कहिल्यै अस्थिर रहेन। बलियो रूपमा ठूलो बजेटका साथ सरकार चलायो। यो मधेश सरकारले "खेत खेतमा पानी र घर घरमा रोजगार" भनेको थियो। अनेकन् नाराहरू दिएको थियो।

आम चुनावले मतदातालाई राजनीतिक पार्टी र निर्वाचित प्रतिनिधीहरूको मूल्यांकनको अवसर पनि प्रदान गर्दछ। उपेन्द्र यादवको जसपा पार्टी जो मधेशमा पुरै अवधि राज गर्यो; यो पार्टीले मधेशको बिकास गरी अन्ततः मुलुकको बिकासका लागि कति योगदान पुर्यायो? अहिले समृद्धि तथा बिकासको नारा दिएको छ। हिजो कति गर्न सक्यो र आज कति बिश्वास गर्ने? यो प्रश्न खडा भएको छ।

मैले मधेश प्रदेशको अवस्थालाई स्वयं सरकारले सार्वजनिक गरेका केही तथ्यांकहरूको आधारमा तपाईहरूका सामुन्ने राखेको छु।यस आधारमा उपेन्द्र यादव तथा मधेश सरकारमा रहेका अन्य पार्टीका नेताहरूलाई सोधौं- तपाईहरूले के गर्नु भयो? तपाईहरूको कसरी मूल्यांकन गर्ने?

मधेश प्रदेशमा २७.७% मानिस गरिबीको चपेटमा रहनु परेको छ। स्वतन्त्र विज्ञहरूले यो ३५ प्रतिशत भन्दापनि ठूलो रहेको भन्छन। मधेश प्रदेश बहुआयामिक गरिबीको मापदण्डमा पुरै मुलुकमा उच्च रहेको तथ्यांक हालै



जयप्रकाश प्रसाद गुप्ता

बाँकी अन्तिम पृष्ठमा

# मधेशीलाई धोका दिने कांग्रेस कहिले दिने जवाफ ?

काठमाडौं । मौजुदा समयको संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधानको राजनीतिक प्रणाली स्थापना भएपनि सरकारले मधेशीहरूले धोका नै दिएको छ ।

राणाशासन पछि नेपालमा प्रजातान्त्रिक आन्दोलनदेखि लिएर अहिलेसम्मको सरकारहरूमा तीस वर्ष पञ्चायतलाई छोडिदिने हो भने अधिकांश समय नेपाली कांग्रेस सरकारमा रहेको पाइन्छ । नेपाली कांग्रेसले मधेशीहरूप्रति अनुदार रहेको पाइन्छ । आन्दोलनहरूलाई सम्झौतामा बाँध्ने र त्यस प्रति बिर्सिने व्यवहार उसको रही आएको छ ।

नेपाली कांग्रेसले २०१५ सालको चुनावदेखि मधेशको मुद्दालाई बेवास्ता गरेको पाइन्छ । नेपाली कांग्रेसको आन्दोलनमा सरिक भएका मधेशका नेताहरूको माग पूरा गर्न पार्टी अनिच्छुक देखिएपछि कांग्रेसीहरूले तराई कांग्रेसको गठन गरे चुनाव लडेका थिए । तराई कांग्रेस इतिहासमा हराएपनि उसले उठाएका एजेन्डाहरू अहिले पनि जिउँदै रहेका छन् । मधेशको एजेन्डालाई ललिपप दिने काम उहिले देखि चलिआएको छ । मधेशको समस्या छ



भन्ने कुरो सत्ता र सरकारलाई थाहा नभएको होइन् । नेपाली कांग्रेसको सरकारलाई अपदस्थ गरेपछि स्थापित पञ्चायती व्यवस्थामा तराई कांग्रेसका वेदानन्द झालाई गृहमन्त्री बनाएबाट मधेशको महत्वलाई झल्काउँछ । मधेशका नेताहरूले पनि सरकारमा सामेल हुन पाए आँखा नदेख्नेले माँड पिएर नै तृप्त हुने मैथिलीको उखान अन्हरा माँडे तिरपितलाई चरित्रार्थ गर्दै आएका छन् । नेपाली कांग्रेसकै नेता गजेन्द्र नारायण सिंहले तराई कांग्रेसका एजेन्डा उठाएर नेपाल सदभावना पार्टी बनाए । प्रजातन्त्रको पुनर्बहाली भएयताको सरकारमा नेपाली कांग्रेससँग सदभावना पार्टीले गरेका सम्झौता पनि पुरा भएको देखिएको छैन् ।

२०५० साल,२०५५ साल, २०६४मा मधेशकेन्द्रित राजनीतिक दलहरूसँग सम्झौता गरिए ।

२०५० साल पुस ५ गते ४ बुँदे सम्झौता र २०५५ कार्तिक २६ गते ३ बुँदे सम्झौता ,२०६४साल भाद्र १३ गते २२ बुँदे सम्झौता र २०६४ साल फागुन १६ गते ८ बुँदे सम्झौता हुँदाका बखत नेपाली कांग्रेसका नेता पार्टी सभापति गिरिजाप्रसाद कोइराला नै प्रधानमन्त्री रहेका थिए । सुरुका दुई सम्झौता नेपाल सदभावना पार्टीसँग ,एक पटक मधेशी जनअधिकार फोरमसँग र फागुन ८ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग भएका सम्झौताका बेला गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएका थिए ।

हरेक पटक मधेश र मधेशीका मुद्दाले सरकारलाई अप्ठयारो परेका बेला सम्झौता गर्ने र राजनीतिक दललाई अल्झाउने काम गरेको देखिएको हो । संविधान सभाको निर्वाचन अप्ठेरोमा परेका बेला ८ बुँदे सम्झौता गरियो । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चामा सामेल राजनीतिक दलले चुनावमा भाग लिने गरिएको सम्झौताको बिन्दु पूरा

बाँकी अन्तिम पृष्ठमा

सम्पादकीय

# असफलहरूबाट सफलको खोजी

जलवायु परिवर्तनको असरबाट धनी देशहरू धनी र गरिब देशहरू गरिब हुँदै गएको एक अन्तर्राष्ट्रिय रिपोर्ट हालै सार्वजनिक भयो । सो रिपोर्टमा तातो हावाको कारण वैश्विक अर्थतन्त्रलाई १६० खर्ब अमेरिकी डलरको क्षति अनुमान गरिएको छ । अध्ययनकर्ताहरूले यो क्षति धेरै हुन सक्ने बताएका छन् ।

यसैबीच जलवायु परिवर्तनको असरबाट विश्वलाई जोगाउनु पर्ने भनी अभियान सञ्चालन गरी चर्चामा आएकी स्विडनकी ग्रेटा थनबर्गले पुँजीवादको पतनको लागि यो साता आह्वान गरिन् । १९ वर्षीया जलवायु अभियन्ता थनबर्गले ‘द क्लाइमेट बुक’ नामको पुस्तक लेखेकी छिन् । लन्डनमा आयोजित सो पुस्तकको विमोचन कार्यक्रममा सहभागीहरूमाझ पुँजीवादको पतनको आह्वान गरेपछि उनलाई अनलाइनमा आलोचना गरियो ।

थनबर्गका केही आलोचकहरूले अनलाइनमार्फत् पुँजीवादमा विश्वभरको जीवनस्तर व्यापकरूपमा वृद्धि भएको र ठिक यहीबेला पुँजीवादी अमेरिकामा कार्बन उत्सर्जन सहश्राब्दी सुरु भएपछि घटेको बताए । यसको जवाफमा थनबर्गले भनिन् “ म

> चुनिएर आउनेहरूका अगाडि सफल भएर जनतामाझ स्थापित हुनुपर्ने चुनौती छ । आफू सही भएको भनी कतिपयले नयाँ पार्टी खोलेर जनता माझ आएका छन् ।

समाजवाद, उदारबाद, साम्यवाद, रुढीबाद, मध्यवाद, तपाईँ यसलाई जे नाम दिनुस सबै असफल भएका छन् ।”

थनबर्गले विश्वभरिको परिवेशमा यस्तो भनेकी छिन् । सबै असफल भइसक्यो । थनबर्गको यो भनाइ आफैमा नौलो होइन् । सोभियतसंघको पतन पछि इतिहासको अन्त्य भएको भन्ने विचार पनि अहिले असफल भइसकेको छ । नेपालमा पनि एक पछि अर्को गरी राजनीतिक प्रणाली असफल भएर संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भइ अहिले दोस्रो पञ्चवर्षीयका लागि मंसिर ४मा आम चुनावको प्रचारप्रसार बिहीबारबाट सुरु भएको छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको आचारसंहिता अनुसार बिहीबारबाट सुरु भइ मंसिर ४सम्म प्रचारप्रसारको अवधिमा विभिन्न दलले घोषणा पत्र सार्वजनिक गरेका छन् । तर राजनीतिक दलका नेताहरूले जनतामाझ छवि सुधार गर्न नसकेको देखिएका छन् । सबै असफल भएको जस्तो देखिन्छन् ।

थनबर्गले सबै असफल भएको अवस्थामा कोही छान्नुपर्ने छ ।जनतासँग अहिले नो भोटको विकल्प छैन् । जनताले असफलहरू मध्येबाट कोही चुन्नुपर्ने छ । जनताले चुन्ने छन् । चुनिएर आउनेहरूका अगाडि सफल भएर जनतामाझ स्थापित हुनुपर्ने चुनौती छ । आफू सही भएको भनी कतिपयले नयाँ पार्टी खोलेर जनता माझ आएका छन् ।

यसो हेर्दा पुराना मुख्य पार्टीहरूले नै चुनाव जितेर आउने सम्भावना देखिन्छ । पुराना पार्टीहरूका नेताहरूलाई नै असफल नेता भनेर ‘नो नट अगेन’ अभियान पनि चलिरहेको छ । यसले पनि सबै असफल भएको दर्शाउँछ । जेहोस जो आएपनि असफलहरूबाट चुनिएर आउने हो । त्यसैले तिनको जिम्मेवारी अहिले नैतिकता, इमानदारिता, पारदर्शिताको अभाव राजनीतिमा स्थापित गराउँदै विकास गरी देश र जनतालाई समृद्धिको बाटोमा डोऱ्याउने जिम्मेवारी छ ।यसैले असफलहरूबाट जनताले सफल खोजिरहेका छन् । जनताको आंकाक्षा पूरा गरौं । राजनीतिको प्रतिष्ठा र गरिमा उँचो राखौं ।

# हल्लिएको जन धरातल र त्यसको परिणाम

विचार - विश्लेषण भाग-१५५



उपेन्द्र झा

> मधेशमा चुनावको बेला पैसाको चलखेल बढि हुने गर्दछ । मधेशी जनताको अज्ञानताको फायदा उठाई पैसाले मत किन्ने चालाक उम्मेदवारले चलाएको प्रथा पुरानो हो । त्यसकारण चुनावलाई चाड, पर्वको रुपमा मनाईने मनोविज्ञान मधेशमा बढि छ । चुनावमा पैसाको खोलो बग्ने मधेशमा बढी छ ।

यही मंसीर ४ गते प्रतिनिधी सभा र प्रदेश सभाको चुनाव हुने समय नजिकिंदै छ । तीन दशकदेखि स्वार्थमा लिप्त दलहरुप्रति जनतामा फैलिएको व्यापक वितृष्णाले दलीय संगठनको बन्धन यसपाली चुँडिने सम्भावना बढि देखिन्छ । विचार र सिद्धान्तबाट स्खलित पार्टीहरु आफ्नो अस्तित्व बचाउन शासकवर्गको पार्टीसंग अन्तर्घुलित भई चुनावमा विचार नमिल्ने उम्मेदवारलाई भोट दिन र लिन ह्विप जारी गर्दा हल्लिएको जन धरातल क्रस भोटिङ्गमा जाने निश्चित छ । नियम कानून जनतालाई मात्र लाग्ने कि नेताहरुलाई पनि लाग्ने, यसपाली एक किसिमको साँगठनिक विद्रोह हुने सम्भावना छ । माथिका नेताहरुले गरिने जुन किसिमको निर्णय पनि उचित हुने निर्देशन यसपाली जनताले मान्नेवाला छैनन् ।

हल्लिएको जन धरातलको अनुभूति भएर नै बाबुराम भट्टराईले आफ्नो उम्मेदवारी दिन छाडेर अरु बुढा नेताहरुलाई पनि उम्मेदवारी नदिन सचेत गराएका हुन् । उम्मेदवारी दिए सबै बढारिने चेतावनी पनि दिएका हुन्, तर पनि मान प्रतिष्ठा गुमाएका बुढा नेताहरु उम्मेदवार बनेका छन् । जनतामा नवीनतातिरको आकर्षण काठमाण्डौंका नव निर्वाचित मेयरले बढाई दिएका छन् । एक्लैले पनि गर्न सक्ने आभास दिएपछि जनतामा नवीनताको खोजी हुन थालेको छ । गफ दिएर शासन चलाउने, भ्रष्टाचारी, गन्हाएका, गुण्डा, तस्कर, माफिया, हत्याराहरु अहिले विभिन्न पार्टीको टिकट लिएर चुनावी मैदानमा उत्रेका छन् । गठबन्धनको पासोमा जनतालाई बाँध्न खोज्ने दलहरु यसपाली बढारिने निश्चित छ । हाम्रोभन्दा राम्रोलाई मत दिने जनतामा राजनीतिक चेतना जागेको छ ।

मधेशमा चुनावको बेला पैसाको चलखेल बढि हुने गर्दछ । मधेशी जनताको अज्ञानताको फायदा उठाई पैसाले मत किन्ने चालाक उम्मेदवारले चलाएको प्रथा पुरानो हो । त्यसकारण चुनावलाई चाड, पर्वको रुपमा मनाईने मनोविज्ञान मधेशमा बढि छ । चुनावमा पैसाको खोलो बग्ने मधेशमा बढि छ । पहाडको मतदाता चेतनशील, पार्टीप्रति प्रतिबद्ध भएकोले अनावश्यक खर्च गर्नु पर्दैन । मधेशमा पैसा खर्च गर्न सक्ने जुनसुकै पार्टीका उम्मेदवार जित्न सक्छ भन्ने आम धारणा छ । चुनावमा पैसाको कुरा नगर्ने उम्मेदवारसंग मतदाताका दलालहरु कुरै गर्न चाहँदैन । पैसावालसंग सम्बन्ध बनाउने आम मतदाताको चाहना हुन्छ ।

चुनाव घोषणा हुने वित्तिकै आफ्नो पक्षमा माहौल बनाउने उम्मेदवारहरुको खर्चिलो तथा तामझामको प्रचार तथा भोज भतेरबाट जन समर्थन एकत्रित गर्ने प्रथा मधेशमा रहेकोले यसपाली मतदाताको इच्छामाथि तुषारापात भएको छ । जनतालाई वितृष्णाबाट बाहिर निकाल्न धेरै अघिदेखि परिवर्तनको माहौल बनाउने युवा तथा बुद्धिजीविहरुको प्रयास यसपाली सफल रहेको देखिन्छ । जनतामा परिवर्तन चाहने चाहना र निर्वाचन आयोगले ल्याएको कडा आचारसंहिताले मधेशमा पहिले जस्तो चुनावी माहौल छैन । बिग्रेको निर्वाचन प्रणाली नियन्त्रित हुन सक्दैन भन्ने आम धारण यसपाली बदलिएको छ । चुनावलाई २२ दिन बाँकी छ । मतदाताले कतिपय उम्मेदवारलाई हेरेको पनि छैन । तामझामका साथ प्रचार प्रसारमा निर्वाचन आयोगले रोक लगाएदेखि निर्वाचन क्षेत्र सुनसान छ । देशैभरि चलेको परिवर्तनको लहरबाट जनता प्रभावित रहेकोले यसपाली राम्रोलाई मत दिने जन आकाँक्षा तीब्र रुपमा बढेको पाइन्छ । निर्वाचन आयोगले ल्याएको कडा आचारसंहिताबाट बिग्रेको निर्वाचन प्रणालीमा आँशिक सुधार आएको महसूस हुन थालेको छ । फिजुल खर्ची रोकिएको छ । शनैः शनैः यसरी नै सुधार हुँदै जाने आश गर्न सकिन्छ ।

सेन्टीमेन्टको बलमा उठेको मधेश आन्दोलनलाई राजनीतिक अगुवाहरुले दिशा दिन नसकेर न समग्र मधेशको पार्टी बनाउन सक्यो, न आफ्नो राजनीतिक प्रतिष्ठा नै बचाउन सक्यो । शासकसंग मिलेर मधेशलाई जातीवादको दलदलमा लिएर गयो । मधेशमा जाती बाहुल्यको आधारमा जातीगत पार्टी बनाएर राजनीतिक गर्नेहरु केही दिन चम्केर अब पतनको संघारमा पुगेका छन् । अधिकार आन्दोलन गरी प्रतिष्ठा कमाउने मधेशका नेताहरु शासकहरु समक्ष आत्मसमर्पण गरि स्वार्थ पूरा गर्ने नियतबाट बाक्क दिक्क लागेका मधेशका कार्यकर्ता जनता यसपाली पुराना नेताहरुलाई हराउने प्रयासमा छन् । मधेशीलाई मधेशीले नै हराउने प्रयास भई रहेको देखिन्छ । मधेशी सेन्टिमेन्ट पनि अब काम गर्न छोडेपछि नाम चलेका मधेशी नेताहरु यसपाली पराजित हुने आशंका बढेको छ । जसरी पनि जितेर जाने र माथि हैसियत अनुसार भाग खाने एक मात्र उद्देश्य बोकेका मधेशी नेताहरुको प्रतिष्ठा गुमी सकेको छ ।

जनतामा रहेको परिवर्तनको चाहना र निर्वाचन आयोगको कडा निर्देशनबाट आफ्नो जीतको माहौल बनाउन नसकेका उम्मेदवारहरु जीत सुनिश्चित गर्न सकि रहेको छैन । मतलाई पैसामा किन्ने उम्मेदवारहरुलाई अनुकूल वातावरण नभएपछि र आफ्नै पार्टीका कार्यकर्ता पनि नेताहरुप्रति उदासीन रहेको कारण प्रतिष्ठाको सूर्यास्त हुन बेर छैन ।

देशप्रति माया राख्ने बुद्धिजीवि तथा सचेत युवा पुश्ताले जनतामा जागरण गराउन चुनावको पूर्व सन्ध्यामा जनतालाई आह्वान गरि रहेका छन् । चुनावमा कति प्रभाव पर्ने भन्ने कुरा त प्रतीक्षाको विषय नै हो । विशाल आकार भएको शीर्ष दलहरु चुनावमा खुम्चिने त निश्चित छ तर पनि सत्तामा हाली मुहाली उनीहरु कै रहनेछ । शीर्ष नेताहरुको पराजय भयो भने पार्टीभित्रको युवा पुश्ता अगाडि आउने अवसर पाउँछ । किन्चित मात्रा कै परिवर्तन भएपनि यसले बदलावको ठूलो ढोका खोल्छ । देशको गतिहीनता समाप्त हुन्छ ।

कसैले बहुमत नपाएको अवस्थामा मनपरी गर्न न मिल्ने अवस्था आएपछि सहकार्य गर्न करै लाग्छ । सहकार्यले सहिष्णुतालाई जन्माउँछ । अहंकार र निरंकूशतामा अंकूश लाग्छ । युवाशक्तिको आगमन भएपछि निजी स्वार्थको अन्त हुन्छ । देश अग्रगमनको बाटोमा अग्रसर हुन्छ ।

janukjha24@gmail.com

## सर्राफप्रति जनताको समर्थन बढ्दै



वीरगन्ज । पर्सा क्षेत्र नम्बर १ को (ख) का प्रदेशसभा सदस्यको स्वतन्त्र लौरो छापका उम्मेदवार ओमप्रकाश सर्राफले वीरगन्ज महानगरपालिका वडा नम्बर १६ को विभिन्न टोलमा चुनावी प्रचारलाई तीव्रता दिएका छन् । ‘राष्ट्र निर्माणको अभियान ‘छडी’ छापमा मतदान’ भन्ने नाराका साथ बिहिबार रातीसम्म वडाको मिथिलानगर, डबरी टोल र वडा नम्बर ७ को रामटोलमा चुनावी छलफल तथा भेला कार्यक्रम सम्पन्न गरेका हुन् ।

चुनावी सभालाई सम्बोधन गर्दै उम्मेदवार सर्राफले आफनो अमूल्य मत पैसावाला उम्मेदवारलाई विक्री नगर्न आग्रह गरे । उनले भनेका छन्, ‘विगतका दिनमा चुनाव जितेर गएका नेताहरुले व्यापक भ्रष्ट्रचार गरेका छन, त्यही पैसाले पुन मत खरीद गर्न तपाईहरु माझ आउँने छन्, त्यस्ता भ्रष्ट्रचारीलाई आफ्नो अमूल्य भोट नबेच्न आग्रह गर्दछु ।’ उनले भने, ‘आर्थिक समाजिक रुपान्तरणको लागि तपाईको मत अमूल्य छ, यसलाई भ्रष्ट्रचारीको हातबाट बेच्यो भने, पुन देशमा भ्रष्ट्रचार निम्त्याउँछ र तपाईको शहर, गाउँ र देश विकास गर्न सक्दैन त्यसैले त्यस्ता भ्रष्ट्र नेताहरुसँग सावधान बस्नु पर्छ ।’ भ्रष्ट्रचारमा मुछिएका मधेश प्रदेशका मुख्यमन्त्री मोहमद लालबाबु राउत गद्दी माथि कटाक्ष मार्दै उम्मेदवार सर्राफले भने, भ्रष्ट्रचारीलाई पैसाको प्रलोभनमा आफनो मत बेच्यो भने, त्यसमाथि तपाईहरुको अधिकार हुदैन, यदी निशुल्क सहयोग गर्नुहुन्छ भने भोलीका दिनमा नेताहरुलाई कलर समातेर पनि आफनो काम धाकले गराउँन सक्नु हुन्छ, त्यसैले एउटा सचेत नागरिकको हैसियतले पनि आफनो अमुल्य मत विक्री नगर्नुस्, तपाईको हितमा काम गर्नेलाई नै भोट दिन आग्रह समेत उनले गरे ।

अहिले सरकारी स्कुलको शिक्षामा सुधारको आवश्यकता छ, सरकारी अस्पतालमा सुविधा नहुँदा गरिब जनता उपचार गराउँनबाट बन्चित भइरहेका छन् । विगतमा पनि मैले शिक्षा र अस्पतालको विषयमा आवाज उठाएकै छु । म संग भिजन छ, म चुनाव जिते सर्वप्रथम शिक्षामा सुधार ल्याउँने छु । सरकारी अस्पताललाई सुविधासम्म बनाउँने छु । कुनैपनि गरिब जनतालाई उपचार र शिक्षाबाट बन्चित हुन दिदिन्, सेवा गर्ने एकपल्ट मौका दिनुसु, उनले भने । अहिले आर्थिक अभावमा केहि दुर्व्यवसनीमा परेको युवाहरु अलपत्रमा परेका छन । उनले भने, मेरो योजना छ , ‘दुर्व्यवसनीमा परेका युवालाई सुधार केन्द्रमा आफनै खर्चबाट उपचार गराउँने छु । पूर्ण रुपमा निको भईसकेका युवाहरुलाई रोजगार र शिपको व्यवस्था मिलाउँन प्रतिबद्ध छु ।’ चुनावी सभामा सहभागि स्थानियले लौरो उम्मेदवार सर्राफलाई मत दिई सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका थिए।

## ओलीको अनैतिक राजनीतिले स्वतन्त्र चुनाव लड्नुपऱ्यो : प्रभु साह



रौतहट । रौतहट क्षेत्र नम्बर ३ का स्वतन्त्र प्रतिनिधिसभा सदस्य उम्मेदवार पूर्वमन्त्री प्रभु साहले एमाले अध्यक्ष केपी ओलीको अनैतिक राजनीतिले आफुहरु स्वतन्त्र चुनाव लड्नुपर्ने बताएका छन् । फतुवा विजयपुर नगरपालिका -१, घुसुकपुरमा आयोजित दिपावली र छठको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री साहले साम्प्रदायिक शक्तिलाई मधेशको जिम्मा दिने केपी ओलीको गलत कदमको विरुद्ध मधेशलगायतका क्षेत्रमा विद्रोहस्वरुप स्वतन्त्र उम्मेदवारहरु चुनावमा होमिएको बताए । विगतमा जसपाले देशमा मधेशी-पहाडीबीच साम्प्रदायिकता फैलाउने, गौर हत्याकाण्डजस्ता आपराधिक गतिविधिमा संलग्न र मधेशलाई भ्रस्टाचारको अखाडा बनाउने जनता समाजवादी पार्टीको सम्पूर्ण अपराधको जिम्मा एमालेको काँधमा बोकाउने काम ओलीले गरेको भन्दै पूर्वमन्त्री साहले अनैतिक राजनीतिको हिस्सा बन्नुभन्दा स्वतन्त्र हुन उचित लागेकोले एमालेको टिकटबाट चुनाव नलडेको बताए । एमालेले नीतिगत रुपमा एक्लै चुनाव लड्ने निर्णय गरेको विषय कोट्याउदै साहले कुर्सीका लागि ओलीले सबैथोक ठिक भनेर जसपा, राप्रपालगायतका शक्तिलाई बोक्नु अनैतिकताको पराकाष्ठा भएको बताए । “यहाँहरु सम्पूर्णलाई थाहा छ, जसपा कस्तो पार्टी हो । यो त्यही पार्टी हो जसले मधेशी र पहाडीको बीचमा साम्प्रदायिकता भड्काई मधेशमा विध्वंस मच्चाएको थियो । गौर हत्याकाण्ड जस्तो नरसंहारमार्फत दर्जनौंको हत्या गरेको थियो, सयौंलाई घाइते बनाएको थियो । यो त्यही पार्टी हो जसले ५ वर्ष देखि मधेश प्रदेश सरकारमार्फत घोटाला माथि घोटाला गर्दै आएको छ, जसको विरुद्ध हामी लड्दै आएका छौं ।“ पूर्वमन्त्री साहले भने, “अरु त अरु गठबन्धन हुनुभन्दा एक हप्ता अगाडि मात्र जसपाले राष्ट्रपतिको पुतला जनाएको थियो, ओलीको पुत्ला जलाई एमाले बहिष्कार गर्न आह्वान गरेको थियो । यो कुरा आम जनसमुदायको अगाडि नै छ ।“

“एमालेको कुरा गर्नुहुन्छ भने कुनै दलसंग सहकार्य नगरी एक्लै चुनाव लड्ने नीतिगत निर्णय गरेको थियो । तर सत्ताका लागि जे पनि गर्न पछि नहट्ने केपी ओलीको गुण रहेछ, त्यो हामीलाई थाहा थिएन । ओलीले मधेशलाई भ्रष्टाचारको अखाडा बनाएको जसपालाई मधेशको जिम्मा दिन खोजेपछि मैले त्यस्तो नगर्न पटकपटक आग्रह गरिरहँदा समेत ओलीले वास्ता गर्नुभएन । नैतिकता गुमाइसकेका केपी ओलीलाई त्यस्ता शक्तिहरुसंगको गठजोड सहज थियो, तर मेरो लागि विष पिउनु सरह थियो, मैले सकिन । ओलीको अनैतिक राजनीतिका कारण मसहित दर्जनौ नेताहरुले स्वतन्त्र उम्मेदवारी दियौं ।“ नेकपा एमालेको स्थायी कमिटी सदस्य रहेका साहले ओलीले जसपासंग गठबन्धन गरेपछि उनले एमालेको टिकट लत्याएर रौतहट क्षेत्र नम्बर ३ बाट स्वतन्त्र उम्मेदवारी दिएका थिए, भने रौतहट क्षेत्र नम्बर २ मा किरण साहले उम्मेदवारी दिएका थिए । उनीसँगै रौतहट क्षेत्र नम्बर ३(क) बाट केशव चौधरी, ३(ख) वाट केन्द्रिय सदस्य कुन्दन कुश्वाहा, २(ख) बाट प्रदेश सदस्य राजन यादव(मनोज), १(ख) बाट राजेश चौधरी, ४(ख) रवि जयसवालले प्रदेशसभामा उम्मेदवारी दिएका छन् । रौतहट बाहेक मधेशका अन्य जिल्लामा समेत उनको प्यानलले उम्मेदवारी दर्ता गराएका छन् । पूर्वमन्त्री साहले अहिले “स्वतन्त्र उम्मेदवार जिताउ अभियान“ संचालन गरेका छन् ।

# स्वतन्त्रहरुको उम्मेद्वारी एक प्रकारको सचेत विद्रोह हो

**लोकतन्त्रमा दलीय व्यवस्थाको विकल्प हुँदैन । तर, दलहरु विशेष कालखण्डमा एउटा मिशन लिएर स्थापना भएको हुन्छ । त्यो बेला मिशनरी दल हुन्छ । त्यस्ता दलहरु सत्ता सञ्चालनको भूमिका पुग्छ । त्यसमा योग्य र पढेलेखेका व्यक्तिहरु राज्यसत्ता सञ्चालनको भूमिकामा पुग्छन् । त्यसकारणले स्वतन्त्रहरुको उम्मेद्वारी भनेको एक प्रकारको विद्रोह हो ।**



**काशिन्द्र यादव (कबिर)**
**प्रतिनिधिसभा सदस्यका स्वतन्त्र उम्मेद्वार**
**सिरहा निर्वाचन क्षेत्र नं. ४**

**० प्रतिनिधिसभा सदस्यका तपाईंको स्वतन्त्र उम्मेद्वारी किन ?**

– अहिले राजनीतिक परिघटना सामान्य देखिएपनि देशको राजनीतिक, सामाजिक, आर्थिक अवस्था असामान्य छ । देश अहिले संकटग्रस्त बिन्दूमा छ । मुलुक अहिले राजनीतिक विचार शून्यताको अवस्थामा पुगेको हो । जसको परिणाम सिद्धान्तलाई हत्या गरेर गठबन्धनहरु बनेका छन् । त्यो हिसावले यो विशिष्ट कालखण्डमा हामी छौं । देशको आधारभूत समस्याहरु समाधान गर्न विशिष्ट कालखण्डमा दलहरु निर्माण भएका छन् । तर, आजको दिनमा दलहरु देश र समाजका विद्यमान समस्याहरु समाधान गर्न नभई समस्याहरु निर्माण गर्न लागिपरेका छन् । दलबाट निर्वाचित हुने प्रतिनिधिहरु नेताको रुपमा नभई दलाल र माफियाको रुपमा स्थापित छन् । त्यसैले विचारविहीन र मर्यादाविहीन राजनीतिको विरुद्धमा हामीजस्तो व्यक्तिहरु स्वतन्त्र उम्मेद्वारी दिनु सचेत असहमति हो ।

**० त्यसो हो भने नेपालमा दलीय प्रणालीमा असफल भइसक्यो ?**

– लोकतन्त्रमा दलीय व्यवस्थाको विकल्प हुँदैन । तर, दलहरु विशेष कालखण्डमा एउटा मिशन लिएर स्थापना भएको हुन्छ । त्यो बेला मिशनरी दल हुन्छ । त्यस्ता दलहरु सत्ता सञ्चालनको भूमिका पुग्छ । त्यसमा योग्य र पढेलेखेका व्यक्तिहरु राज्यसत्ता सञ्चालनको भूमिकामा पुग्छन् । त्यसकारणले स्वतन्त्रहरुको उम्मेद्वारी भनेको एक प्रकारको विद्रोह हो ।

**० अहिलेका स्थापित दलहरु खराब भएकै हो भने तपाईंहरु एउटा नयाँ दल निर्माण गरेर निर्वाचनमा भाग लिनुपर्दथ्यो नि ?**

– दल निर्माणको प्रक्रिया बौद्धिक अभ्यासभित्र मात्रै पर्छ भन्ने छैन । दल निर्माण भनेको एउटा विशिष्ट कालखण्डमा ऐतिहासिक भूमिका निर्वाह गर्न संगठित प्रयास हुन्छ । हामी एउटा परिवर्तनको संघारमा पुगेका छौं । मैले समाजलाई अध्ययन गर्दा दलहरुप्रति जनआक्रोश देखें । प्रत्येक दलमा नेतृत्वपंक्तिप्रति एक किसिमको कुण्ठित मनोविज्ञान छन् । यस्तै अवस्था रह्यो भने हामीले एउटा दल निर्माण गर्ने परिघटना आउन सक्छ । हामी नेता बन्नभन्दा पनि समस्याको समाधान गर्ने अभिभारा लिएर कोही न कोही जन्मिन्छन् । त्यो दलले ऐतिहासिक संकटलाई पार लगाउँछ । त्यसकारणले यो गर्भमा रहेको यो एउटा सम्भावना हो । अहिले हामीले दलभित्रको विकृत्तिलाई कसरी सच्याउने भन्ने आधारमा स्वतन्त्र उम्मेद्वारी दिएका हौं ।

**० तपाइँ यदि निर्वाचित हुनुभयो भने अहिले देखिएका विकृत्ति, समस्या वा संकटलाई समाधान गर्न सक्नुहुन्छ ?**

– सामान्य राजनीतिक अवस्था भइदिएको भए स्वतन्त्र उम्मेद्वारीको औचित्य हुँदैन । हाम्रो स्वतन्त्र उम्मेद्वारी भनेको दलगत व्यवस्थाको विकल्पभन्दा पनि ती दलहरुभित्र रहेका विकृत्तिको विरुद्धमा एउटा सचेत विद्रोह हो । अहिले विचार र विमर्शको शून्य अवस्था छ । संघीय संसदमा राष्ट्रिय नीति, परराष्ट्र नीति, संकटबाट पार लगाउन सकिने जस्ता नीतिहरुबारे बहस नै छैन । संसदमा एक दलका नेताले अर्को दलका नेतामाथि आरोप-प्रत्यारोप, गालीगलोज बाहेक केही भएकै देखिएन । यदि हामी संसदमा पुग्यौं भने महाबहस आरम्भ गर्ने आवश्यकता देख्छु । हामीले त्यो बेला एउटा इकाईको रुपमा काम गर्न सक्छौं । दलगत दबाब र सिन्डिकेटबाट मुक्त भएर राष्ट्रिय नीतिको रुपमा बहस गर्नेछौं र सदनमा आन्दोलनको रुपमा प्रयोग गर्नेछौं । ओजपूर्ण बहस गरेर सडकको आन्दोलनसँग जोड्नुपर्ने आवश्यकता छ ।

**० तपाइँका राजनीतिक एजेण्डाहरु के-के छन् ?**

– अहिले सामान्य अवस्थाको निर्वाचन होइन । अहिले मुलुकमा विचार, सिद्धान्त, दर्शनको संकटको अवस्था छ । समाजमा रहेका समस्याहरुलाई सदनमा नीतिगत बहसमा कसरी ल्याउन जरुरी छ । अहिले राजनीतिक दलहरुको चुनावी घोषणापत्र हेर्दा ठूल-ठूला आश्वासनहरु मात्रै छन् । हामी जनताका जीवनसँग जोडिएका आधारभूत आवश्यकताहरु कसरी पूरा गर्ने, शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रमा युगान्तकारी परिवर्तन कसरी गर्ने लगायतका विषयमा सदनमा नीतिगत बहस चलाउने छौं । अहिले सरकारी अस्पतालहरुको अवस्था अत्यन्तै दयनीय छन् । तसर्थ, जमिनमा देखिएका समस्याहरुलाई एजेण्डा बनाएर नीति बनाउन सकियो भने अर्थपूर्ण निकास दिन सकिन्छ ।

**० तपाइँ मत माग्न जाँदा मतदातालाई के आश्वासन दिनुहुन्छ ?**

– अहिले दलहरुबाट उठेका उम्मेद्वारहरुलाई यतिसम्म सामान्य ज्ञान छैन कि यो निर्वाचन के हो । जनतालाई सुसूचित विकास भनेको हो, रोजगारी सिर्जना कसरी गर्ने, दीगो विकासको अवधारणा के हो, कृषिलाई आधुनिकीकरण कसरी गर्ने, मलखादको अभावलाई कसरी पूर्ति गर्ने र त्यसको दीर्घकालीन समाधान के हो लगायतका विषयमा ती दलका उम्मेद्वारहरुसँग कुनै विकल्प छैन । विकासका साना-साना परियोजनाका लागि स्थानीय सरकार छ । सदन भनेको नीतिगत कुरामा पोख्त समाधानका विषयमा बनाउने थलो हो । तर अहिले उम्मेद्वारहरुले सडक बनाइदिन्छु, रोजगारी दिन्छु लगायतका सामान्य आश्वासनहरु दिइरहेका छन् । मेरो चुनावी अभियान अलि फरक छ । मैले आमजनतालाई बुझाउन खोजिरहेको छु कि यो चुनाव के हो, विकासको एजेण्डाभन्दा पनि तपाइँका समस्याहरुलाई दीर्घकालीन समाधानका लागि नीतिगत छलफल गर्न सक्ने उम्मेद्वारलाई मतदान गर्नुस् भन्ने कुराको जागरण फैलाइरहेको छु । अहिले यदि गलत प्रतिनिधिहरु चुनिएर गए भने मुलुक पाँच वर्ष मात्रै होइन, ५० वर्षसम्म समस्याग्रस्त हुन्छ ।

**० तपाइँ जतिसुकै सैद्धान्तिक कुरा गरेपनि पैसाको बलमा चुनाव जितिन्छ नि ?**

– यो चुनाव मेरो लागि जीत वा पराजयको मात्रै कुरा होइन । यो चुनाव मेरो लागि एउटा आन्दोलन, सचेत विद्रोह वा असहमतिको आह्वान पनि हो । म यदि नजिते पनि निरन्तर जमिनस्तरमा सडकमा नीतिगत बहस चलाउँछु । तपाइँसँग यदि इच्छाशक्ति छ भने जनताको बीचमा रहेर पनि काम गर्न सक्ने अवस्था छ । यो मेरो अभियान भनेको जमिनसँगको सुदृढ र अर्थपूर्ण सम्वादको रुपमा लिएको छु । जनता यदि सचेतनपूर्ण तरिकाले उम्मेद्वारहरुको पृष्ठभूमिबारे अध्ययन गऱ्यो भने सही र योग्य प्रतिनिधि निर्वाचित हुनेछन् । मेरो पृष्ठभूमि भनेको निरन्तर दुई दशकदेखि देश र मधेशका मुद्दाबारे वैचारिकरुपमा काम गर्दै आएको छु । त्यसकारणले विजयी हुन्छ भनेर आफ्नो दाबेदारी प्रस्तुत गरेको हुँ । मलाई आशा छ यो कुराको मूल्यांकन मतदाताले अवश्य गर्नेछन् ।

**० तपाइँको विजय हुन्छ भन्नेमा विश्वस्त हुनुहुन्छ ?**

– यदि मतदाताले मेरो कार्यको सही मूल्यांकन गऱ्यो भने निश्चितरुपमा म विजयी हुन्छु ।

**० तपाइँ विजयी हुनुहुन्छ भन्ने आधारहरु के-के छन् ?**

– म अन्य उम्मेद्वारहरुभन्दा तुलनात्मकरुपमा जमीनसँग बढी जोडिएको छु । अन्य उम्मेद्वारहरुसँग एउटा ठूलो झुण्ड छ । अर्को कुरा तिनीहरुले करोडौं-करोड रुपैयाँ खर्च गरिरहेका छन् । तर, जनतामा अहिले दलप्रति एउटा आक्रोश देखिएको छ । यस्तो अवस्थामा मैले आफ्ना एजेण्डाहरु जनतामाझ पुऱ्याउन सकें भने हाम्रो जीत सुनिश्चित छ । तर, हाम्रो लागि चुनौतिपूर्ण छ कि कम संसाधनलाई उपयोग गरेर कसरी जनतासमक्ष पुऱ्याउने ।

**० तपाइँको एजेण्डाबाट आममतदाता सचेत भइरहेका छन् ?**

– जनताको सचेतनको सापेक्ष ढंगबाट विश्लेषण गर्नुपर्छ । पहिलेको चुनावभन्दा यसपटक जनता बढी सुसूचित छन् । एउटा कुरा सत्य हो कि पैसा र नेटवर्कले काम गर्दोरहेछ । यस्तो अवस्थामा जित्ने प्रयास त गर्ने नै हो । जित्नका लागि अनावश्यक संसाधन प्रयोग गर्ने, झुठा आश्वासन बाँड्ने लगायतका कामहरु कहिल्यै पनि गर्दिन । किनभने गलत तरिकाबाट प्राप्त गरेको साध्य दीगो हुँदैन । त्यसकारण चुनाव जीत वा पराजयभन्दा पनि भोलिको दिनमा परिवर्तनको संघारमा रहेको समाज, देश र राजनीतिमा आफूले पाएको मतलाई कसरी प्रयोग गर्ने । हामीले पाएको मतादेशलाई परिवर्तनका लागि कसरी सदुपयोग गर्ने त्यो वृहत् कार्ययोजनासहित प्रस्तुत भएको हुँ । त्यसकारणले मेरो उम्मेद्वारी भनेको एउटा आन्दोलनको आरम्भ पनि हो ।

# गत निर्वाचनमा गरेको अधिकांश प्रतिबद्धता पूरा गरेको छु



**सुरेश मण्डल**
**प्रदेशसभा सदस्य उम्मेद्वार, सिरहा ४ (ख), मधेश प्रदेश**
**जनता समाजवादी पार्टी नेपाल**

**जनता भनेको सर्वोपरि हो । यो अधिकार जनतामै छोडिदिउँ । अहिले यहाँ जति पनि उम्मेद्वारहरु छन्, त्यसमा सबैभन्दा बढी पढेलेखेका, योग्य र पाँच वर्षको अनुभव भएको उम्मेद्वार हुँ । जमीनका मुद्दाहरु संसदमा उठाउन सक्ने क्षमता भएकोले र अरुभन्दा फरक तरिकाले काम गरेकोले जनताले पुनः मलाई जिताउँछन् भन्नेमा विश्वस्त छु ।**

**० दोस्रो कार्यकालका लागि प्रदेशसभा सदस्य तपाईंको उम्मेद्वारी फेरि किन ?**

– विगत पाँच वर्षको कार्यकालमा मैले जे भनेको थिएँ, त्यसमा अधिकांश कुराहरु पूरा गरेको छु । हाम्रो नारा थियो, अब कि बार मधेश सरकार अर्थात् अब हामी मधेश सरकार बनाउँछौं । त्यो कुरा हामीले पूरा गऱ्यौं । त्यस्तै, मधेश आन्दोलनको सबभन्दा ठूलो एजेण्डा मधेश प्रदेश नामाकरण, त्यसमा पनि सफल भयौं । त्यसकारणले हामी मधेशी जनताको चाहना र इच्छाबमोजिम नामाकरण र राजधानी टुंग्यायौं । मैले संसदमा खेल्नुपर्ने भूमिकामा खरोरुपमा प्रस्तुत भएँ । मैले युवाको सवाल, छुवाछुत लगायतका विषयमा संसदमा आवाज उठाएँ । म करिब तीन वर्षसम्म वन, पर्यटन तथा उद्योग राज्यमन्त्रीको रुपमा काम गरें । सो क्रममा मैले मधेश प्रदेशभरि १३ लाख वृक्षरोपण गरें । पर्यावरणका निम्ति एकदमै जरुरी थियो । म राज्यमन्त्री हुँदा आफ्नो निर्वाचन क्षेत्र नभई आठवटै जिल्लामा काम गरेको छु । सिरहा जिल्लाको सर्वाङ्गिण विकासमा मेरो योगदान छ । मेरो निर्वाचन क्षेत्रमा १९ वडा छन्, हरेक टोलमा मैले विकास निर्माणका चार/पाँच वटा काम गरेको हुँ । मेरो क्षेत्रमा पक्की सडक के हो भन्ने कुरा मैले नै निर्माण गरेको हुँ, यस अगाडि कसैले पनि गरेका थिएनन् । हरेक टोलमा सामुदायिक भवन, विद्यालय भवन, स्वास्थ्य भवन, सिंचाइ योजना, बोरिङ्ग जडान लगायतमा काम गरें । यो क्षेत्र ग्रामीण भएकोले यहाँ एम्बुलेन्सको ठूलो समस्या थियो । मैले सुविधा सम्पन्न एम्बुलेन्स ल्याएँ । त्यस्तै, अपाङ्गता भएकाहरुका लागि ह्वीलचेयरको व्यवस्था गरें । यस्तै, हरेक चौक-चौकमा सोलर बत्ती जडान गरें । त्यसैले यो क्षेत्रमा मैले राम्रो काम गरेको छु । दलित र गरीबका लागि मैले यो क्षेत्रमा ४१० वटा घरहरु बनाएको छु । विकासको सवालमा कसैले पनि ममाथि औंला उठाउने ठाउँ छैन । पहिला एउटा चलन थियो कि चुनावमा मात्रै नेता देखा पर्ने, तर म निरन्तर जनताकै बीचमा रहेर काम गर्दै आएको छु ।

**० तपाईंले त धेरै काम गरेको भन्नुभयो, त्यसो हो भने मतदाताले यसपटक पनि तपाईंलाई जिताउँछन् त ?**

– जनता भनेको सर्वोपरि हो । यो अधिकार जनतामै छोडिदिउँ । अहिले यहाँ जति पनि उम्मेद्वारहरु छन्, त्यसमा सबैभन्दा बढी पढेलेखेका, योग्य र पाँच वर्षको अनुभव भएको उम्मेद्वार हुँ । जमीनका मुद्दाहरु संसदमा उठाउन सक्ने क्षमता भएकोले र अरुभन्दा फरक तरिकाले काम गरेकोले जनताले पुनः मलाई जिताउँछन् भन्नेमा विश्वस्त छु ।

**० तपाईंले गत निर्वाचन गर्नुभएको अधिकांश प्रतिबद्धता पूरा गरेको भन्नुभयो, गर्न बाँकी रहेका प्रतिबद्धताहरु के-के छन् ?**

– यहाँ धेरै ठूल-ठूला नेताहरु आए चुनाव जितेर गए तर कसैले गर्न नसकेको काम, यो क्षेत्रको कायापलट हुने गरी, यहाँको जीवनशैलीमा परिवर्तन ल्याउने मिर्चैया-कल्याणपुर र सिरहादेखि २४ किलोमिटर आधुनिक सडक बनाउँदैछु । त्यसको टेण्डर भइसकेको छ, प्रक्रिया पनि सुरु भइसकेको छ । यो निर्माण भयो भने यो क्षेत्रको जनताका लागि धेरै ठूलो उपालब्धि हुनेछ । यहाँको आर्थिक जीवनशैली, व्यापार, रोजगार सबै प्रकारको कायापलट हुनेछ । यो मेरो ड्रिम प्रोजेक्ट थियो, जुन अहिले कार्यान्वयन हुन गइरहेको छ । अर्को कुरा, यो ग्रामीण भेग भएकोले यहाँ १२ कक्षासम्म मात्र चेलिबेटीहरु पढ्न पाउँछन् । चेलिबेटीको त्यसपछि पढाई निरन्तरताका लागि मैले डिग्रीसम्म पढाई हुने एउटा बहुमुखी क्याम्पसको अवधारणा ल्याएको छु । यो मेरो सपना हो र यसलाई पूरा गर्छु । यो क्षेत्रमा एउटा पनि सुविधासम्पन्न अस्पताल छैन । त्यसकारण मेरो दुईटा ड्रिम प्रोजेक्ट रहेको छ, एउटा प्रादेशिकस्तरको बहुमुखी क्याम्पस र अर्को सय बेडसम्मको सुविधासम्पन्न अस्पताल निर्माण गर्ने । बाँकी धेरै कामहरु पनि छन् ।

**० तपाईंका चुनावी प्रतिबद्धताहरु के-के छन् ?**

– मैले चुनावी घोषणाकै रुपमा यो क्षेत्रमा एउटा प्रादेशिकस्तरको बहुमुखी क्याम्पस र सय बेडको सुविधासम्पन्न अस्पताल निर्माण गर्ने रहेको छ । अर्को, यो क्षेत्रको लाइफलाइनको रुपमा निर्माण प्रक्रियाको क्रममा रहेको आधुनिक सडकलाई दुई वर्षभित्रै सम्पन्न गराउने मेरो प्रतिबद्धता रहेको छ । यसका अलावा अन्य पनि धेरै प्रतिबद्धताहरु छन् । समयको गतिसँगै वैज्ञानिकता र आधुनिकता केही आयो भने त्यो पनि म गरुँला । मप्रति जनताको कुनै गुनासो छैन । किनभने मैले गत निर्वाचनमा गरेको प्रतिबद्धतामध्ये अधिकांश पूरा गरिसकेको छु ।

**० तपाईंले सामाजिक सञ्जालमा ...हामीले व्यवस्था परिवर्तन गऱ्यौं, अब अवस्था परिवर्तन गर्छौं❑ भनेर लेख्नुभएको छ । त्यो के हो ?**

– मधेश आन्दोलनको म एउटा 'युथ कमाण्डर' थिएँ । मेरो नेतृत्वमा मधेश आन्दोलन भएको थियो । त्यो आन्दोलनबाट हामीले सदियौंदेखि केन्द्रित रहेको सत्तालाई भत्काएर संघीय लोकतान्त्रिक गणतन्त्र ल्यायौं । अहिले यो देशमा सात वटा प्रादेशिक संरचना छ । त्यो व्यवस्था हामीले परिवर्तन गऱ्यौं । अब अवस्था परिवर्तन गर्नुछ, त्यो भनेको आमनागरिकको जीवनशैलीमा परिवर्तन हो । अब हामीले विकास र समृद्धिको सवालमा काम गर्छौं । त्यसपछि हामीले सुशासनको सवालमा काम गर्छौं । जहाँ पायो त्यहीं भ्रष्टाचार, अनियमितता छ । त्यसलाई नियन्त्रण गर्ने ।

**० तपाईंकै मुख्यमन्त्री कार्यालयमा करोडौं भ्रष्टाचार भएको आरोप छ, अनि तपाईंले भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्न सक्नुहुन्छ ?**

– एउटै पार्टी वा घरभित्र फरक-फरक मान्छे हुन्छन् । त्यसभित्र राम्रा मान्छेहरु पनि हुन्छन् । मुख्यमन्त्री कार्यालयमा भ्रष्टाचार भएको भनेर अख्तियारले मुद्दा दर्ता गराएको छ, त्यो कानूनी प्रक्रियामा छ । अहिलेसम्म हामीले कुनै ठाउँमा मुख्यमन्त्री दोषी देखिनुभएको छैन । उहाँमाथि कुनै मुद्दा पनि लागेको छैन । जहाँसम्म मेरो सवाल छ, म सुशासन र समृद्धिको सवालमा डटेर लड्ने मान्छे हुँ । हामी यसमा कुनै सम्झौता गर्दैनौं ।

**० तपाईंहरुले जुन पार्टीलाई जहिले पनि गाली गर्दै थियो, त्यहीं पार्टीसँग चुनावी सहकार्य गर्नुपर्ने बाध्यता किन आयो त ?**

– नेपाली राजनीतिमा गठबन्धनको जुन ट्रेण्ड आयो त्यसको उपज हो जसपा र एमालेबीच चुनावी तालमेल । अन्य दलहरु छुट्टाछुट्टै चुनाव लडेको भए जसपा पनि एक्लै चुनाव लड्न सक्ने क्षमता भएको पार्टी हो । तर जब कांग्रेस लगायतका दलहरु गठबन्धनमा गए, अर्कोतिर एमाले पनि गठबन्धन गर्न लागेपछि हामी पनि कुनै न कुनै गठबन्धनतिर लाग्नुपर्ने बाध्यता थियो । रह्यो कुरा हामी एमालेलाई किन रोज्यौं । हामीले त कांग्रेसको गठबन्धन पनि रोजेका थियौं । तर, जब हामीले हेऱ्यौं कि हामीलाई कांग्रेसले कमजोर बनाउने प्रयास गऱ्यो त्यसपछि हामी अर्कोतिर लागेका हौं । हाम्रो लागि कांग्रेस राम्रो र एमाले खराब भन्ने कुरा हुँदै होइन । नेपालका सम्पूर्ण उत्पीडित, उपेक्षित समुदायका निम्ति कांग्रेस, एमाले, माओवादी सबै एउटै हो । नेपालमा गठबन्धन संस्कार मौलाएको छ, त्यसैले यो बाध्यताको उपज हो ।

**० गत निर्वाचनमा मधेशी गठबन्धन भएको थियो र मधेशी दलको नेतृत्वमा सरकार बन्यो । यो चुनावपछि मधेशी दलको नेतृत्वमा सरकार बन्ने सम्भावना देख्नुहुन्छ ?**

– यो त जनताको हातमा छ । जनताले जुन दललाई बढी जिताउँछ उसको सरकार बन्ला । हामीले यो चुनावमा पनि मधेशी गठबन्धनको प्रयास गऱ्यौं तर लोसपाले अलि बढी भाउ खोज्यो । लोसपा हामीसँग गठबन्धन गर्न चाहेन । हाम्रा अध्यक्ष उपेन्द्र यादवले लोसपा, जनमत लगायत अन्य दलहरु सँगै चुनावमा जाउँ भनेर प्रयास गर्नुभएकै हो । लोसपाको कारणले मधेशी गठबन्धन बन्न सकेन ।

# श्री ५ को सरकार र नेपाल सद्भावना पार्टीबीच भएको सम्झौता

नेपाल सदभावना पार्टीका अध्यक्ष माननीय गजेन्द्र नारायण सिंहलगायत ५ जनाले विभिन्न १० सूत्रीय माग र समस्या राखी २०५० मार्ग २७ गतेदेखि काठमाडौंमा गर्दै आउनुभएको अनसनका सिलसिलामा श्री ५ को सरकार तथा सो पार्टीका प्रतिनिधिहरूबीच हिजोदेखि भएको वार्तामा दुवै पक्ष सहमत भएका बुँदाहरू :

१. नेपाल सद्भावना पार्टीद्वारा राखिएका माग र समस्याहरूको संवेदनशिलताप्रति श्री ५ को सरकारको ध्यान आकृष्ट भएको छ ।

२. नेपाल सद्भावना पार्टीद्वारा राखिएका मागहरूमध्ये मुलुकको संविधानसम्मत मागहरू क्रमिक रूपबाट समाधान गर्नका लागि दुवै पक्षबीच वार्ता गर्ने ।

३. खण्ड (२) बमोजिमको वार्ताको लागि एक हप्ताभित्रै दुवै पक्ष सम्मिलित वार्ता टोली गठन गर्ने ।

४. श्री ५ को सरकारबाट भएको आग्रहलाई स्वीकार गर्दै नेपाल सद्भावना पार्टीका नेताहरूद्वारा २०५०/०८/२७ देखि सुरू गरिएको अनसन र अन्य विरोध कार्यक्रम आजैदेखि फिर्ता लिने ।

श्री ५ को सरकारको तर्फबाट

१. मा. मन्त्री श्री शेरबहादुर देउवा

२. मा. राज्यमन्त्री श्री महेश आचार्य

३. माननीय श्री अर्जुननरसिंह के.सी., सदस्य प्रतिनिधि सभा ।

नेपाल सद्भावना पार्टीको तर्फबाट

१. माननीय श्री हृदयेश त्रिपाठी, सदस्य प्रतिनिधि सभा एवं महामन्त्री, नेपाल सद्भावना पार्टी ।

२. श्री राजेन्द्र महतो, प्रवक्ता, नेपाल सद्भावना पार्टी ।

३. श्री गौरीशंकर मोहपाल, संयुक्त महामन्त्री, नेपाल सद्भावना पार्टी ।

मिति : २०५०/०९/०५

# श्री ५ को सरकार र नेपाल सद्भावना पार्टीबीच भएको सम्झौता

श्री ५ को सरकारको ध्यानाकर्षणका लागि नेपाल सद्भावना पार्टीद्वारा विभिन्न मागहरू राखी चरणबद्ध रूपबाट गर्दै आएको तेस्रो चरणको कार्यक्रम अनिश्चितकालीन भूख हड्तालको सिलसिलामा आज २६ कार्तिक २०५५ का दिन श्री ५ को सरकारको प्रतिनिधि र नेपाल सद्भावना पार्टीको प्रतिनिधिबीच निम्न सहमतिमा समाप्त भएको छ ।

१. नेपाल सद्भावना पार्टीद्वारा ०५५ भाद्र १ गते सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुत ज्ञापन-पत्रमा उठाइएका मागसँग सम्बन्धित संविधान संशोधनको विषयमा श्री ५ को सरकारले सबै राष्ट्रिय मान्यता प्राप्त दलहरूको बीच उपयुक्त निकासको खोजी गर्न आवश्यक विचार विमर्श गरी पहल गर्नेछ ।

२. बेराजगारी समस्या हटाउन र महँगीलाई नियन्त्रण गर्न श्री ५ को सरकार पूर्ण रूपले कटीबद्ध रहेको छ र यसलाई समाधान गर्न सरकार निरन्तर प्रतिबद्ध रहनेछ ।

३. कार्तिक २३ गते नेपाल सद्भावना पार्टीद्वारा सञ्चालित कार्यक्रमको सिलसिलामा सुनसरी, नवलपरासीलगायतका जिल्लाहरूमा प्रहरीद्वारा भएको लाठीचार्जबारे श्री ५ को सरकारद्वारा १५ दिनभित्र वास्तविकता छानबिन गरिनेछ र यस सन्दर्भमा गिरफ्तार भएका नेपाल सद्भावना पार्टीका कार्यकर्ताहरूलाई २४ घन्टाभित्र रिहा गरिनेछ ।

श्री ५ को सरकारको तर्फबाट

अर्जुननरसिंह के.सी.
शिक्षामन्त्री
शिक्षा मन्त्रालय

नेपाल सद्भावना पार्टीको तर्फबाट

श्री रामेश्वरराय यादव
उपाध्यक्ष
श्री शैलेशकुमार चौधरी
महा-सचिव
श्री भोगेन्द्र ठाकुर
संयुक्त महा-सचिव

मिति : २०५५/०७/२६

# नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपाल बीच भएको सम्झौता

*२०६४ जेष्ठ १८ बाट सुरू भई विभिन्न चरणमा भएको छलफल र सहमतिको आधारमा २०६४/०५/१३ मा सम्पन्न सम्झौता*

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ कै निरन्तरताका रूपमा भएको मधेशी जनताको आन्दोलनको भावनालाई हृदयंगम गर्दै मुलुकमा लामो समयदेखी मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अल्पसंख्यक, मुस्लिम समुदाय समेतका विरूद्ध केन्द्रिकृत र एकात्मक राज्यद्वारा गरिदै आएको विभेदका सबै रूपहरूलाई अन्त्य गर्नका निम्ति र समावेशी लोकतन्त्र तथा संघीय ढाँचामा राज्यलाई पुन:संरचना गर्दै मधेशी लगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूल प्रवाहमा समाहित भएर अघि बढ्ने वातावरण बनाउनका निम्ति नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालका बीच आज निम्न बमोजिम सम्झौता भएको छ ।

१. मधेश आन्दोलनको क्रममा शहिद भएकाहरूलाई सम्मान गर्दै निजका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने सरकारी निर्णयलाई तत्काल कार्यान्वयन गर्ने ।

२. मधेश आन्दोलनको क्रममा घाइते, अन्धा, अपाङ्ग भएकाहरूलाई राहत उपलब्ध गराउने र अझै उपचार हुन बाँकी रहेका घाइतेहरूलाई तत्काल औषधोपचारको व्यवस्था मिलाउने ।

३. मधेश आन्दोलनको सिलसिलामा फोरमका नेता तथा कार्यकर्ताहरूमाथि लगाइएका मुद्दाहरू खारेज गर्ने ।

४. देशमा युगौंदेखि बहीस्करणमा पारिएका मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अपाङ्ग, अल्पसंख्यक समुदाय, मुसलमान आदि समुदायहरूको राज्यका सम्पूर्ण संरचनाहरूको सबै अंग र तहका साथै शक्ति, साधन र स्रोतमा सन्तुलित समानुपातिक प्रतिनिधित्व र साझेदारी गर्ने ।

५. राज्यको पुन:संरचना सम्बन्धी आयोग तत्काल गठन गर्ने र सो आयोगमा समावेशीय रूपमा विशेषज्ञहरू रहने समेत व्यवस्था गर्ने ।

६. राज्यको पुन:संरचना गर्दा नेपालको सार्वभोमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्ततायुक्त प्रदेशहरू सहितको संघीय शासन प्रणालीको व्यवस्था गरिने छ । उक्त स्वायत्तताको अधिकार, प्रकृति र सीमा संविधान सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

७. मधेशीहरूको भेषभुषा, भाषा, संस्कृतिलाई राष्ट्रिय मान्यता दिने ।

८. नेपाल सरकारद्वारा गरिने सबै राजनीतिक नियुक्ति, वैदेशिक सेवा र शिक्षा लगायतका सेवाहरूका साथै आयोगहरूमा समुचित समानुपातिक प्रतिनिधित्व गर्ने ।

९. मुस्लिमहरूको मुख्य चाड पर्वहरूमा सार्वजनिक बिदा दिने, मदरसा बोर्ड लगायत निजहरूको जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति र रीतिरिवाज सुरक्षित गर्न कानुन तर्जुमा गर्ने ।

१०. जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति, राष्ट्रिय तथा सामाजिक उत्पत्ति, राजनीतिक तथा अन्य विचार आदिको आधारमा गरिने सबै खाले विभेद अन्त्य गरी मानव अधिकारको पूर्ण प्रत्याभूति गर्ने ।

११. सरकारी काम काज, शिक्षा तथा अन्तर्राष्ट्रिय सम्पर्क गर्दा (क) मातृभाषा (ख) नेपाली भाषा र (ग) अंग्रेजी भाषाको त्रिभाक्षीय नीति कायम गर्ने ।

१२. दलित समस्या समाधान गर्न : (क) जातीय विभेद र छुवाछुत गर्नेलाई कडा कानुनी दण्डको व्यवस्था गर्ने । (ख) दलितलाई नि:शुल्क र कम्तिमा अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
(ग) शिक्षा र रोजगारीमा विशेष अवसर र आरक्षणको व्यवस्था गर्ने । (घ) भूमिहीन दलितलाई आवासको लागि भूमिको व्यवस्था गरी वैकल्पिक जीविकोपार्जनको व्यवस्था गर्ने ।

१३. नागरिकताबाट अझै वञ्चित रहेका नागरिकहरूलाई नागरिकता प्रमाण पत्र सरल र सुलभ तरिकाबाट वितरण गर्न नागरिकता टोली पुन: गाउँ गाउँमा पठाई नागरिकता समस्या समाधान गर्ने ।

१४. मधेश तथा विकट क्षेत्रलाई राज्यबाट प्राप्त राजस्व र आम्दानीको बाँडफाँडमा सन्तुलित एवं न्यायोचित वितरण नीति अपनाउने ।

१५. नेकपा (माओवादी) द्वारा कब्जा गरिएका घर, जग्गा र सम्पत्ति फिर्ता गर्ने गराउने क्रम जारी रहेको र उनीहरूद्वारा कब्जा गरिएका हातहतियार समेत हकवालालाई फिर्ता गराउने कार्यलाई तदारूकताका साथ अगाडि बढाउने ।

१६. औद्योगिक उत्पादन वृद्धिका साथै देशलाई औद्योगीकरण गर्न र औद्योगिक सुरक्षाको प्रत्याभूति गर्न औद्योगिक सुरक्षाबल गठन गर्ने ।

१७. संविधानसभाको निर्वाचन निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न दुवै पक्ष प्रतिबद्ध रहने । संविधानसभाको निष्पक्षताका लागि वर्तमान व्यवस्थापिका संसद लगायतले राज्यको साधन, स्रोत र शक्तिको दुरूपयोग गर्न नपाउने गरी रोक्न लगाउन आवश्यक व्यवस्था गर्ने ।

१८. सरकारी संचार माध्यमहरू टीभी, रेडियो, छापा लगायत सबै अंग र तहमा मधेशी संचारविद् एवं पत्रकारहरूको संचार मन्त्रालयबाट नियुक्ति र सरकारी संचार आयोग, निकायहरू तथा प्रतिनिधिमण्डलमा मधेशीहरूको समानुपातिक समावेशी सहभागिता गराउँदै जाने ।

१९. मधेशी युवा फोरमको उपत्यका अध्यक्ष जीतेन्द्र साहलाई अपहरणकारीहरूले अपहरण गरी बेपत्ता बनाइएकोमा निजको खोजतलास र विशेष अनुसन्धान गर्न खोजी दल बनाई यथाशीघ्र स्थिति सार्वजनिक गर्ने ।

२०. मधेशी, आदिवासी/जनजाति, दलित, महिला आदिलाई राज्यको हरेक अंग र तहमा समावेशीकरण गर्न आवश्यक नीति निर्धारण र कानुनको तर्जुमा गर्न उच्चस्तरीय समावेशीकरण कार्यदलको गठन तुरून्त गर्ने ।

२१. अल्पसंख्यकहरूको अधिकार सम्बन्धमा राष्ट्रसंघीय तथा अन्तर्राष्ट्रिय मानवअधिकारको मान्यता अनुरूप जातीय, भाषिक र धार्मिक अल्पसंख्यकहरूको अधिकारको संवैधानिक प्रत्याभूति गर्ने ।

२२. मधेशी जनअधिकार फोरमद्वारा संचालन गरिदै आएको विभिन्न आन्दोलनलाई फिर्ता लिने । उपर्युक्त सहमतिलाई नेपाल सरकारले तत्काल गर्न सकिने कार्यहरूलाई तत्काल गर्ने र तत्काल गर्न नसकिने प्रावधानलाई उपर्युक्त समयभित्र गरी सक्ने । कार्यान्वयनका लागि आवश्यक कार्यका साथै रेखदेख गर्न र समय समयमा कार्यान्वयनको समीक्षा गर्न संयुक्त अनुगमन संयन्त्रको निर्माण गर्ने ।

उपेन्द्र यादव
संयोजक
मधेशी जनअधिकार फोरम, नेपाल

रामचन्द्र पौडेल
संयोजक
सरकारी वार्ता टोली

नोट : मधेशी जनअधिकार फोरम, नेपालले गणतन्त्रको स्थापना, समानुपातिक निर्वाचन प्रणालीजस्ता महत्वपूर्ण विषयहरूलाई आफ्ना मागका रूपमा यथावत् राखी संविधानसभाको निर्वाचनलाई उच्च प्राथमिकता दिई सहभागी भई यसलाई सफल बनाउन प्रयत्नशील रही रहनेछ ।

मिति : २०६४/०५/१३

# नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बीच सम्पन्न सम्झौता

नेपालमा मधेशी जनताले आफ्नो समान अधिकारका लागि समय समयमा गर्दै आएको संघर्ष र आन्दोलनको क्रममा व्यक्त जनभावना एवं आकांक्षालाई सम्मान गर्दै मुलुकका सम्पूर्ण जनतालाई समानता, स्वतन्त्रता र न्यायको प्रत्याभूति गराउनका साथै सबै प्रकारका विभेदलाई अन्त्य गर्दै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य, बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई सुनिश्चित गर्नका लागि नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच तत्काल लागु हुने गरी यो सम्झौता गरिएको छ । सम्झौताका विषयहरू देहाय बमोजिम छन् ।

१. मधेश आन्दोलनका क्रममा शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषण गर्ने र हालसम्म राहत नपाएका अङ्गभङ्ग भएकाहरूलाई उचित राहत राज्यले उपलव्ध गराउने छ । यसै क्रममा आन्दोलनमा घाइते भएकाहरूको उपचार खर्चको व्यवस्था र शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषणा गरी आश्रित परिवारलाई रू. १० लाखका दरले राहत उपलव्ध गराउने तथा गिरफ्तार व्यक्तिहरूलाई तत्काल रिहा गरिनेछ ।

२. मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहना लगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेश सहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । संघीय संरचनामा केन्द्र र प्रदेशका बीच स्पष्ट रूपमा शक्तिको बाँडफाँड सूचीको आधारमा गरिनेछ । प्रदेशहरू पूर्णरूपले स्वायत्त र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण राख्दै स्वायत्त प्रदेशहरूको संरचना, केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ ।

३. संविधान सभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा १४ मा रहेको २० प्रतिशतको वर्तमान कानुनी व्यवस्थाको सट्टा ३० प्रतिशत गरिनेछ ।

४. सरकारले सुरक्षा अङ्ग लगायत राज्यका सबै निकायहरूमा मधेशी, आदिवासी-जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसंख्यक समुदायको समावेशी समानुपातिक सहभागिता हुने गरी सरकारले नियुक्ति, बढुवा र मनोनयन अनिवार्य रूपले गर्नेछ ।

५. नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेशी लगायत अन्य समुदायको समानुपातिक समावेशी र समूहगत प्रवेशलाई सुनिश्चित गरिनेछ ।

६. नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, तराईमा संघर्षरत सबै सशस्त्र समूहहरूलाई शान्तिपूर्ण राजनीतिक प्रक्रियाका लागि वार्तामा आउन आग्रह गर्दै वार्ताबाट सबै समस्या समाधान गर्न आग्रह गर्दछ । यसको लागि नेपाल सरकारले तत्कालै अनुकुल वातावरण बनाउन आवश्यक कदम चाल्नेछ । आगामी चैत २८ गतेको संविधानसभा निर्वाचन शान्तिपूर्ण, निष्पक्ष, भयमुक्त वातावरणमा सम्पन्न गर्न सबैलाई अपील गर्दछौं ।

७. सरकार र मधेशी जन अधिकार फोरम बीच २०६४ भाद्र १३ गते भएको २२ बुँदे सम्झौता अनुरूप बन्दी राखिएकाहरूको यथाशिघ्र रिहाई, फोरम लगायत अन्य मधेशी नेता तथा कार्यकर्ताहरू माथि लगाइएको मुद्दाहरू अविलम्ब फिर्ता गर्ने तथा सम्झौताका बाँकी बुँदाहरू नेपाल सरकारले अविलम्ब कार्यान्वयन गर्नेछ ।

८. संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आह्वानमा जारी रहेका आन्दोलनका सबै कार्यक्रमहरू तत्काल फिर्ता लिइएको छ ।

यस सम्झौतामा उल्लेख गरिएका विषयहरूको संवैधानिक, कानूनी, राजनैतिक एवं प्रशासनिक आदि जिम्मेवारी नेपाल सरकारको रहने छ । सम्झौताको कार्यान्वयन अनुगमन गर्नका लागि सरकारले मोर्चासमेत सम्मिलित एक उच्च स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

**सम्झौतामा हस्ताक्षर गर्नेहरू**

राजेन्द्र महतो
राष्ट्रिय अध्यक्ष
सद्भावना पार्टी

उपेन्द्र यादव
केन्द्रीय संयोजक
मधेशी जन अधिकार फोरम, नेपाल

महन्थ ठाकुर
अध्यक्ष
तराई मधेश लोकतान्त्रिक पार्टी

गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री
नेपाल सरकार
२०६४ फागुन १६ गते

## शान्ति, संविधान र संयुक्त सरकार सञ्चालनका लागि एकीकृत नेकपा माओवादी र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएको सहमति

संविधानसभा व्यवस्थापिका संसद्मा नयाँ प्रधानमन्त्री चयनका लागि २०६८ भदौ ११ गते हुने निर्वाचनमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा सम्बद्ध दलहरूले एकीकृत माओवादीका तर्फबाट उम्मेदवार रहनुभएका माननीय डा. बाबुराम भट्टराईका पक्षमा मतदान गर्ने निर्णय गरेकोमा माओवादी पार्टीले यसलाई हार्दिकताका साथ स्वागत गरेको छ ।

मुलुकको विद्यमान मुख्य विषय नै शान्ति प्रक्रियालाई विस्तृत शान्तिसम्झौताको मर्मअनुसार सार्थक निष्कर्षमा पुऱ्याउनु र राष्ट्रिय सहमतिका आधारमा राज्यको रूपान्तरणसहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान, संविधानसभाबाटै निर्माण गर्नु रहेकोमा हामी दुवै पक्षबीच सहमति कायम भएको छ :

१. माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनर्स्थापनाबारे : नयाँ सरकारको सेनाको लडाकुहरूको समायोजन र पुनर्स्थापनाबारे नयाँ सरकारको प्रथम कार्यभार शान्तिप्रक्रिया पूरा गर्नु र नयाँ संविधान निर्माण गर्नु हो । यस सन्दर्भमा गत भदौ ८ मा एकीकृत माओवादीका तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धतामा सकारात्मक रूपमा परिमार्जन गरिनेछ । यसबारे हाल राजनीतिक सहमति हुन नसकेको मुख्य विषय: (१) निश्चित एकाइमा समायोजन गर्ने भनिएको (२) कुन तहसम्मका लडाकु कमान्डरहरूको समायोजन हुने (३) समायोजित हुने यस्ता सम्भाव्य कमान्डरहरूको समायोजित हुने निकायमा तह निर्धारण (४) समायोजित हुने लडाकु संख्यालाई सात हजारसम्म निर्धारण गर्न प्रयत्न गर्ने (५) समायोजित सेनाको जिम्मेवारी जिम्मेवारी निर्धारण (६) पुनर्स्थापनाका प्याकेज र (७) वर्गीकरणपछि लडाकु, हतियार, कन्टेनरको हस्तान्तरणजस्ता विषयलाई थप स्पष्ट गरी आवश्यक परिमार्जन गरिनेछ । माओवादी सेनाका लडाकुहरूको समायोजनसम्बन्धि सबै निर्णय संविधानमा व्यवस्था भएको विशेष समितिबाट नै गरिनेछ ।

२. शान्तिप्रक्रियाका बाँकी कामहरूबारे : यस सन्दर्भमा मिति २०६८ भदौ ८ गते एकीकृत नेकपा (माओवादी) का तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धतामा उल्लिखित कार्यभार सम्पादन गर्ने सन्दर्भमा कुनै पनि रूपमा कसैलाई पनि उसको कानुनअनुसार स्वामित्वको सम्पत्तिबाट बेदखल गरिनेछैन । माओवादी युद्धकाल, जनआन्दोलन, मधेश आन्दोलन, जनजाति आन्दोलन, थरूहट आन्दोलन र अन्य समुदायद्वारा न्यायोचित मागका लागि भएका आन्दोलनहरूका दौरानमा राज्यद्वारा पीडित भएकाहरूलाई विशेष राहतको व्यवस्था गर्ने । माओवादी युद्धकाल, मधेश आन्दोलन, जनजाति आन्दोलन, थरूहट आन्दोलन, दलित आन्दोलन, पिछडा वर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनका दौरान लगाइएका मुद्दाहरूसमेत खारेज गर्ने र माफी दिने प्रक्रिया थालिनेछ ।

३. संविधानबारे : यस सन्दर्भमा मिति २०६८ भदौ ८ गते एकीकृत नेकपा(माओवादी) का तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धतामा उल्लिखित कार्यभारहरू सम्पादन गर्ने र नयाँ संविधानमा लोकतन्त्रको विश्वव्यापी मान्यताअनुरूप आधारभूत मानवअधिकार, जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता, संवैधानिक सर्वोच्चता, विधिको शासन, प्रेसस्वतन्त्रता, स्वतन्त्र र उत्तरदायी न्यायपालिका, समावेशी लोकतान्त्रिक गणतन्त्र, स्वायत्त प्रदेश र आत्मनिर्णयको अधिकारसहितको संघीय शासनप्रणाली नागरिक सर्वोच्चता तथा प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणाली, आवधिक निर्वाचन, सामाजिक न्याय, राष्ट्रिय एकता र अखण्डताको रक्षा तथा मुलुकको एकात्मवादी राज्यव्यवस्थामा अग्रगामी परिवर्तनजस्ता विषयहरूलाई संविधानको आधारभूत संरचनाका रूपमा राखिनेछ । संविधानसभा राज्यको पुनसंरचना समितिद्वारा प्रतिवेदन प्रस्तुत भै संविधानसभाको क्षेत्राधिकारभित्र प्रवेश भैसकेको विषय अब अन्तरिम संविधानमा व्यवस्था रहेको राज्य पुनसंरचना आयोग गठनको औचित्य छैन तर राजनीतिक पक्षहरूको समितिका निकासका अन्य मार्गहरू खोज्ने कुरामा हाम्रो सहमति छ ।

४. साझा सहमतिका अन्य महत्वपूर्ण विषयहरू :

४.१ सार्वजनिक सेवालाई समावेशीकरण गर्न यसअघिको विधेयकलाई मधेशी, जनजाति, थारू, मुसलमान, दलित, महिला र अन्य हकदार समुदायहरूको मागलाई ध्यानमा राखी परिमार्जन गरिनेछ । यसरी परिमार्जन विधेयकलाई सरकार गठन भएको १५ दिनभित्र पारित गर्नका लागि व्यवस्थापिका संसद्मा प्रस्तुत गरिनेछ ।

४.२ नेपालको अन्तरिम संविधान २०६३ को भाग २० मा उल्लिखित व्यवस्था र नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएको आठ सूत्रीय सम्झौताअनुसार नेपाली सेनाको लोकतान्त्रिक संरचना र राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्ने विषयमा प्रतिबद्ध छौं । यसका लागि नेपाली सेनामा अलग एकाइका रूपमा मधेशी समुदायको पहिचान स्थापित गर्दै १० हजारको संख्याबाट भर्ना माग गरिएको सन्दर्भमा हाल निश्चित संख्याको भर्नाबाट समावेशीकरणको तत्काल प्रक्रिया थालिनेछ ।

४.३ लामो समयदेखि रिक्त रहेका विभिन्न संवैधानिक र कुटनीतिक अन्य महत्वपूर्ण पदहरू तत्काल पूर्ति गरिनेछ । यससम्बन्धमा नेपाल सरकारले सरकार गठनको १५ दिनभित्र विधिवत् प्रस्ताव सम्बन्धित निकायमा निर्णयका लागि पेस गर्नेछ ।

४.४ चालु आवको वार्षिक बजेट परिमार्जन गरिनेछ । यस सन्दर्भमा बजेट सुधारका लागि तत्कालीन सरकारले व्यक्त गरेको वचनबद्धता र संसद्मा उठेका मधेशी दलहरूका मागहरूलाई ध्यान दिइनेछ ।

४.५ नेपालका दुवै छिमेकी मित्रराष्ट्रहरूसँगको सम्बन्धमा सुधारमा उच्च प्राथमिकता दिइनेछ । नेपाल र सम्बन्धित मित्रराष्ट्रहरूसँगको दुईपक्षीय सम्मान र हितलाई ध्यानमा राखेर सहमति हुन प्रस्तावित विषयलाई समाधान गरिनेछ ।

४.६ तराई मधेशको सुरक्षा अवस्था सुधारका लागि जनउत्तरदायी सुरक्षा कार्यक्रम ल्याइनेछ । हातहतियारसम्बन्धि ऐन परिमार्जन गरी अर्धन्यायिक निकायबाट हुने कानुनको दुरूपयोग रोकिनेछ ।

४.७ राष्ट्रिय पोसाकका सम्बन्धमा हाल उत्पन्न विवाद समाप्त गर्न मधेशी, आदिवासी जनजाति, थारू, मुसलमान लगायतका समुदायहरूको भावनाविपरीत यसअघिका सरकारबाट भएको त्रुटिपूर्ण निर्णय रद्द गरिनेछ ।

४.८ नेपाली जनता अहिले जनजिविकाका समस्याबाट आक्रान्त छन् । यसबाट जनतालाई राहत दिन नयाँ गठन हुने सरकार, तत्काल नै प्रभावकारी, जनकल्याणकारी विशेष जनता राहत कार्यक्रम ल्याउने विषयमा प्रतिबद्ध छ ।

अन्त्यमा मिति २०६८ भदौ ८ गते एकीकृत नेकपा माओवादीका तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धताअनुसार अन्य विषयको कार्यान्वयन उदाहरणिय रूपमा तथा आमअपेक्षाअनुसार गरिनेछ । माओवादी र मोर्चाको सम्बद्ध दलहरूको नयाँ गठन हुने सरकारले स्विकारेका प्रतिबद्धता, स्विकारिएकै समयवधिमा सम्पन्न गरेर उक्त सरकारमा नै अन्य मुख्य दलहरूलाई सरिक गराउँदै शान्ति तथा संविधान हासिल गरी राष्ट्रलाई नयाँ संविधानअनुसारको सरकार हस्तान्तरण गर्ने ऐतिहासिक दायित्व पूरा गर्नसक्ने विश्वास लिएका छौं ।

**माओवादीका तर्फबाट**
पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष- एकीकृत नेकपा माओवादी

**संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट**
विजयकुमार गच्छदार
अध्यक्ष- मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक)

महन्थ ठाकुर
अध्यक्ष- तराई-मधेश लोकतान्त्रिक पार्टी

राजेन्द्र महतो
अध्यक्ष- सद्भावना पाटी

जयप्रकाश गुप्ता
अध्यक्ष- मधेशी जनअधिकार फोरम (गणतान्त्रिक)

महेन्द्रप्रसाद यादव
अध्यक्ष- तराई मधेश लोकतान्त्रिक पार्टी (नेपाल)

## उपेन्द्र यादव सम्मिलित संघीय लोकतान्त्रिक मधेशी मोर्चा र उच्चस्तरीय राजनीतिक समितिबीच भएको छबुँदे सहमति

१) मंसिर ४ मै निर्वाचन गर्न प्रतिबद्ध रहने ।
२) प्रत्यक्षतर्फ सिट संख्या २ सय ४०, समानुपातिकतर्फ ३ सय ३५ र मन्त्रिपरिषद्ले १० जना मनोनीत गरी ५ सय ८५ सदस्यीय बनाउने ।
३) मतदाता नामावली अद्यावधिक गर्न दुई साता म्याद थपका लागि निर्वाचन आयोगलाई अनुरोध गर्ने ।
४) संविधानका आधारभूत सिद्धानतबारे सहमति कायम गर्ने कार्यअघि बढाउने ।
५) राजनीतिक समिति विस्तार गरी मोर्चा र निर्वाचनमा आउने अन्य महत्वपूर्ण दललाई सहभागी गराउने ।
६) उच्चस्तरीय राजनीतिक समिति र मोर्चा धाँधलीरहित चुनाव गराउन प्रतिबद्ध रहने ।

मिति : २०७० साउन ३१ गते

# झलनाथ खनाल नेतृत्वको सरकारमा जान गरिएको सहमति

**सहमति–पत्र**

आज मिति २०६७ साल चैत ९ गते हामी मुलुकमा तीन प्रमुख दलहरू शान्ति प्रक्रियाको पूर्णता, संविधानसभाबाट नयाँ संविधानको निर्माण, तराई मधेशका समस्याहरूको सम्बोधन र सत्ता साझेदारी अन्तर्गत राष्ट्रिय सहमतिको सरकार गठन गरी अघि बढ्ने सम्बन्धमा निम्न विषहरूमा सहमत भएका छौं :

१) तराई/मधेशको सम्बन्धमा

-२०६४ भदौ १३ गते मधेशी जनअधिकार फोरम नेपाल र २०६४ फागुन १६ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र नेपाल सरकारबीच भएका सम्झौताको कार्यावन्यन गर्न बाँकी रहेका विषयहरू कार्यावन्यन गरिनेछ ।

-नेपालको सर्वभौमसत्ता, एकता एवम् भौगोलिक अखण्डतालाई अक्षुण राख्दै आत्मनिर्णयको अधिकारसहित स्वायत्त मधेश प्रदेशलगायत सबै प्रदेशहरूको स्थापनासम्बन्धी निर्णय संविधानसभाबाट गरिनेछ ।

-समानुपातिक-समावेशी विधेयकलाई यथाशीघ्र पारित गराइनेछ ।

-तराई-मधेश क्षेत्रलाई मरूभूमिकरण हुनबाट रोक्न वन विनास रोकिनेछ । चुरे क्षेत्रमा वन लगाउने काम गरिनेछ तथा गिट्टी, बालुवा, ढुङ्गा, झिक्ने र निर्यात गर्ने कार्यलाई नियन्त्रण गरिनेछ ।

-तराई-मधेश लगायत सबैतिरको वन जंगललगायतका प्राकृतिक सम्पदाहरूको संरक्षण, संबर्द्धन र उपयोग सबै जनतालपे गर्न पाउने गरी आवश्यक व्यवस्था गरिनेछ ।

-नेपाली नागरिकलाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने कामलाई सरल र सहज बनाउने व्यवस्था गरिनेछ ।

- वैज्ञानिक भू-उपयोग नीतिलाई लागु गर्न आवश्यक व्यवस्था गरिनेछ ।

- मुस्लिम आयोग गठन गरिनेछ ।

२) संविधान निर्माणको सम्बन्धमा

-समावेशी चरित्रको संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधान संविधानसभाबाटै समयमै निर्माण गरी जारी गरिसक्नु पर्दछ ।

-संविधानमा विश्वव्यापी मान्यताअनुरूप आधारभुत मानवअधिकार, जनतामा निहीत सार्वभौमसत्ता र राजकीयसत्ता, सवैधानिक सर्वोच्चता, विधिको शासन, प्रेस स्वतन्त्रता, स्वतन्त्र र उत्तरदायी न्यायपालिका, समावेशी लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली, नागरिक सर्वोच्चता तथा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक राजनीतिक प्रणाली, आवधिक निर्वाचन, नागरिक स्वतन्त्रता, सामाजिक न्याय, राष्ट्रिय एकता र अखण्डताको रक्षा तथा अग्रगामी परिवर्तनजस्ता लोकतान्त्रिक मुल्य र मान्यताहरूलाई नयाँ संविधानका आधारभूत संरचनाको रूपमा राखिनेछ ।

३) शान्ति प्रक्रियाको सम्बन्धमा

-मधेशीलगायत सबै समुदायका जनतालाई समानुपातिक-समावेशी सिद्धान्तका आधारमा नेपाली सेनामा भर्तीको लागि आवश्यक व्यवस्था गरिनेछ ।

-विस्तृत शान्ति सम्झौता र विगतमा भएका सहमतिहरूको आधारमा शान्ति प्रक्रियालाई यथाशीघ्र पूर्णता दिइनेछ ।

-तराई/मधेशलगायत देशमा विभिन्न भागमा संघर्षरत रहेका राजनीतिक समूहहरूसित वार्ता गरी राष्ट्रिय राजनीतिको मूल धारमा ल्याउन प्रयत्न गरिनेछ ।

-मुलुकमा बढिरहेको हिंसा, हत्या तथा अपराधीकरण र दण्डहीनताको स्थितिलाई अन्त्य गर्न ठोस योजना र कार्यक्रम तयार गरी कार्यावन्यन गरिनेछ ।

-नयाँ राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरी लागु गरिनेछ ।

४) सत्ता साझेदारीको सम्बन्धमा

-वर्तमान सरकारमा सहभागी भई शान्ति र संविधानको कामलाई पूर्णता दिन व्यवस्थापिका-संसदमा रहेका सबै दलहरूलाई आह्वान गर्ने कामलाई निरन्तरता दिइनेछ ।

- सरकार संचालनका लागि साझा सहमतिको न्यूनतम कार्यक्रम (ऋउ) र आचारसंहिता बनाई लागु गरिनेछ ।

- सरकारको काममा समन्वय गर्न सरकारमा संलग्न राजनैतिक दलहरूको उच्चस्तरीय राजनैतिक संयन्त्र निर्माण गरिनेछ ।

- मन्त्रालयहरूको बाँडफाँट पारस्परिक सहमतिका आधारमा गरिनेछ ।

*मिति : २०६७।१२।९*

| (उपेन्द्र यादव) | (झलनाथ खनाल) | (पुष्पकमल दाहाल प्रचण्ड) |
|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| मजफो, नेपाल | नेकपा(एमाले) | एनेकपा माओवादी |

# नेपाल सरकार र स्वतन्त्र मधेश गठबन्धनबीच भएको ११बुँदे सहमति

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल एक स्वतन्त्र, स्वाधिन, सार्वभौमसत्ता सम्पन्न अभिवाज्य राष्ट्र हो । नेपाल राष्ट्रको स्वतन्त्रता, स्वाधिनता, सार्वभौमसत्ता र अखण्डता रक्षा गर्नु प्रत्येक नेपालीको कर्तव्य हो ।

२. राजनीतिक, सामाजिक, आर्थिक लगायतका उद्येश्यहरु प्राप्तिका निम्ति शान्तिपूर्ण र लोकतान्त्रिक बाटोबाट अघि बढ्नु पर्छ भन्नेमा हामी दृढ छौं । नेपालको संविधानमा प्रयुक्त जनतामा निहित सार्वभौम अधिकारको प्रयोग गर्दै तराइमधेश लगायत देशका विभिन्न स्थानमा रहेका असन्तुष्टिहरुलाई जनअभिमतमा आधारित लोकतान्त्रिक विधिबाट समाधान गर्न सहमत भएका छौं ।

३. लोकतन्त्रमा मतभेदहरु हुनसक्छन् । तर, तिनीहरुप्रति राज्य, राजनीतिक दल र आम नागरिक सहिष्णु हुनुपर्छ । त्यस्ता मतभेदहरुको समाधान पनि लोकतान्त्रिक विधिबाटै गरिनुपर्छ भन्ने मान्यतामा दृढ छौं ।

४. सामाजिक न्याय, समानता र सदभाव हाम्रो साझा उद्धेश्य हो । हामी तराइमधेश लगायत समग्र राष्ट्रका जनतालाई राजनीतिक आर्थिक तथा सामाजिक दृष्टिले अधिकार सम्पन्न तुल्याएर तराइमधेश लगायत समग्र देशको विकासलाई द्रुत गतिमा अघि बढाउन प्रतिबद्ध छौं । त्यसैगरी, संविधान प्रदत्त नेपाली जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वसानको अधिकारलाई आत्मसात गर्न र तराइमधेश लगायत समग्र देशमा शुसासन कायम गर्दै समनता र समाजवाद कायम गर्न प्रतिबद्ध छौं ।

५. स्वतन्त्र मधेश गठबन्धनका नेता तथा कार्यकर्ताहरुलगायतमाथि लगाइएका राज्य विरुद्धका अपराध लगायत सबै राजनीतिक मुद्धाहरु फिर्ता लिइनेछ । कारागारमा रहेका सम्पूर्ण नेता तथा कार्यकर्ताहरुलाई निशर्त रिहा गरिने छ ।

६. स्वतन्त्र मधेश गठबन्धन तथा यसका नेता कार्यकर्ताहरुद्धारा यसअघि तयार पारिएका र पहिले प्रचलनमा रहेका किताब, पर्चा, पम्पलेट, घोषणापत्र, गीत, नक्सा, नारा, झण्डा, अनलाईन सामग्री आदिलाई भविष्यमा कारबाहीको विषय बनाइने छैन । आगामी दिनमा संविधानको व्यवस्था र यस सहमति प्रतिकुलका प्रचार सामग्रीहरु उत्पादन र वितरण गरिने छैन ।

७. स्वतन्त्र मधेश गठबन्धनका नेता, कार्यकर्ता तथा समर्थकहरुलाई नेपालको संविधान प्रदत्त अधिकारको प्रयोग गर्दै नेपालभित्र बसोबास गर्न, जीविकोपार्जन गर्न, संघसंस्था वा पार्टी खोल्न वा संगठित भएर मूलधारको राजनीति गर्न कुनै किसिमको अवरोध खडा गरिने छैन । र, त्यस्ता अधिकार प्रयोग गरेबापत राज्यद्वारा कुनै किसिमको कारबाही गरिनेछैन ।

८. २०७५ भदौ १५ गते नेपाल प्रहरीको हिरासतमा मृत्यु भएका स्वतन्त्र मधेश गठबन्धनका बाँके जिल्ला संयोजक राममनोहर यादवको परिवारलाई राज्यद्वारा उचित क्षतिपूर्तिका साथै परिवारका एक सदस्यलाई रोजगारीको व्यवस्था गरिने छ ।

९. स्वतन्त्र मधेश गठबन्धनको आयोजनमा सञ्चालित आन्दोलनका क्रममा घाइते भएकाहरुको उपचारको जिम्मा सरकारले लिने छ ।

१०. स्वतन्त्र मधेश गठबन्धनका नेता तथा कार्यकर्तामा रहेको ज्ञान, सीप र सामर्थ्यलाई तराइमधेश लगायत समग्र देशका जनता र राष्ट्रको शान्तिपूर्ण एवम लोकतान्त्रिक विकास र खुशहालीको लागि नयाँ उचाइका साथ सदुपयोग गर्न र सरकारका तर्फबाट स्वतन्त्र मधेश गठबन्धनलाई एक लोकतान्त्रिक राजनीतिक शक्तिका रुपमा व्यवहार गर्न सहमत भएका छौं ।

११. यो सहमति आजैका मितिबाट लागु हुने छ ।

नेपाल सरकारका प्रतिनिधि
रामबहादुर थापा, गृहमन्त्री

स्वतन्त्र मधेश गठबन्धनका तर्फबाट
चन्द्रकान्त (सिके) राउत, संयोजक

# नेपाल कम्युनिष्ट पार्टी र संघीय समाजवादी फोरम नेपालबीचको सहमतिपत्र

१. संघीय समाजवादी फोरम नेपालले आन्दोलनका क्रममा उठाएका माग र मुद्दाहरुका सम्बन्धमा संविधान संशोधनसँग सम्बन्धित विषयहरु देश र जनताको पक्षमा आपसी सहमतिका आधारमा संविधान संशोधन गरी सम्बोधन गरिनेछ । सरकारद्वारा गर्न सकिने कामहरु सरकारको नीति र कार्यक्रममा समावेश गरिनेछ । उपरोक्त कार्यहरु आन्तरिक गृहकार्य गरी सहमतिमा समाधान गरिनेछ ।

२. उपरोक्त सहमतिका आधारमा संघीय समाजवादी फोरम, नेपाल सरकारमा सामेल हुनेछ ।

केपी शर्मा ओली, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी तथा प्रधानमन्त्री, नेपाल सरकार

पुष्पकमल दाहाल 'प्रचण्ड', अध्यक्ष नेपाल कम्युनिष्ट पार्टी

उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल

मिति : २०७५ जेठ १४

# कांग्रेस, एमाले, माओवादी र फोरम लोकतान्त्रिकबीच भएको १६बुँदे सहमति

संविधान निर्माणका सम्बन्धमा संविधानसभाका चार प्रमुख दलहरुबीच भएको सहमति संविधानसभाबाट संविधान जारी गर्ने संबन्धमा विगत लामो समयदेखि रहेको गतिरोधलाई अन्त्य गर्दै यथाशिघ्र संविधान निर्माण गरी घोषणा गर्न निम्नलिखित सहमति गरेका छौं ।

संघीयता र प्रदेश रचना

१) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा पहिचानका ५ र सामर्थ्यका ४ आधारमा आठ (८) प्रदेश निर्माण गरिनेछ ।

२) प्रदेशको नामाकरण प्रदेश सभाको दुई तिहाइ बहुमतको निर्णयबाट गरिनेछ ।

३) प्रदेशको सीमाङ्कन संबन्धी सिफारिश गर्न नेपाल सरकारले एक संघीय आयोग गठन गर्नेछ । आयोगको कार्यावधि ६ महिना हुनेछ । संघीय आयोगको सुझाव-प्रतिवेदन प्राप्त भएपछि प्रदेशको सीमाङ्कनको अन्तिम निर्णय व्यवस्थापिका- संसदको दुई तिहाइ बहुमतले गर्नेछ ।

संसद र निर्वाचन प्रणाली

४) संघीय संसद प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक हुनेछ । प्रादेशिक सभा एक सदनात्मक हुनेछ ।

५) प्रतिनिधिसभाको निर्वाचन मिश्रित निर्वाचन प्रणालीबाट गरिनेछ । प्रतिनिधिसभामा कूल २ सय ७५ सदस्य रहनेछन् । भूगोल र जनसंख्याको आधारमा देशमा कूल १ सय ६५ संसदीय निर्वाचन क्षेत्र हुनेछन् । यी निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचन प्रणाली अन्तरगत बहुमत प्राप्त गर्ने १ सय ६५ प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । बाँकी १ सय १० सदस्य समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित हुनेछन् ।

६) राष्ट्रिय सभाको सदस्य संख्या कूल ४५ कायम हुनेछ । यस मध्ये प्रत्येक प्रदेशबाट समान संख्याका आधारमा ४० सदस्य निर्वाचित हुनेछन् । र बाँकी ५ सदस्य संघीय मन्त्रिपरिषद्को शिफारिसमा राष्ट्रपतिबाट मनोनयन हुनेछन् ।

शासकीय स्वरुप

७) देशको शासन सञ्चालन गर्न बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली अबलम्बन गरिनेछ । प्रतिनिधिसभामा एकल बहुमत प्राप्त वा अन्य दलको समर्थनमा बहुमत प्राप्त दलका नेता कार्यकारी प्रमुखको हैसियतमा प्रधानमन्त्री हुनेछन् ।

८) नेपालमा एक संवैधानिक राष्ट्रपति हुनेछन् । राष्ट्रपतिको निर्वाचन संघीय संसद एवम् प्रादेशिक सभा सदस्य सहितको निर्वाचक मण्डलबाट हुनेछ ।( संसदीय शासन प्रणाली र संवैधानिक राष्ट्रपतिका बारेमा एनेकपा माओवादीको भिन्न मत रहेको छ । भिन्न मत रहे पनि संविधान निर्माणको प्रकृया अघि बढाउने कुरामा भने सहमति रहेको छ ।)

९) नयाँ संविधान घोषणा पश्चात् राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री,सभामुख र उपसभामुखको निर्वाचन रुपान्तरित व्यवस्थापिका-संसदबाट नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम हुने गरी व्यवस्था गरिनेछ ।

१०) नयाँ संविधानको व्यवस्था बमोजिम प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न नभएसम्म रुपान्तरित व्यवस्थापिका-संसदबाट प्रधानमन्त्रीको निर्वाचन, विश्वासको मत, अविश्वासको प्रस्ताव तथा मन्त्रिपरिषद्को गठन सम्बन्धी सबै कार्य नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्था बमोजिम हुने गरी व्यवस्था गरिनेछ । राष्ट्रपति,उपराष्ट्रपति, सभामुख र उपसभामुख विरुद्ध महाभियोग व्यवस्था पनि अन्तरिम संविधान, २०६३ बमोजिम नै हुने गरी व्यवस्था गरिनेछ ।

न्याय प्रणाली

११) स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरुप नेपालमा स्वतन्त्र,निष्पक्ष र सक्षम न्यायपालिकाको व्यवस्था गरिनेछ ।

१२) सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । संविधानको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतको हुनेछ ।

१३) केन्द्र र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह एवम् स्थानीय तहका बीचमा अधिकार क्षेत्रबारे तथा प्रतिनिधि सभा,राष्ट्रिय सभा र प्रदेश सभाको निर्वाचन सम्बन्धी विवादमा न्याय निरुपण गर्न एक संवैधानिक अदालत गठन गरिनेछ । यी विषयमा संवैधानिक अदालतको निर्णय अन्तिम हुनेछ । यो अदालत सर्वोच्च अदालतका प्रधान न्यायाधीशको अध्यक्षता र २ जना अन्य वरिष्ठतम् न्यायाधीश तथा २ जना सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका कानून क्षेत्रका विज्ञको सहभागितामा गठन हुनेछ । संवैधानिक अदालतको कार्यावधि नयाँ संविधान प्रारम्भ भएको मितिले १० वर्षसम्म हुनेछ ।

१४) न्याय परिषद् गठन संबन्धी व्यवस्था नेपालको अन्तरिम संविधान,२०६३ को व्यवस्था बमोजिम हुनेछ ।

१५) संघीयता, शासकीय स्वरुप, निर्वाचन प्रणाली र न्याय प्रणालीका सम्बन्धमा भएको यो मूलभूत सहमतिको भावना अनुरुप संविधान निर्माणको प्रक्रिया अघि बढाइने छ ।

स्थानीय निकायको निर्वाचन

१६) जनताको प्रतिनिधित्व र सहभागितालाई सबल तुल्याउनको लागि यथासक्य चाँडो स्थानीय निकायको निर्र्वाचन गरिनेछ ।

.............

सुशील कोइराला
प्रधानमन्त्री एवम् सभापति, नेपाली कांग्रेस

के.पी. शर्मा ओली
अध्यक्ष, नेकपा (एमाले)

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष, एनेकपा (माओवादी)

विजयकुमार गच्छदार
अध्यक्ष, मधेशी जनाधिकार फोरम ( लोकतान्त्रिक)

मितिः २०७२-०२-२५
बालुवाटार, काठमाण्डौ ।

# नेपाली कांग्रेस, ने.क.पा.माओवादी केन्द्र) र राष्टिय जनता पार्टी नेपाल बीच भएको सहमतिपत्र

१. मिति २०७३-४-१९ मा नेपाली कांग्रेस, ने.क.पा.माओवादी (केन्द्र), संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा/संघीय गठबन्धन बीच सम्पन्न भएको तिन(३) बुंदे सहमतिपत्र प्रति पुनः प्रतिवद्धता व्यक्त गर्दछौ ।

२. त्यसतिन(३) बुंदे सहमति मध्येका बुंदा नम्बर एकरदुईअन्तर्गत आयोगको गठन, संविधान संशोधन, मुद्दा फिर्ता,शहिद घोषणा, क्षतिपूर्ति उपचार खर्च लगायतका विषयहरुमा केहि कार्यहरु अगाडी बढेको र केहि कार्यहरु बाँकी रहेका छन। त्यस मध्येका संविधान संशोधनको विषय. मुद्दा फिर्ताका विषय, शहिद घोषणाको विषय, अपांगहरुकोव्यवस्थापनका विषयहरु संग सम्बन्धित बाँकी कार्यहरु प्राथमिकता साथ कार्यान्वयन गर्न प्रतिवद्धता व्यक्त गर्दछौ । साथै, स्थानीय तहको संख्या राजनीतिक सहमतिको आधारमा वृद्धि गर्ने सैद्धान्तिक सहमति गर्दछौ ।

३, नेपाली कांग्रेस र ने.क.पा.माओवादी (केन्द्र) बीच भएको सहमति अनुसार व्यवस्थापिका संसदमा मिति २०७४-२-२३ मा प्रधानमन्त्री पदको लागि हुने निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार मा. शेर बहादुर देउवाको पक्षमा मतदान गर्ने सहमति गर्दछौ।

हस्ताक्षर

१. शेरबहादुर देउवा
सभापति, नेपाली कांग्रेस
२. पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष, ने.क.पा. (माओवादी केन्द्र)
३. महेन्द्र राय यादव
४. शरतसिंह भण्डारी
५. अनिल झा
६. राजकिशोर यादव
७. सर्वेन्द्रनाथ शुक्ल
८. लक्ष्मण लाल कर्ण

# नेपाली कांग्रेस, ने.क.पा.माओवादी केन्द्र) र संघीय समाजवादी पार्टी नेपाल बीच भएको सहमतिपत्र

१. मिति २०७३-४-१९ मा नेपाली कांग्रेस, ने.क.पा.माओवादी (केन्द्र), संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा/संघीय गठबन्धन बीच सम्पन्न भएको तिन(३) बुंदे सहमतिपत्र प्रति पुनः प्रतिवद्धता व्यक्त गर्दछौ ।

२. त्यसतिन(३) बुंदे सहमति मध्येका बुंदा नम्बर एकरदुईअन्तर्गत आयोगको गठन, संविधान संशोधन, मुद्दा फिर्ता,शहिद घोषणा, क्षतिपूर्ति उपचार खर्च लगायतका विषयहरुमा केहि कार्यहरु अगाडी बढेको र केहि कार्यहरु बाँकी रहेका छन। त्यस मध्येका संविधान संशोधनको विषय. मुद्दा फिर्ताका विषय, शहिद घोषणाको विषय, अपांगहरुकोव्यवस्थापनका विषयहरु संग सम्बन्धित बाँकी कार्यहरु प्राथमिकता साथ कार्यान्वयन गर्न प्रतिवद्धता व्यक्त गर्दछौ । साथै, स्थानीय तहको संख्या राजनीतिक सहमतिको आधारमा वृद्धि गर्ने सैद्धान्तिक सहमति गर्दछौ ।

३, नेपाली कांग्रेस र ने.क.पा.माओवादी (केन्द्र) बीच भएको सहमति अनुसार व्यवस्थापिका संसदमा मिति २०७४-२-२३ मा प्रधानमन्त्री पदको लागि हुने निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार मा. शेर बहादुर देउवाको पक्षमा मतदान गर्ने सहमति गर्दछौ।

हस्ताक्षर

१. शेरबहादुर देउवा
सभापति, नेपाली कांग्रेस
२. पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष, ने.क.पा. (माओवादी केन्द्र)
३. उपेन्द्र यादव
अध्यक्ष, संघीय समाजवादी पार्टी नेपाल

# एमाले, एमाओवादी र फोरम (लोकतान्त्रिक) बीच भएको सहमति

संविधानसभाबाट संविधान जारी गरेर गणतन्त्र, संघीयता, समानुपातिक समावेशिता, दिगो शान्ति र आर्थिक समद्धिको बाटोमा अघि बढ्न हामी सबैले संकल्प गरेका छौं । यसका लागि प्रमुख राजनीतिक दलहरुका बीच १६-बंदे सहमति गर्दै राष्ट्रिय सहमतिका साथ अघि बढ्ने हाम्रो प्रतिबद्धता देशको आवश्यकता अनुरुप रहेकोमा अहिले पनि हामी स्पष्ट छौं । आफ्ना अधिकार संविधान मार्फत संस्थागत गर्ने तथा देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र सामाजिक सद्भाव कायम राख्ने जन आकांक्षाको उच्च कदर गरी हामीले निम्नलिखित सहमति गरेका छौं ।

१। नेपालको अन्तरिम संविधान अन्तर्गत अभ्यास गर्दै आएको समानुपातिक समावेशी सिद्धान्त बमोजिको राजनीतिक तथा सार्वजनिक सेवामा सबै जनसमुदायको सहभागितामा कुनै अस्पष्टता नरहने गरी नेपालको संविधानमा संशोधन गर्दा आवश्यक व्यवस्था गर्ने ।

२) तराई, मधेश, थारु समुदाय, हिमाल, पहाड, लगायत देशका विभिन्न भागमा प्रदेशहरुको सिमाइनको सन्दर्भमा देखिएका समस्यालाई राजनीतिक रुपमा पनि लिदै संविधान संशोधन गर्दा सहमतिको आधारमा समाधान गर्ने ।

३) निर्वाचन क्षेत्र निर्धारणका सम्बन्धमा हाल कायम रहेका जिल्लाको भौगोलिक क्षेत्रमा कम्तिमा एक निर्वाचन क्षेत्र रहने गरी जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुने व्यवस्था गर्ने ।

४) हालै तराई मधेश लगायत देशका विभिन्न स्थानमा आन्दोलनको क्रममा घाइते हुनेहरुको उपचारको व्यवस्था गर्नुका साथै राहत उपलब्ध नभएका मृतकका परिवारहरुलाई राहत उपलब्ध गराउने ।

५) आन्दोलनका क्रममा बन्दी बनाइएका व्यक्तिहरुलाई रिहा गर्ने र यस क्रममा लगाइएका झुटा मुद्दाहरु खारेज गर्ने।

६) आन्दोलनका क्रममा क्षति पुगेका घर र व्यवसायको अध्ययन गरी उचित क्षतिपूर्ति दिने व्यवस्था गर्ने ।

७) नयाँ सरकार गठन संगै देशमा शान्ति सुरक्षाको अवस्था सामान्य तुल्याउँदै जनतालाई सुरक्षाको प्रत्याभूति दिने ।

८) जनताका अधिकारलाई सुदृढ गर्न र राष्ट्रिय हित, एकता र सामाजिक सद्भावको संरक्षण र सम्बर्द्धनका लागि प्राप्त उपलब्धिहरुको रक्षा गर्दै सबै समस्याहरुको पारस्परिक समझदारी र वार्ताको माध्यमबाट समाधान गर्न मधेश तराई केन्द्रित राजनीतिक दलहरु तथा थारु र आदिवासी जनजाति समदाय लगायत सम्पूर्ण आन्दोलनरत पक्षलाई हार्दिक आह्वान गर्दछौं । २०७२।६।२४

केपी शर्मा ओली
अध्यक्ष, नेकपा (एमाले)

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष, एकीकृत नेकपा (माओवादी)

विजय कुमार गच्छदार
अध्यक्ष, मधेशी जनअधिकार फोरम ( लोकतान्त्रिक)

# संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम

नेपाली जनताले पटकपटक गरेका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, मधेस आन्दोलनलगायत विभिन्न आन्दोलन, त्याग र बलिदानको गौरवशाली इतिहासलाई स्मरण एवम् सहिद तथा बेपत्ता र पीडित नागरिकलाई सम्मान गर्दै,

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनतामा निहित सार्वभौमसत्ता, संविधानको सर्वोच्चता, स्वतन्त्र न्यायपालिका, नागरिक र मौलिक अधिकार, लोकतन्त्र, समानुपातिक समावेशिता, पूर्ण प्रेस स्वतन्त्रता, कानूनी राज्य, विधिको शासन, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू, उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको आधारभूत मानव अधिकारको संरक्षण गर्दै,

राष्ट्रिय हित, सामाजिक आर्थिक न्याय तथा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण, विभेदरहित, समतामूलक, सबल र समृद्ध नेपालको निर्माण गर्ने सङ्कल्प गर्दै, असंवैधानिक रूपमा प्रतिनिधिसभा विघटन गरी सर्वसत्तावादी, अलोकतान्त्रिक र अधिनायकवादी रूपमा शासन सत्ता सञ्चालन गर्ने प्रतिगामी प्रवृत्तिको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्र, संविधान र संसदको रक्षार्थ भएको सङ्घर्षको भावनालाई आत्मसात गर्दै,

आपसी संवाद, सहमति र सहकार्यमार्फत गठबन्धनको संस्कृति विकास गर्न नेपाली काङ्ग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र जनता समाजवादी पार्टी, नेपाल तथा संयुक्त सरकारलाई समर्थन गर्ने दलहरू तल उल्लेखित साझा न्यूनतम कार्यक्रममा सहमत भएका छौं।

१. संयुक्त सरकारका प्राथमिकताहरू

१. संयुक्त सरकारको मुख्य प्राथमिकता कोभिड-१९को महामारीमा नागरिकको जीवन रक्षा गर्ने।

२. संविधानको सर्वोच्चता, कानूनी राज्य र सुशासनको प्रत्याभूति दिने।

३. शान्ति प्रक्रियालाई पूर्णता दिन विस्तृत शान्ति सम्झौताका बाँकी कार्यभार तथा विभिन्न पक्षहरूसँग भएका सहमतिहरूको कार्यान्वयन गर्ने।

४. राजनीतिक दलहरूको सहमतिमा संविधान संशोधनका लागि पहल गर्ने।

५. सङ्घीयता कार्यान्वयन एवं प्रदेश र स्थानीय तहका सरकारहरूको सवलीकरणको लागि आवश्यक कानून तर्जुमा गर्ने र संसदमा विचाराधीन विधेयकहरू टुङ्गो लगाउने।

६. सामाजिक-आर्थिक रूपान्तरणको आधार निर्माण गर्दै उच्च र समन्यायिक आर्थिक विकासमा जोड दिने।

७. उत्पादनमुखी अर्थतन्त्रमा जोड, आपूर्ति व्यवस्थामा सुधार, महङ्गी नियन्त्रण तथा भ्रष्टाचारको छानबिन र कारबाहीका लागि अग्रसरता लिने।

८. कोभिड-१९का कारण सङ्कटग्रस्त उद्योग, पर्यटन व्यवसाय, सञ्चार, यातायात, पार्टी प्यालेस, व्यायामशाला, सिनेमा तथा मनोरञ्जन उद्योगलगायतका क्षेत्रहरूको उत्थान तथा कोविड- १९ बाट प्रभावित श्रमजीवी, विपन्न, बेराजगार आदिको राहतका लागि विशेष आर्थिक प्याकेजको व्यवस्था गर्ने।

९. बाढी, पहिरो, आगलागी तथा डुवान लगायतका बिपत्ति परेका जनताको उद्धार, राहत तथा पुनःस्थापना गर्ने।

१०. राष्ट्रिय हितको रक्षा गर्न एवं जनताको समृद्धिका लागि स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने।

११. आपसी संवाद, सहमति र सहकार्यको संस्कृतिको विकास गर्दै राष्ट्रिय एकता सुदृढ गर्ने ।

२. संयुक्त सरकारका नीति र कार्यक्रमहरू

२.१. कोभिड-१९बाट उत्पन्न महाविपत्तिबाट मुक्ति

१. आगामी असोजसम्ममा एक तिहाई नागरिकलाई र चैत मसान्तसम्ममा खोप लगाउन योग्य सबै नेपालीलाई निःशुल्क खोपको व्यवस्था गर्ने ।

२. खोप उत्पादनका लागि नेपालमै भ्याक्सिन ल्याब स्थापना गर्न पहल गर्ने।

३. उपचारमा खटिएका स्वास्थ्यकर्मीहरू, अस्पतालका कर्मचारी, एम्बुलेन्स चालक, सफाई मजदुर तथा सुरक्षाकर्मीहरूलाई प्रोत्साहन भत्ता तथा आवश्यकतानुसार व्यक्तिगत सुरक्षा साधन उपलब्ध गराउने। अग्र स्थानमा रही सेवा प्रदान गर्ने राष्ट्रसेवक कर्मचारीहरुलाई आवश्यकता अनुसार व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराउने।

४. कोभिड-१९रोकथाम, नियन्त्रण र उपचारका लागि अस्पताललगायत भौतिक पूर्वाधारको विकासमा प्राथमिकता दिने।

५. कोभिड-१९को सम्भावित तेस्रो लहरका सम्बन्धमा स्वास्थ्य सचेतना बढाउने, आवश्यक जनशक्ति र गुणस्तरीय स्वास्थ्यसामाग्रीको व्यवस्थापन गर्ने, अक्सिजन र अन्य आवश्यक औषधिको आपूर्ति सुनिश्चित गर्ने तथा स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने।

६. स्वास्थ्य सामग्री खरिदमा भएको अनियमितताको छानबिन गर्ने र दोषी देखिएका व्यक्ति/संस्था उपर कानूनी कारवाही गर्ने ।

२.२. राष्ट्रिय हितको संवर्द्धन

१. देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र जनताको जीऊधनको रक्षाको पूर्ण प्रत्याभूति हुने गरी राष्ट्रिय सुरक्षा नीतिमा आवश्यक परिमार्जन गरी कार्यान्वयन गर्ने र देशको स्वाभिमानको रक्षा गर्ने ।

२. लिम्पियाधुरा, कालापानी र लिपुलेक लगायतका छिमेकी मुलुकहरुसँग समाधान हुन बाँकी सीमा समस्याहरु कुटनीतिक माध्यमबाट समाधान गर्ने। सीमा सुरक्षा र तस्करी नियन्त्रणका लागि सीमा सुरक्षा चौकी (बीओपी) बृद्धि गर्ने ।

३. राष्ट्रिय हितमा जलस्रोतको द्विपक्षीय र बहुपक्षीय उपयोग गर्ने र जलस्रोत नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

४. वैदेशिक सहायतालाई बजेटरी प्रणालीमार्फत सरकारको स्वामित्व र नेतृत्व हुने गरी भौतिक पूर्वाधारको निर्माणलगायतका राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परिचालन गर्ने।

५. राष्ट्रिय हित प्रतिकूल रहेका सन्धि सम्झौताहरूको पुनरावलोकन गर्ने ।

६. सुरक्षा अङ्गको व्यवसायिकतामा जोड दिँदै मनोबल उच्च बनाउन आवश्यक साधन स्रोत उपलब्ध गराउने।

२.३ सङ्घीयताको कार्यान्वयन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण

१. संघीयता कार्यान्वयनका लागि तीन तहका सरकारको क्षेत्राधिकार र अन्तरसम्बन्धलाई संविधानबमोजिम कार्यान्वयन गर्ने। संविधान बमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहातका निकायहरु हस्तान्तरण गर्ने।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधानमा उल्लेखित साझा अधिकारका सूचीसँग सम्बन्धित कानूनलगायत अन्य आवश्यक ऐन कानूनहरु प्राथमिकताका साथ तर्जुमा गर्ने।

३. सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुँदै आएको रकम वृद्धि गरी न्यायोचित वितरण गर्ने तथा आवश्यक श्रोत, साधन र जनशक्ति तत्काल व्यवस्था गर्ने।

४. प्रदेशसँगको समन्वयमा प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्न गर्ने ।

५. प्रदेश र स्थानीय तहलाई संविधानबमोजिम अधिकार सम्पन्न बनाउन आवश्यक कार्य गर्ने।

६. सङ्घीय कानूनहरु निर्माण र संशोधन गरी प्रदेश तथा स्थानीय तहको अधिकार सूचीमा रहेका विषयहरुको यथाशीघ्र निरुपण गर्न सहजीकरण गर्ने तथा प्रदेशका क्षेत्राधिकारसँग बाझिएका ऐनहरु संशोधन गर्ने ।

७ संसदमा विचाराधीन सङ्घीय निजामती सेवा विधेयक, नागरिकता विधेयकलगायत अति आवश्यक विधेयकहरूलाई संसदबाट पारित गराउने।

८. संविधान प्रदत्त सामाजिक न्यायको हकको सुनिश्चितताका लागि समानुपातिक समावेशिताको सिद्धान्तलाई कार्यान्वयन गर्ने ।

९. मौलिक हकको प्रभावकारी रुपमा कार्यान्वयन गर्न राज्यको भूमिका अभिबृद्धि गर्ने।

१०. विदेशमा रहेका नेपाली नागरिकलाई समेत मतदानको अधिकार दिलाउन पहल गर्ने।

२.४. शान्ति सुरक्षाको प्रत्याभूति, सुशासन र सदाचार

१. कानूनी राज्यको मान्यताअनुरूप सुशासनको प्रत्याभूति, सार्वजनिक प्रशासन र सुरक्षा निकायलगायतका सबै राज्य संयन्त्रलाई निष्पक्ष र जवाफदेही बनाउन ठोस कदम चाल्ने।

२. समाजमा शान्ति सुव्यवस्था कायम गर्न अपराध र अराजकता नियन्त्रण गरी दण्डहीनताको अन्त्य गर्ने।

३. निजामती प्रशासन, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलगायतका सुरक्षा निकायहरूलाई सक्षम, निष्पक्ष, पारदर्शी र जनउत्तरदायी रुपमा सञ्चालन गर्ने ।

४. शैक्षिक क्षेत्र, स्वास्थ्य क्षेत्रलगायत सामाजिक तथा सार्वजनिक क्षेत्रका पदहरूमा नियुक्ति र पदोन्नति गर्दा सरकारले क्षमता, योग्यता, वरिष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा पारदर्शी प्रणाली अवलम्बन गर्ने ।

५. सङ्घीय व्यवस्थाको आधारभूत मान्यताअनुरूप निजामती सेवा एवम् सुरक्षा निकायको पुनर्संरचनाको कामलाई पूर्णता दिने।

६. सुशासनयुक्त तथा भ्रष्टाचारमुक्त शासकीय व्यवस्था निर्माणका लागि सार्वजनिक क्षेत्रमा इ-विडिङ लगायत अनलाइनमार्फत हुने सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने।

७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आवश्यक जनशक्ति र स्रोत साधन उपलब्ध गराउने। राष्ट्रिय सतर्कता केन्द्र जस्ता भ्रष्टाचार नियन्त्रणका अङ्गहरूलाई प्रभावकारी बनाउने।

८. सार्वजनिक सेवा प्रवाहमा लाग्ने समय एक तिहाईले घटाउने गरी प्रशासनिक सुधार गर्ने।

९. सबै प्रदेशबाट प्रभावकारी तवरले सवारी चालक अनुमति पत्र तथा राहदानी उपलब्ध गराउने।

१०. राष्ट्रिय परिचयपत्र प्रणालीलाई देशभर लागू गर्ने । ११. सरकारले जनतालाई उपलब्ध गराउने सेवालाई जनमैत्री, छिटो, छरितो, सुलभ, कम खर्चिलो एवं झन्झट मुक्त बनाउने ।

२.५. शान्ति प्रक्रियाको पूर्णता

१. सरकार र नेकपा (माओवादी) बिच भएको वृहद शान्ति सम्झौता तथा मधेस आन्दोलन लगायत विभिन्न पक्षहरूसँग भएका सहमति र सम्झौताहरूको कार्यान्वयन गर्ने।

२. सशस्त्र सङ्घर्षको सन्दर्भमा गिरफ्तार गरिएका बन्दीहरूलाई वृहत् शान्ति सम्झौताको भावनाअनुसार रिहा गर्ने।

३. सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्ति छानबिन आयोगको ऐन संशोधन गर्ने र आयोगलाई आवश्यक स्रोत, साधन र जनशक्ति उपलब्ध गराई शान्ति प्रक्रियाका बाँकी काम यथाशीघ्र सम्पन्न गर्ने।

४. लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने। तराई मधेसमा भएका विभिन्न आन्दोलनको बेला लगाइएका मुद्दाहरूको पुनरावलोकन गरी अन्यायपूर्वक बन्दी बनाइएका व्यक्तिको रिहाइ गर्ने ।

५. तराई मधेस लगायत विभिन्न क्षेत्रमा सङ्घर्ष गरेका समूहहरूसँग सरकारले गरेका सहमतिलाई तदारुकताका साथ कार्यान्वयन गर्ने ।

२.६. आर्थिक नीति तथा कार्यक्रम

१. नेपाललाई विकसित मुलुकको स्तरमा पुयाउन सरकारी, सहकारी र निजी क्षेत्रको समन्वयात्मक तथा क्रियाशील भूमिकाका आधारमा विकास निर्माण लगायतका समग्र आर्थिक कार्यक्रम सञ्चालन गर्ने। आर्थिक क्षेत्रसँग सम्बन्धित बिचाराधीन सबै विधेयक तीन महिनाभित्र पारित गर्ने।

२. जल, जमिन, जङ्गल, जडीवुटी र जनशक्ति जस्तो महत्त्वपूर्ण स्रोत साधनहरूको उच्चतम सदुपयोग गरी मुलुकलाई तीव्र आर्थिक विकासको बाटोमा डोर्याउनका लागि पूर्वाधार तयार गर्ने र उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै समन्यायिक वितरणमा आधारित आर्थिक नीति अबलम्बन गर्ने।

३. वित्तीय सङ्घीयताको मान्यताअनुरूप स्रोत साधनको बाँडफाँट गर्ने। संविधानमा व्यवस्था भएको अधिकारको सूचीबमोजिम सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहबाट मानव संशाधन र भौतिक पूर्वाधार विकासको नीति लिने ।

४. सरकारी र निजी क्षेत्रको सहकार्यका आधारमा लगानीमैत्री वातावरणको निर्माण गर्ने। स्वदेशी लगानीलाई प्रोत्साहन तथा विदेशी लगानीलाई आकर्षित गर्ने। विकास सहायतालाई राष्ट्रिय प्राथमिकताको क्षेत्रमा प्रवाह गर्न आवश्यक आर्थिक ऐन, नियमहरू संशोधन गर्ने।

५. निर्वाहमुखी कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गर्ने । मलको आपूर्ति सुनिश्चित गर्ने, उखु उत्पादक किसानको समस्या समाधान गर्ने र कृषि उत्पादनको जीवन चक्रमा पर्ने जोखिमको न्यूनीकरण गर्ने । कृषि उपजको बजार मूल्य तोकी खरिदको सुनिश्चितता गर्ने र आधारभूत तथा दैनिक उपभोग्य कृषिजन्य उपजमा आत्मनिर्भर हुने। कृषि बिमाको व्यवस्था गरी जोखिम न्यूनीकरण गर्ने।

६. जल तथा प्राकृतिक स्रोतको दिगो उपयोग हुनेगरी ऊर्जा विकासलाई अर्थतन्त्र निर्माणको मुख्य आधार बनाउँदै आन्तरिक लगानीबाटै मझौला, ठूला तथा जलासययुक्त जलविद्युत आयोजना निर्माण गर्ने र निर्यातमूलक आयोजनाहरूमा विदेशी लगानी आकर्षित गर्ने । विद्युत उत्पादन र वितरण प्रणालीबीच तादात्म्यता कायम गर्ने गरी पूर्वाधार विकास गर्ने । विद्युत खपतका लागि उद्योगधन्दा, कलकारखाना, यातायातको विकास गर्ने। गरिव र विपन्नका लागि विद्युत महसूल घटाउने र पहुँच वढाउने। आन्तरिक खपतभन्दा अधिक रहेको विद्युत निर्यातका लागि छिमेकी मुलुकहरूसँग द्विपक्षीय र बहुपक्षीय संवाद अगाडि बढाउने र उच्च क्षमताको विद्युत प्रसारण लाईन जडान गर्ने।

७. नेपाललाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकसित गर्न पर्यटन पूर्वाधार निर्माणमा जोड दिने। कोभिड-१९ महामारीबाट प्रभावित पर्यटन क्षेत्रको पुनरुत्थानका लागि तत्काल राहतका प्याकेज ल्याउने र गुणस्तरीय तथा दिगो पर्यटन विकासका लागि भौगोलिक, सांस्कृतिक तथा जैविक विविधतालाई उपयोग गर्ने।

८. भौतिक पूर्वाधारको दिगो एवं गुणस्तरीय विकास निर्माण गर्ने, पूर्वाधार निर्माणमा ढिलासुस्तीलाई अन्त्य गर्ने र पाँच वर्षसम्म निर्माण कम्पनिले नै मर्मत सम्भार गर्नुपर्ने व्यवस्था गर्ने। यातायात क्षेत्रको एकीकृत विकासका लागि स्थल, हवाई, रेल, पानीजहाज र केबुलकार सेवाको एकीकृत योजना तयार गरी सार्वजनिक यातायात सेवालाई सुदृढ र व्यवस्थित गर्ने। पूर्व-पश्चिम लोकमार्ग चार लेन तथा काठमाडौं उपत्यकाको रिङरोड आठ लेनमा विस्तारको बाँकी काम यथाशीघ्र सम्पन्न गर्न प्राथमिकता दिने। हुलाकी लगायतका पूर्व-पश्चिम लोकमार्गहरु र उत्तर-दक्षिणका कोरिडोर तथा व्यापारिक मार्गहरु प्राथमिकताका साथ निर्माण गर्ने।

९. अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको योगदान वढाउन औद्योगिकीकरणलाई उच्च प्राथमिकता दिने। आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमूलक उद्योगको विकासमा जोड दिँदै व्यापार घाटा क्रमशः कम गर्दै लैजाने। स्वदेशी सामानको उत्पादन तथा उपभोगमा जोडदिने। पूँजी, प्रविधि, श्रम र उद्यमशीलताको संयोजन गरी मुलुकको औद्योगिकीकरण गर्ने र उत्पादनका लाभहरुको समन्यायिक वितरण गर्ने। मुलुकको मध्य भागमा पर्ने गरी एउटा हाइटेक सिटी निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने।

१०. डिजिटल नेपालको अवधारणालाई सार्थक बनाउन सूचना तथा सञ्चार क्षेत्रलाई विकास र विस्तार गर्न ठोस नीति र कार्यक्रम तय गर्ने। जनताको सूचनाको हकको ग्यारेण्टी गर्ने, पूर्ण प्रेस स्वतन्त्रता प्रत्याभूत गर्ने र गोपनियताको हकको सुनिश्चित गर्ने।

११. नदी पथान्तरण (डाइभर्सन) तथा भूमिगत र लिफ्ट सिंचाइको माध्यमबाट तराई मधेसलगायत सिंचाइ सुविधा पुग्न नसकेका खेतीयोग्य भूमिमा दिगो सिंचाइ सुविधा पुर्याउने। नदी कटान क्षेत्रलाई तटवन्धन गरी नदी उकास भूभागलाई व्यवस्थित रूपमा प्रयोगमा ल्याउन योजना बनाउने ।

१२. संविधानको भावनाअनुसार भूमिहीनहरूलाई भूमि उपलब्ध गराउने। कृषि मजदुर, मुक्त कमैया, हलिया, बाँधा र भूमिहीन किसानको आर्थिक, सामाजिक उत्थान र बसोबासको व्यवस्था गर्ने। भूमिको उत्पादन र उत्पादकत्व वढाउन वैज्ञानिक भूउपयोग नीति प्रभावकारी रुपमा लागू गर्ने ।

१३. वित्त तथा मौद्रिक नीतिमा सुधार गरी बैंक तथा वित्तीय क्षेत्रको विकास गर्ने, संकटग्रस्त उद्योगको व्याज मिनाहा गर्ने तथा रुग्ण उद्योगलाई राम्रो प्रतिफल दिन सक्ने गरी सञ्चालन गर्ने वातावरण तयार गर्ने। औद्योगिक सुरक्षाको व्यवस्था गर्ने।

१४. विकासको मुख्य उद्देश्य मानव विकास र त्यसको मुख्य आधार श्रम नै भएकाले श्रमको सम्मान गर्ने संस्कृतिलाई प्रोत्साहित गर्ने। देशभित्र उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने। वैदशिक रोजगारीबाट पूँजी र प्रविधिसहित फर्केका नेपालीलाई देशभित्र रोजगारमूलक व्यवसाय गर्न प्रोत्साहित गर्ने।

१५. सार्वजनिक संस्थानहरुको व्यवस्थापनमा सुधार गरी व्यावसायिक, प्रतिष्पर्धी र प्रभावकारी बनाउने।

१६. सडक, विजुली, पानी, ढल, सञ्चार लगायतका विकास निर्माणका कार्य एकीकृत र समन्वयात्मक ढङ्गले सम्पन्न गर्नेगरी सरोकारावाला निकायहरुलाई सञ्चालन र परिचालन गर्ने।

१७. भूकम्प, वाढी पहिरो, डुवान, भूक्षय तथा आगलागी जस्ता विपदबाट हुने जनधनको नोक्सानी कम गर्नका लागि डिजिटल प्रविधिको समेत प्रयोग गरी पूर्व सर्तकता प्रणाली विकास गर्ने, आवश्यकतानुसार वस्ती स्थानान्तरण गर्ने र एकीकृत बस्ती निर्माण सुरु गर्ने।

१८. मितव्ययीरुपमा सरकार सञ्चालन गर्ने, पूँजीगत खर्च बढाउने, वैदेशिक ऋण मूलतः पूर्वाधार क्षेत्रमा उपयोग गर्ने र वैदेशिक ऋण भुक्तानीलाई पारदर्शी बनाई सरोकार पक्षलाई सुसूचित गर्ने।

१९. लघु, साना तथा मझौला उद्योगहरुलाई वित्तीय पहुँच, दर्ता तथा कर प्रणाली सहज बनाउँदै त्यस्ता उद्योगहरुको बजार पहुँच बढाउने।

२.७ सामाजिक रूपान्तरण

१. श्रमिक लगायत गरिबी, बञ्चितीकरण र जोखिमयुक्त जीवनयापन गरिरहेका तथा आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गर्ने । सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना लागू गर्ने।

२. मानव विकास सूचकाङ्क तथा जनसङ्ख्या र भूगोलका आधारमा सबै प्रदेशको सन्तुलित विकासमा जोड दिने। गरिबीको रेखामुनी रहेका जनतालाई अत्यावश्यक वस्तुहरू सुपथ मूल्यमा वितरण गर्न गरिव घरपरिवार परिचय पत्रको व्यवस्था तथा सबैका लागि सार्वजनिक वितरण प्रणालीको व्यवस्था गर्ने।

३. गुणस्तरीय, रोजगारमूलक, व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिँदै सङ्घीयताको मान्यताअनुरूप शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रणालीलाई प्रभावकारी बनाउने। निजी विद्यालयहरूमा अभिभावकहरूलाई चर्को आर्थिक भार पर्न नदिने। संविधानबमोजिम मातृभाषामा शिक्षाका लागि आवश्यक व्यवस्था गर्ने । विश्व विद्यालयहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने । पदोन्नति प्रणालीलाई व्यवस्थित गर्न विश्वविद्यालय ऐनमा सुधार गर्ने ।

४. स्वास्थ्यमा जनताको सरल र सहज पहुँच स्थापित गर्न आधारभूत स्वास्थ्य केन्द्र र अस्पतालहरूलाई विस्तार गरी स्वास्थ्य सेवालाई जनताको घरदैलोमा पुयाउने। प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने। स्वास्थ्य बिमाको पहुँचलाई विस्तार गर्ने। राज्यको नीतिविपरीत मेडिकल कलेजहरूलाई दिइएका सम्बधनको पुनराबलोकन गर्ने। चिकित्सा शिक्षाको नियामक निकायलाई प्रभावकारी बनाउने।

५. कोभिड-१९को विश्वव्यापी प्रकोपका कारण देशमा उत्पन्न बेरोजगारको समस्यालाई हल गर्ने। वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन कुटनीतिक संयन्त्र परिचालन गर्ने । मजदुर, किसान, बौद्धिक पेसाकर्मी लगायतका श्रमजीवी वर्गको श्रमको सम्मानका साथै रोजगारका लागि ठोस नीति बनाउने। शैक्षिक बेरोजगारलाई प्रमाणपत्र धितो राखी दिइने ऋण सहजरूपमा उपलब्ध गराउने।

६. सहकारी क्षेत्रलाई गरिवी उन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रको रूपमा राज्यले प्राथमिकता दिने। गरिवीको रेखामुनि रहेका जनतालाई परिचयपत्र प्रदान गरी खाद्य, शिक्षा, स्वास्थ्य, आवास, सीप विकास र रोजगारीको कार्यक्रम बनाउने ।

७. आधुनिक प्रविधिसँग देश विकास प्रक्रियालाई आवद्ध गर्ने । मुलुकको सामाजिक रूपान्तरण र आधुनिकीकरणका लागि विज्ञान-प्रविधिको अधिकतम उपयोग गर्ने। मानव जीवन सहज र उत्पादनमुखी बनाउन विद्यालयदेखि विश्वविद्यालयसम्म विज्ञान र प्रविधिको अध्ययन, अनुसन्धान र शिक्षालाई उच्च प्राथमिकता दिने।

८. लोककल्याणकारी राज्यको मान्यताअनुरूप समाजका जेष्ठ नागरिक, असहाय, अशक्त, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विपन्न व्यक्तिहरूका साथै दलित, उत्पीडित तथा पिछडिएको वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई दिइएको सामाजिक सुरक्षाको दायरालाई विस्तार गर्ने । अपाङ्गता भएका व्यक्तिलाई रोजगारमूलक तालिम दिने।

९. सहरी विकासका पूर्वाधारको निर्माण तथा विकास आयोजनाहरू कार्यान्वयन गर्दा वातावरण मैत्री बनाउने तथा साँस्कृतिक सम्पदामा असर पर्न नदिने। जनतालाई आवश्यक सेवा पुर्याउन असुरक्षित र छरिएर रहेका ग्रामीण वस्तीहरू सुरक्षित र सुविधासम्पन्न स्थानमा स्थानान्तरण गर्ने। काठमाडौं उपत्यकामा खानेपानी आपूर्तिका लागि मेलम्ची खानेपानी आयोजनालाई शीघ्र मर्मत संभार गरी पुनः संचालनमा ल्याउने। खानेपानी नपुगेका ग्रामीण बस्तीहरूमा स्वच्छ खानेपानी पुयाउने।

१०. महिला विरुद्धका सम्पूर्ण विभेदकारी कानून, पितृसत्तात्मक परम्परागत मान्यता र व्यवहारको अन्त्य गरी लैङ्गिक समतामूलक समाज निर्माण गर्ने। महिला विरुद्धका सबै विभेदहरूलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा, एसिड आक्रमण र बेचबिखनजस्ता अपराध गर्नेलाई कडा कारबाही गर्ने। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने।

११. "युवाको अधिकार शिक्षा र रोजगार"को अवधारणालाई व्यावहारिक रूप दिने । ऊर्जाशील युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न कार्यक्रम ल्याउने। खेलकुदलाई उद्योगको रूपमा विकास गर्ने र अन्तर्राष्ट्रिय स्तरको खेलकुद पूर्वाधार निर्माण तथा खेलकुद पर्यटनको विकास गर्ने ।

१२. सबै समुदायको भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने। जाति, भाषा, धर्म र संस्कृतिको आधारमा गरिने सबै प्रकारका भेदभावको अन्त्य गर्ने । नेपाललाई जातीय छुवाछुतमुक्त राष्ट्र घोषित गरिसकेको सन्दर्भमा जातपातजन्य विभेद अन्त्यका लागि प्रभावकारी कदम चाल्ने।

२.८ तात्कालिक राहत, पुनःनिर्माण र पुनर्स्थापन

१. कोभिड-१९, बाढी, पहिरो, डुवान तथा अन्य विपत पिडित परिवारलाई उद्धार तथा राहत प्रदान गर्ने । प्रभावित र विस्थापितहरूको पुनःस्थापना गर्ने तथा विपद जोखीम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी पार्ने।

२. सहीद तथा वेपत्ता परिवार र द्वन्दपीडित एवम् विस्थापितलाई राहत, पुनःस्थापना र सहायताका लागि आवश्यक व्यवस्था मिलाउने।

३. विभिन्न आन्दोलनमा घाइते भई उपचार नपाएकाहरूको यथोचित उपचारको व्यवस्था गर्ने, अङ्गभङ्ग भएकाहरूलाई क्षतिपूर्ति र परिवारका कम्तिमा एक जना सदस्यलाई रोजगारीको व्यवस्था गर्ने ।

४. बढ्दो महँगी, कालोबजारी, मिसावट तथा कृत्रिम अभाव नियन्त्रण गरी खाद्यान्न, पेट्रोलियम पदार्थलगायत जनताका अत्यावश्यक दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्तिको व्यवस्था गर्ने। दुर्गम क्षेत्रमा नून, चिनी, चामल, औषधी, बिउ, मल लगायत अत्यावश्यकीय वस्तुहरू अभाव हुन नदिने।

५. सिन्धुपाल्चोक, मनाङ, लमजुङ, गोरखा , बाजुरा, र सप्तरी लगायतका बाढी पहिरो र डुवान प्रभावित क्षेत्रका जनतालाई राहत तथा पुनर्स्थापन गर्ने। तराई मधेसमा डुवानको जोखिम क्षेत्रहरूमा नदी नियन्त्रण र पुनर्निर्माणको कामलाई प्राथमिकता दिने।

६. कर्णाली प्रदेशलगायत मानव विकास सूचकाङ्क कम भएका अन्य क्षेत्रहरुमा गर्भवती तथा सुत्केरी महिला र कुपोषण प्रभावित बालबालिकालाई न्यूनतम पोषणका कार्यक्रम प्रभावकारी बनाउने ।

७. ग्रामीण क्षेत्रमा आकस्मिक दुर्घटना, वाढी पहिरो, प्राकृतिक प्रकोप जस्ता विपतको समयमा सेवा प्रदान गर्न एयर एम्बुलेन्सको व्यवस्था गर्ने ।

८. राष्ट्रिय पुनर्निमाण प्राधिकरण अन्तर्गत सम्पन्न हुन बाँकी रहेका कार्यहरुलाई शीघ्र सम्पन्न गर्ने।

२.९ पर्यावरणीय सन्तुलन

१. वन, वातावरण र नदी नियन्त्रणका कार्यक्रमलाई प्राथमिकता दिने। चुरे र शिवालिक पर्वत श्रृंखलाको संरक्षणका लागि सञ्चालित चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाई तराई मधेसको मरुभूमीकरण रोक्ने।

२. पर्यावरणमा समस्या उत्पन्न हुने गरी मुनाफाका लागि प्राकृतिक स्रोत साधनको दोहन हुन नदिने। चुरे क्षेत्रको उत्खनन गरी ढुङ्गा गिट्टी, बालुवा निर्यात गर्ने कार्यलाई रोक लगाउने। जनताको पर्यावरणीय अधिकार तथा जैविक विविधता संरक्षण गर्न ठोस कदम चाल्ने।

३. ठूला नदीको बहुउद्देश्यीय उपयोग र एकीकृत विकासको नीति लागू गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को आधारमा कार्यान्वयन गर्ने।

४. विश्वमा तीव्र गतिले बढिरहेको औद्योगिकीकरण, जैविक, रासायनिक तथा आणविक हतियारको होड र त्यसबाट उत्पन्न हुने विकिरणयुक्त पदार्थ, हरित गृह, जलवायु प्रदुषण आदिका कारण हुने तापमान वृद्धिले निम्त्याउने विनाशकारी डढेलो, उष्ण वायु, आँधी, तुफान, चक्रवात, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, डुवान, हिमपहिरो, सुख्खा जस्ता प्राकृतिक विपदको जोखिम अन्त्यका लागि अन्तर्राष्ट्रिय रूपमा सहकार्य गर्ने र क्षमता तथा आवश्यकताअनुसार नेतृत्व लिने।

५. पृथ्वीमा बढ्दो तापमान तथा जलवायु परिवर्तनको कारण जनताको जीवनमा पर्ने असर र जोखिमहरूलाई न्यूनीकरण गर्नका लागि आवश्यक सतर्कता अपनाउने।

६. विकासका कार्य पर्यावरणमैत्री, सन्तुलित र न्यायोचित ढङ्गले अगाडि बढाउने ।

२.१० अन्तर्राष्ट्रिय सम्बन्ध

१. देशको राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितलाई रक्षा गर्ने। भूपरिवेष्ठित देशको अधिकार सुनिश्चित गर्ने, ठूला र साना देशहरूबिच सार्वभौमसमानताको आधारमा व्यवहार हुने तथा एक अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीतिको पक्षपोषण गर्ने ।

२. संयुक्त राष्ट्र सङ्घको वडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्त, विश्व शान्ति एवम् अन्तराष्ट्रिय कानूनका सिद्धान्तका आधारमा परराष्ट्र नीति सञ्चालन गर्ने ।

३. शान्ति, स्थिरता, आर्थिक रुपान्तरण र जनताको समृद्धिका लागि पारस्परिक हित र लाभका आधारमा छिमेकी लगायत विश्वका सबै मित्र राष्ट्रहरुसँगको मैत्रिपुर्ण सम्बन्धलाई थप सुदृढ बनाउने। आपसी सहयोगका क्षेत्रहरु विस्तार गरी सहकार्य र अन्तरआवद्धतालाई बढावा दिने।

४. परराष्ट्र सम्बन्ध सञ्चालनमा राष्ट्रिय सहमति कायम गर्ने।

यस साझा न्यूनतम कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि सरकारले राष्ट्रिय सहमतिको पहल गर्नेछ।

## विश्व परिवेश

# ५४ देशमा चिनियाँ प्रहरी स्टेसनः नयाँ प्रतिवेदनको दाबी

हालका घटनाहरूको एक शृंखलाले विदेशमा रहेका आफ्ना नागरिकहरूको सन्दर्भमा कूटनीतिक मोर्चामा चीन अत्यधिक आक्रामक भइरहेको र चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वको कुनै पनि आलोचनाका लागि असहिष्णु भइरहेको दर्शाउँछ । मध्य अक्टोबरमा राष्ट्रपति सी चिनफिडलाई लक्षित गरी एक शान्तिपूर्ण प्रदर्शनकारीले बोलेको नारा र बोकेको प्लेकार्ड प्रति प्रक्रिया जनाउन बेलायतको म्यानचेस्टर चिनियाँ कूटनीतिक कर्मचारीले गर्दै गरेको आक्रमणले शासन सत्ताको स्थायित्वका लागि चीनले जेसुकै गर्ने दर्शायो । भरखरै पार्टीको बीसौं काङ्ग्रेस सम्पन्न भयो, विदेशका लागि चीन छोडी जाने चिनियाँ नागरिकहरूको गतिविधिहरूलाई निगरानी गर्न निदरल्यान्डस्मा प्रहरी स्टेसनलाई चीनले व्यवस्थित गरिररहेको प्रतिवेदनहरू उदायो । यसअघि विदेश जाने चिनियाहरूसँग एक ट्याब राखेर कृत्रिम बौद्धिकता( आर्टिफिसअल इन्टेलिजेन्स एआई) तथा अन्य स्वरूपका उच्च प्रविधिको उपयोग गरी चीनले निगरानी गरिरहेको प्रतिवेदनहरू उदाएका थिए । विशेषगरी विषय विदेशमा बसिरहेका उयुगुर मुसलमानमाथि चिनियाँ राज्यद्वरा अत्याचार गरिएको एक विषय सुनिएको थियो । चिनियाँ राज्यको गतिविधिको नयाँ आयामको निदरल्यान्डस्सम्बन्धी यो हालको कुरो निसन्देह स्पष्टरूपमा युरो तथा अन्य देशहरूमा प्रहरी स्टेसनहरू स्थापना गर्नु अवैध हो ।

प्रहरी स्टेसनहरूको स्थापनाको विषयको अनुसन्धान तथा रिपोर्ट स्पेनको एनजीओ सेफगार्ड डिफेन्डर्सले तयार पारेको थियो (१२ सेप्टेम्बर २०२२) जसको शीर्षक थियो " वन हन्ड्रेड टेन : चाइनिज ट्रान्सनेसनल पोलिसिङ गोन वाइल्ड" जसले अप्रिल २०२२देखि जुलाई २०२२सम्म चिनियाँ प्रहरीले दुई लाख तीस हजार भगौडाहरूलाई चीन स्वयं फर्किन राजी गराएको दर्शाउँछ । यो प्रतिवेदनले पाच महादेशभरि चीनले विदेशमा चिनियाँ प्रहरीहरूद्धारा सञ्चालित कम्तीमा ५४ प्रहरी सेवा केन्द्र स्थापना गरेको छ जसमध्ये स्पेन समेत केही विदेशका प्रहरी सेवा केन्द्रहरूमा चिनियाँ प्रहरीले प्रहरी अपरेसनहरू सञ्चालन गरिरहेको छ ।

डच विदेश मन्त्रालयले (२६ अक्टोबर २०२२)मा निदरल्यान्डस्मा चीनले दुई अवैध प्रहरी स्टेसन स्थापना गरेको प्रतिवेदनहरू उपर अनुसन्धान गरिरहेको जनायो । डच प्रसारक संस्थाल आरटीएल निउज तथा खोजी पत्रकारिताको मञ्च फलो द मनीद्वारा तयार पारिएको एक प्रतिवेदनमा निदरल्यान्डस्मा रहेका सरकार विरोधीहरूमाथ दबाब दिन यी प्रहरी केन्द्रहरूको प्रयोग गरिएको संकेतहरू सार्वजनिक गरिएको छ । यी केन्द्रहरूले प्रतिवेदनमा जनाए अनुसार चिनियाँ वाहन चालकहरूको इजाजत पत्र नवीकरण तथा वैवाहिक स्थितिमा परिवर्तन भएको घोषणा गर्ने जस्ता कानुनी सेवा उपलब्ध गराउने सुविधा दिइरहेको छ । डच विदेश मन्त्रालयले कूटनीतिक माध्यमबाट यस्ता केन्द्रहरूको स्थापना गरेको जानकारी चिनियाँ सरकारले कहिल्यै नगराएकोले यी केन्द्रहरू प्रविधिकरूपमा अवैध रहेको पुष्टि गरिसकेको छ ।

चिनियाँ सरकार विरोधी निदरल्यान्डस्मा बस्ने एकले आरटीएल निउज तथा फलो द मनीलाई रोटर्डम शहरको चिनियाँ प्रहरी कार्यालयद्वारा बोलाइएको बताएका थिए । शरणार्थीको हैसियत प्राप्त ती चिनियाँ नागरिकले आफूलाई अज्ञात फोन र म्यासेजबाट धम्कीहरू प्राप्त भएको र उनको नामबाट बमको चेतावनी दिइएको प्राप्त भएको जनाए ।फ्रेजिआङ प्रान्तको लिशुई क्षेत्रको प्रहरी बलद्वारा रोटर्डमको केन्द्र रिपोर्ट अनुसार खोलिएको थियो, लगत्तै यो संघाईको दक्षिणमा फेला पारियो जब कि आम्सटर्डम केन्द्रको सम्बन्ध फुजिआन प्रान्तको फुझाउ शहरको प्रहरीसँग सम्बन्धित छ । दुबै केन्द्रहरूको सम्बन्ध पूर्वी सामुद्रिक क्षेत्रसँग हुने कारणहरूमा युरोपमा हुने चिनियाँ आप्रवासनहरूको मुख्य स्रोत भएकाले हो ।

सेफगार्ड डिफेन्डर्सले युरोपका १२ देश गरी पाँच महादेशका दर्जनौं देशहरूमा चीनका प्रहरी सेवा स्टेसनहरू रहेको दाबी गर्छ । चिनियाँ अधिकारीहरूले फौजदारी प्रक्रियाको सामना गर्न आफ्ना लाखौं नागरिकहरूलाई (अप्रिल २०२१देखि जुलाई सन् २०२२) देश फर्किन राजी गराएको सेफगार्ड डिफेन्डर्सले सार्वजनिक सुरक्षाका उपमन्त्री दु हाङवेइको भनाइ उल्लेगख गरी जनाउँछ । यो अनुसन्धानले जर्मनीको फ्राङ्कफर्टमा यी मध्ये एक प्रहरी स्टेसन रहेको आरोप लगाउँछ । प्रहरी अपरेसनहरूमा औपचारिकरूपमा दुई पक्षीय प्रहरीको बेवास्ता गरिएको र अन्तर्राष्ट्रिय कानुनको उल्लंन गरिएको यसले दाबी गर्‍यो ।

रिपोट अनुसार अधिकारीहरूले चीनमा रहेका तिनका परिवारलाई पता लगाइ धम्की,तर्साइ, हिरासत वा जेलजस्ता माध्यमबाट दबाब दिएर विदेशमा रहेका संदिग्धलाई चीन फर्किन राजी हुन लगाउने जस्ता विधिको उपयोग गरे । नोभेम्बर २०२१को अन्त्यदेखि चीनले आफ्ना नागरिकलाई दक्षिण पूर्वका सात देश टर्की र युएईमा यात्रा नगर्न चेतावनी दिएको छ जसमा गम्भीर दूरसञ्चार अपराधहरूको स्रोत भएको बुझाइ छ । सेफगार्ड डिफेन्डर्सले बेइजिङका अधिकारीहरूले यी देशहरूमा बसिरहने चिनियाँ नागरिकहरू चाहे तिनीहरू दूरसञ्चार ठगी वा अन्य अपराधमा संलग्न भए नभएपनि उनीहरूलाई फर्काउन धम्कीको उपाय प्रयोग गरिसकेका छन् ।

चीनले एक नयाँ कानुन (२ सेप्टेम्बर २०२२) अंगीकार गर्‍ये जुन १ डिसेम्बर २०२२देखि कार्यान्वन हुन गइरहेको छ त्यसले (ठगी, दूरसञ्चार ठगी , अनलाइन ठग जस्ता) निश्चित फौजदारी अभियोगका लाग चिनियाँ तथा विदेशीहरू विरुद्ध बाह्यभूभागीय क्षेत्रमा पूर्णरूपमा स्थापित गर्छ । राजी गराउने कार्यका लागि नयाँ उपकरणहरू सिर्जना गरिएका छन् र कागजको विकास गरिएका छन् जसमा चीनमा बालबालिकाको शिक्षाको अधिकारको लक्ष्यलाई अस्वीकार गरिएको छ र परिवारका सदस्यहरूका अन्य सीमाहरूको अस्वीकार गरिएको छ, संघद्वारा दोषी भएका केही गलत नगरेका आंशका बिनाका लागि सजाय दिइनु र सरकार दस्तावेजमा चीनमा रहेका नातेदारले प्रहरी वा आन्तरिक पार्टी प्रहरीद्वारा अनुसन्धान गरिनुपर्ने वा सजाय दिइनुपर्ने व्यक्तिलाई राजी गराउने प्रहरीको कार्यमा सहयोग नगर्नेलाई समेत सजाय दिइने जस्ता विषय समावेश छन् ।

अन्य विकास जुन बेलायतमा देखियो त्यो वास्तवमा राष्ट्रपति सी चिनफिडद्वारा विकास गरिएको ब्वाँसा योद्धा कूटनीति(उल्फ वारिअर डिप्लोमेसी)को भौतिक माध्यमको एक विस्तार हो जस अन्तर्गत हडकडका लोकतन्त्र समर्थक एक प्रदर्शनकारी म्यानचेस्टरस्थित चिनियाँ महावाणिज्यदूतको घेरा भित्र पिटिए । (१६ अक्टोबर २०२२) भिडियो फुटेजमा एक मानिसलाई पिटिएको जब कि बेलायती प्रहरी अधिकारी यो अराजक दृश्य तोडाउने प्रयास गरिएको देखियो ।ग्रेटर म्यानचेस्टर प्रहरीका एक प्रवक्ताले हडकङ प्रदर्शनकारीहरू संलग्न रहको म्यानचेस्टरस्थित चिनियाँ महावाणिज्यदूतका कार्यालयमा तीन बजे अपराह्न आइतबार १६ अक्टोबर २०२२का दिन भएको घटनाबारे प्रहरी जानकार रहेको बताए ।

म्यानचेस्टरस्थित चिनियाँ महावाणिज्यदूतको कार्यालय अगाडि हडकडका लोकतन्त्र समर्थक अभियानीहरूले आयोजना गरेको एक र्‍यालीमा हिंसाभएको विषयमा प्रहरीहरू अनुसन्धान गरिरहेका छन् । एक भिडियोमा एक प्रदर्शनकारीलाई तानेर महावाणिज्यदूतको भूमिमा लगेर पिटिएको देखियो । बेइजिडमा चिनियाँ कम्युनिस्ट पार्टीको बीसौं राष्ट्रिय काङ्ग्रेस भइरहेका बेला महावाणिज्यदूतावास बाहर मानिसहरूको एक सानो समूह जम्मा भएर पोस्टर र ब्यानर राखिरहेका बेला हिंसा भड्कियो । भिडियोलाई नजिकिएर हेर्दा मानिसहरूको एक समूहले लोकतन्त्र समर्थक समूहमाथि अचानक आक्रमण गरिरहेको र झडप भड्किएको देखियो । अचानक भएको झगडामा एक प्रदर्शनकारीलाई गेटबाट महावाणिज्यदूतको गेट भित्र तानिएको र त्यहाँबाट एक बेलायती प्रहरी अधिकारीले तिनालाई सुरक्षित छोडाएर ल्याउनु अघिसम्म चिनियाँ अधिकारीहरूद्वारा पिटिएको फिल्म भिडियो बनाइयो । बब नाम गरेका ती प्रदर्शनकारीले महावाणिज्यदूतावासबाट मुख्यभूमिकाहरू आएर पोस्टरहरू च्यातचुत पार्न थालेको बताए । हामीले उनलाई रोक्न खोज्यौं तिनले मलाई भित्र तानेर लगे , उनीहरूले मलाई पिटे , उनले बीबीसीको चिनियाँ सेवालाई भने साथै बेलायती प्रहरील आफूलाई त्यहाँबाट तानेर ल्याएको बताए । दुई दिन पछि बेलायती विदेश कार्यालयले चिनियाँ राजदूतलाई म्यानचेस्टरमा भएको सो हिंसाबारे बोलायो ।एसिया , ऊर्जा, जलवायु तथा वातावरण मन्त्री ज्याक गोल्डस्मिथले भने " हामीले त्यो फुटेजबारे गम्भीररूपमा चिन्तित छौं चिनियाँ महावाणिज्यूतको कार्यालयमा भएको जुन घटना हामी देखिराहेका छौं "साथै उनले भने " बेलायतले ...चिनियाँ अधिकारीहरूसमक्ष हाम्रो दृष्टि स्पष्ट पार्‍यौं शान्तिपूर्ण प्रदर्शन गर्न पाउने अधिकारको बेलायतमा सम्मान गर्नैपर्छ ।"

स्पष्टरूपमा चीन किनारमा बसिरहेको छ । सी तत्व र शासनको स्थायित्व स्वाभाविकरूपमा अधिकांश चिनियाँ अधिकारी तथा कूटनीतिज्ञहरूको दिमागमा खेलिरहेका छन् । त्यसैले म्यानचेस्टरको घटनालाई विश्वभर घटेको हुन सक्ने यस्ता धेरै घटनाहरू मध्ये एकको रूपमा लिइनुपर्छ ।यसका अतिरिक्त प्रहरी केन्द्रहरू स्थापित भइरहेका प्रतिवेदनहरूलाई कुनै आश्चर्यको रूपमा लिइनु पर्दैन किनकि चीनले देश भित्र र देश बाहिर उच्च प्रविधिको उपयोग गरी विरोध दबाउने यस्ता उपायहरूको उपयोग गरेको जगजाहेर छ ।चिनियाँ विरोधीहरूको गतिविधिहरूलाई निगरानी गर्न र दबाउन भौतिक साधनको प्रयोग यस प्रक्रियाको मात्र एक तार्किक कदम हो । यद्यपि तथ्य भनेको युरोपियन देशहरूलाई तारो बनाईदै छ त्यसैले यो बाँकी विश्वका लागि एक चेतावनीको रूपमा कार्य गर्नुपर्छ ।

*– स्रोतः गार्डियन डट कम*

# 'उपहार कूटनीति'को फाइदा उठाउँदै अफ्रिकामा जासुसी ?

युक्रेन युद्धको जागरणमा विश्वका प्रमुख शक्तिशाली देशहरूले आफ्ना राजनीतिक तथा आर्थिक लक्ष्यबारे भविष्यका कार्यहरूको मार्गचित्र कोरिरहन ब्यस्त भइरहेका बेला चीनले 'उपहार कूटनीति' समेत गरी चुपचाप विविध नीतिगत उपकरणहरू अफ्रिकामा यो महादेशका खानीहरू समेत गरी यहाँका विद्यमान तथा भविष्यका समेत सम्पत्तिहरूको सुरक्षा गर्न जासुसी गरिरहने क्षमता सुदृढ गर्न धकेलिरहेको छ ।

शून्य कोभिड नीतिका कारण देश भित्र चीनले आर्थिक ह्रासको असान्दर्भिक समस्याका बाबजुत पूर्वी एसियाली देश चीनले अफ्रिकाका देशहरूमा भवन, रंगशाला, प्रहरी प्रधानकार्यालय र अन्य पूर्वाधार निर्माण उपहारमा दिइरहने कार्यमा बन्देज लगाएको छैन् ।

जुलाई १४-१७मा जाम्बियाले चीनको आर्थिक सहयोगमा बनेको किनेथ काउन्डा इन्टरनेसनल सम्मेलन केन्द्रमा अफ्रिकी संघको अर्धवार्षिक शिखर सम्मेलनको आयोजना गर्‍यो । अति आधुनिक सम्मेलन केन्द्रमा २५सय सिट क्षमताको एक हल रहेको छ ।जिम्बाबेले हालै १४ करोड अमेरिकी डलरको लागतमा ६ तले संसदीय भवनको उद्घाटन गर्‍यो । यो चीनको आर्थिक सहयोगमा चीनद्वारा निर्माण गरियो ।बन्दाबन्दीको बेला दक्षिणी अफ्रिकी देश जहाँ १० अर्ब अमेरिकी डलर भन्दा बढी बाह्य ऋणको भार छ त्यसले चीनबाट उपहारको रूपमा दिइएको संसद भवनको अनवारण गरेको थियो । अफ्रिकामा चीनले निर्माण गरेको यो संसद भवनको उद्घाटन २६औं थियो । अमेरिका आधारित एक थिंकट्यांक संस्था द हेरिटेज फाउन्डेसन अनुसार चीनले हालै चीनले कम्तीमा २६ अफ्रिकी देशमा संसद भवनहरूको निर्माण, विस्तार वा मर्मत सम्हार कार्य गरेको छ जसमा मोजाम्बिक,लेसोथो, गुइनिया बिसाउ र मालावी रहेका छन् । कम्तीमा २४ राष्ट्रपति वा प्रधानमन्त्री निवास, कम्तीमा ३२ सेना वा प्रहरी बस्ने स्थानहरू र कम्तीमा विदेश मामिलाका भवनहरू चीनले बनाएको छ । यी सबै उपहार कूटनीतिक अन्तर्गत दिइएको छ ।

पूर्वी एसियाली देशले अहिले इथोपियाको राजधानी आदिस आबाबामा रोग नियन्त्रण तथा रोकथामको अफ्रिकी केन्द्रको निर्माण आर्थिक सहयोग गरी गरिरहेको छ ।९० हजार वर्ग मिटर क्षेत्रमा निर्माण भइरहेको यो विशाल निर्माण परियोजना यो डिसेम्बरमा सम्पन्न हुने अपेक्षा गरिएको छ ।सन् २०१२मा आदिस आबाबामा अफ्रिकी युनियनको प्रधान कार्यालय २० करोड अमेरिकी डलरमा बनाएर दिए पछि युथोपियामा चीनको आर्थिक सहयोगमा बनिरहेको दोस्रो परियोजना हो । जुलाई २०२२मा चीनले जुलिअस निरेरी नेतृत्वको विद्यालय ४ करोड अमेरिकी डलरमा बनाएर तान्जनिया सरकारलाई जिम्मा लगायो ।विदेश मन्त्रालय भवनहरूमा मोजाम्बिक, सिएरा लिओन र युगान्डामा चीनको उपहारको रूपमा निर्माण भइरहेको छन् ।

चीनलाई नियालिरहेकाहरूलाई यसले चकित पारिरहेको छ र उनीहरूले चीनले जुन सौम्यता प्रदर्शन गर्न खोजेको छ त्यसरूपमा लिरहेका छैनन् । सन् २०१८मा फ्रान्सको अखबार ले मोन्डेले शून्य लागतमा अफ्रिकामा ठुला ठुला पूर्वाधारका परियोजनाहरू बनाउने पछाडिको मनसाय नग्नरूपमा प्रस्तुत गर्‍यो । अफ्रिकी युनियनको अज्ञात स्रोत उल्लेख गरी त्यो फ्रान्सेली अखबारले पाँच वर्ष(सन् २०१२देखि २०१)सम्म चीनले आदिस आबाबामा अफ्रिकन युनियनको प्रधानकार्यालय निर्माण गरी त्यहाँ गुप्तरूपमा डिभाइस राखेर त्यहाँका कम्प्युटरहरूबाट चिनियाँ सर्भरमा डेटा पठाएको उल्लेख गर्‍यो ।ले मोन्डेले यस्ता गतिविधिको जानकारी जनवरी २०१७मा थाहा भयो जतिखेर टेक्निसियनहरूले मध्यरातदेखि २ बजे सम्म हरेक रात डेटा उपयोग गरिएको र खाली हुने गरेको चाल पाए । फ्रान्सेली दैनिकले अफ्रिकी युनियनका सबै गुप्त डेटा संघाईको सर्भरमा कपी भएको जनायो ।

मिडिया रिपोर्टहरू अनुसार चीनद्वारा ह्याकिङ गरिएको थाहा भएदेखि अफ्रिकी युनियनले आफ्नो सर्भर ल्याएको र ती सर्भरलाई फेरि मिलाइदिने चिनियाँ प्रस्तावलाई अस्वीकार गरेको देखियो ।सन् २०१८मा यो भनियो ।अल्जिरियन र युथोपियन अधिकारीहरूले कुनै पनि संदिग्ध वस्तु वा माइक्रोफोनको हरेक भवनमा चेकजाँच गरे । फेब्रुअरी २०२१मा द फिनान्सिअल टाइम्सले एक अमेरिकी अधिकारीको भनाइ उल्लेख गरी अफ्रिकाको जिनोम डेटाको जासुसी गर्न आदिस आबाबामा रोग नियन्त्रण तथा रोकथामको लागि अफ्रिकी केन्द्रको प्रधान कार्यालय चीनले बनाइरहेको उल्लेख गरेको छ ।

चीनले राष्ट्रपति भवन वा विदेश मन्त्रालय जस्ता संवेदनशील पूर्वाधारहरू उपहारमा किन दिइरहेको छ भन्ने सबाल जर्ज वासिंटन युनिभर्सिटीका प्रोफेसर डेभिड शिनले आफ्नो तर्क प्रस्तुत गरे ।यो साउथ चाइना मर्निङ पोस्टले उनको तर्कलाई उल्ले गरी यस्ता पूर्वाधारहरू जब निशुल्क निर्माण गरिन्छ, उनीहरू अपरिहार्यरूपमा स्वार्थको द्वन्द्व सिर्जना गर्छन् । त्यहाँ गुप्त निगरानी गर्ने डिभाइस जडान गर्ने उद्देश्य रहेको कुरोलाई इन्कार गर्न सक्दिैन् । यद्यपि विश्लेषकहरू माझ चासोको विषय भनेको यी भौतिक सम्पत्तिहरूमा जे उत्पन्न भइरहेको छ त्यो भनेका चीनले अफ्रिकी देशहरूमा अन्तर सरकार दूरसञ्चार नेटवर्कको विकास पनि गरिसकेको छ । ह्वावे र ट्रान्सिन समूह जस्ता चिनियाँ कम्पनीहरूले मात्र डिजिटल पूर्वाधार विकास गेका छैनन् कि स्मार्टफोनहरू पनि बनाएका छन् ।यी स्मार्टफोन अफ्रिकामा बनेर चिनियाँ कम्पनीहरूको पहुँचमा हुनेगरी धन स्थानान्तरण गर्नेएप जडान गरी आएका छन् ।

अझ अफ्रिकी नागरिकहरूले यस्ता डिजिटल टेक्नोलोजी उपयोगी भएको फेला पार्छन तर यसको प्रतिकूल असर भनेको ती व्यक्तिहरूको वित्तीय गतिविधिहरूको निगरानी गर्न पाउने अवसर चीनलाई दिइरहेको हुनसक्ने छन् । तर त्यतिखेर समयमा चिनियाँ दूरसञ्चार टेक्नोलोजीहरू अफ्रिकी देशहरूमा विरोधीलाई तारो बनाउन प्रयोग पनि गरिन्छ । भ्वोइस अफ अमेरिकाले चिनियाँ विशाल टेक कम्पनी ह्वावेको सहयोगबाट युगान्डा र रवान्डा सरकारले आफ्ना विरोधीहरूको ह्वाट्सएप र स्काइप ह्याकिङ गरेको रिपोर्टहरू रहेको जनायो । अफ्रिकामा चिनियाँ गतिविधिहरूमाथि प्रकाश पार्दै द हेरिटेज फाउन्डेसनले चीनको उपहार कूटनीतिले दुई उद्देश्य पूरा गर्नेगरेको जनायो । पहिलो यसले चीनलाई अफ्रिकी नेताहरूको गतिविधिमा निगरानी गर्न सहयोग पुर्‍याउँछ दोस्रो यसले अफ्रिकी देशहरूलाई संयुक्त राष्ट्रसंघ, विश्व व्यापार संघ र अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा सहयागका लागि अधिकांश निर्भर बनाइरहन्छ । द वासिंटन डीसी आधारित थिंकट्या.कले सन् २०१९को घटनालाई उल्लेख गर्छ जतिखेर ३७ अफ्रिकी देशहरूले सिनजिआन क्षेत्रका उगुरमा चीनको मानव अधिकार उल्लंघनको बचाउ गर्दैएक पत्र लेखे । यसैगरी जुन २०२०मा २५ अफ्रिकी देशहरूले विवादित हडकडको राष्ट्रिय सुरक्षा कानुनको विषयमा संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्मा चीनको समर्थनमा उभे । अयिन यो वर्ष अक्टोबर ६मा जब बेलायत, टर्की र अमेरिकाले ४७ सदस्यीय मानव अधिकार परिषद्मा उगुर र अन्य आदिवासी अल्पसंख्यक विरुद्ध मानव अधिकार उल्लंघन चीनमा भएको भनी एक प्रस्ताव छलफलका लागि प्रस्तुत गरिएको बेला एक मात्र सोमालियाले पक्षमा अन्य सबै अफ्रिकी देशहरूले विपक्षमा मतदान गरे ।उपहार, आर्थिक लाभ र व्यापारमा अफ्रिकी देशहरूलाई सहयोग गरी चीनले उनीहरूलाई किनेका छन् ।उनीहरूले तिनका जनता र वैश्विक सन्दर्भमा स्वतन्त्रताका लागि गर्नुपर्ने काम गर्न नसक्ने गरी चीनले उनीहरूलाई किनेको छ भन्दा अतिशयोक्ति हुनेछैन् । –एजेन्सी

# तिब्बतको आम डिएनए नमूना कार्य नाङ्गियो

काठमाडौं, १५ कार्तिक । सेप्टेम्बर २०२२ ह्युमन राइट्स वाच (एचआरडब्लु)को रिपोर्टले तिब्बतमा चिनियाँ निगरानी र प्रहरी कार्यको थौरै बुझिएको अवधारणको खुलासा गर्छ । सिनजिआडमा यस्ता घटनाबारे उयुगुर मुसलमानहरूसँग भएको घटनाबारे जानकारीमा आउन अघि बुझिएको भएपनि हालै मात्र तिब्बतमा भएको डीएनए प्रोफाइलिङको घटनाले अन्तर्राष्ट्रिय समुदायको ध्यान तानेको छ । तिब्बतीहरूबाट डीएनए संकलन गर्ने कार्यको मनसाय सिनजिआङमा उयुगुरको केसमा चिनियाँ कम्युनिस्ट पार्टीले गरेजस्तै विदेशमा रहेका तिब्बतीहरूका नातेदारहरूको प्रोफाइल बनाउन र पहिचान गर्न प्रयोग गर्न रहेको छ ।यस्ता डेटाको व्यापक संकलन तिब्बत स्वायत्त क्षेत्र र सिनजिआङ दुवै क्षेत्रको तल्लो तहसम्म डेटाको प्राप्ति तथा निगरानी क्षमता बढाउने चीनको चाहनाहरूलाई दर्शाउँछ । आम डीएनए संकलन तिब्बतमा बृहत्तर निगरानी र प्रहरी उपस्थिति बलियो पारिरहन एक तार्किक विस्तार हो । विशेषगरी यो तीन महानहरू( द थ्री ग्रेट्स) मार्फत र अन्य गाउँस्तरीय प्रहरी अभिप्रेरणाहरूबाट चालित हुन्छ ।महत्वपूर्णरूपमा डीएनए नमूनाहरूसँग कुनै व्यक्तिको पहिचान गर्ने शक्ति मात्रै हुँदैन कि ती व्यक्तिको अनुवांशिक नातेदारहरूको पनि पहिचान गर्ने शक्ति हुन्छ ।यसको अर्थ भनेको प्रहरीद्वारा सञ्चालित डीएनए डेटाबेसको सम्भावित व्याप्तिले प्रहरीद्वारा डीएनए नमूना संकलन गरिएका व्यक्तिहरू भन्दा टाढासम्म पहुँच कायम गर्छ जसमा ती व्यक्तिहरूका तत्कालका र टाढाका नातेदार तथा सम्भावित बालबालिकाहरूको पहिचान गराउँछ भन्ने हो । तिब्बत स्वायत्त क्षेत्रमा सञ्चालित आम डीएनए संकलन सबै परफेक्चर वा नगरपालिकाहरूमा सञ्चालन भइरहेका छन् ।ह्युमन राइट्स वाचले तिब्बत स्वायत्त क्षेत्रका सबै सात नगरपालिकास्तर विभिन्न १४ स्थानीयहरूमा यसको पहिचान गरेको छ । यसमा एक परफेक्चर, दुई काउन्टी, दुई टाउन, दुई टाउनसिप र ७ भिलेजको रूपमा वर्गीकरण गरिएका १४ क्षेत्रहरू छन् ।( चाइनाः न्यु इभिडेन्स अफ मास डीएनए कलेक्सन इन टिबेट, ह्युमन राइट्स वाच, ७ सेप्टेम्बर २०२२) जुलाई सन् २०१९को सरकारी खरिद दस्तावेजले तिब्बत स्वायत्त क्षेत्र प्रहरीले क्षेत्रीय स्तर डीएनए डेटाबेस निर्माण गर्न ठेकदारहरूबाट बोल कबोल आवेदन माग गरेको दर्शाउँछ । नोभेम्बर २०१९मा निङत्री प्रहरीले एक परफेक्चर स्तरको एकाइले पनि डीएनए डेटाबेस निर्माणको घोषणा गर्‍यो । उदाहरणका लागि जुलाई २०१५मा ल्हास प्रहरीले १६ लाख अमेरिकी डलर बराबरको लागतमा डीएनए परीक्षण खरिद तथा न्यायसम्बन्धी( फरेन्सिक)उद्देश्यका लागि खोजी डेटाबेस निर्माण गर्ने घोषण गर्‍यो । संदिग्धहरूबाट संकलित डीएनएको पहिचान गर्न यो घोषणा गरियो अनि मार्च २०१८मा ल्हासाको ताक्से काउन्टीको गाउँ प्रहरीले सबै आप्रवासी मजदुरहरूबाट डीएनए संकलन गर्‍यो । आम डीएनए संकलन कार्यहरूले तिब्बत स्वायत क्षेत्रमा सन् २०१९देखि विशेषरूपमा विगतको सरकारी प्रयासहरू भन्दा धेरै टाढा यस्ता बायोडेटाको संकलन गर्ने अधिकारीहरूको विस्तार गर्छ ।तिब्बत स्वायत्त क्षेत्रको तल्लो तहसमम प्रहरीको उपस्थिति स्थापित गर्न चिनियाँ अधिकारीहरूद्वारा जारी प्रयासहरू अन्तर्गत यी कार्यहरू गरिन्छन् । डीएनए संकलन तिब्बतको फौजदारी अपराध रेकर्डको चेक गर्न गरिन्छ तर प्रहरीसँग कुनै प्रमाण छैन जसले यस्ता संकलन कारण गर्नुपर्ने गरी फौजदारी अपराधसम्बन्धी विश्वसनीय आधार प्रस्तुत गर्छ । ह्युमन राइट्स वाचले अध्ययन गरेका रिपोर्टहरूले अस्थायी स्थायी सबै किसिमक बासिन्दाहरूको डीएनए संकलन गरिएको दर्शाउँछन् ।कुनै पनि रिपोर्टमा कुनै बासिन्दासँग नमूना नदिन पाउन अस्वीकारको अधिकार रहेको दर्शाउँदैन् । उदाहरणका लागि सात क्षेत्र मध्ये एक चाम्दो नगरपालिकामा डीएनए संकलनको उद्देश्यलाई प्रमाणीकरण सक्षमतामा सुधार गरिरहन र भागिरहेका व्यक्तिलाई समात्न सहयोग पुर्‍याइरहनु भनी व्याख्या गरिएको थियो । यो क्षेत्रका अन्य ठाउँहरूका बासिन्दाहरूलाई डीएनए संकलन कार्य आम अपराध पता लगाउने आवश्यकताको रूपमा रहेको बताइएको थियो ।एक अधिकारीको रिपोर्टमा आम संकलन सार्वजनिक सुरक्षा अंगहरूका लागि विविध अवैध केसहरू पता लगाउन र अवैध तथा आपराधिक तत्वहरूमाथि प्रभावकारी कारबाहीका लागि आवश्यक रहेको रूपमा राखिएको छ । सन् २०२०को अंगुरबाट बनाइने मदिरा जम्मा गर्ने प्रमाणले आम डीएनए संकलन तिब्बत स्वायत्त क्षेत्रमा यो भन्दा धेरै पहिले भएको सोचिएको जनाउँछ । यी दाबीहरू सन् २०१३मा सुरु भएको सबैका लागि चिकित्सा कार्यक्रम नाम दिइएको आम स्वास्थ्य जाँच स्किमबारे औपचारिक प्रतिवेदनहरूमा आधारित छन् । ह्युमन राइट्स वाच ( २०१७)ले यो कार्यक्रमको लक्ष्य स्वास्थ्य हेरचाह सुविधा दिने प्रक्रियामा सुधार गर्नु रहेको जनाउँछ तर सिनजिआङमा अधिकारीहरूले १२देखि ६५ वर्ष उमेर समूहका बासिन्दाहरूको डीएनए चुपचाप तरिकाले गरेको जानकारी दिन्छ ।(एमिली ड्रिक्स, मास डीएनए कलेक्सन इन टिबेट अटनमस रिजन,२०१६-२०२२, सेप्टेम्बर १३,२०२२, युनिभर्सिटी अफ टोरन्टो) । नागरिक प्रयोगशालाले चीनको प्रहरीले विगत ६ वर्षहरूमा तिब्बत स्वायत्त क्षेत्रमा डीएनए नमूना संकलन ९लाख २० हजार देखि १२लाखसम्म गरिएको पता लगाउँछ ।यी आँकडाहरू तिब्बत स्वायत्त क्षेत्रको कुल जनसंख्याको एक चौथाइदेखि एक तिहाइसम्म रहेको जसको ठुलो हिस्सा पश्चिमी तिब्बतमा रहेको देखिन्छ ।(इन्टरनेसनल क्याम्पेन फर टिबेट, रिपोर्टेड मास डीएनए कलेक्सन एम्स टु अन्डरमाइन टिबेटन आइडेन्टिटी, सेप्टेम्बर १३, २०२२)। ह्युमन राइट्स वाचको नयाँ रिपोर्टको अवलोकनबाट सन् २०१०को सुरुदेखि चीनको अन्य क्षेत्रहरूमा डीएनए संकलन सुरु भएको देखिन्छ । यो छनौटका आधारमा वा आप्रवासी, पूर्व कैदीबन्दीहरू, संदिग्ध अपराधीहरू वा सुरक्षा नियोगहरूद्वारा किटानी गरिदिएका सामाजिक समूह वा सन् २०१७ देखि देशका सबै पुरुषहरूको ८.१देखि २६.४ प्रतिशत पुरुषको डीएनए कार्यक्रम प्रहरी गर्ने गरी छुट्टयाइएको समूह वा प्रहरीले समस्याजन्य जनसंख्याको समूह निर्धारण गरेको समूहहरूमा संकलन सुरु भएको देखिन्छ ।

समग्र क्षेत्रमा वा सुरक्षा व्यवस्थाका लागि जनताको डीएनए नमूना संकलन बाध्यकारी बनाउनु एक गम्भीर मानव अधिकार उल्लंघन हो ।उपलब्ध प्रमाणले सन् २०१९ पहिलेदेखि डीएनए संकलन पनि जनताको निश्चित समूहमा केन्द्रित रहेो जनाउँछ । तिब्बत स्वायत्त क्षेत्रका गाउँहरूमा डीएनए संकलन( जनवरी २०२२) द थ्री ग्रेट्स कार्यक्रमका चिनियाँ अधिकारीहरूले सञ्चालन गरेको डीएनए कार्यक्रम अन्तर्गत भएको रिर्पोटमा जनाइएको छ । पूर्णरूपमा यसलाई एक एक गरी निरीक्षण कार्यलाई ग्रेट वन बाइ वन इन्सपेकसन भनिएके छ भने महान अनुसन्धान र महान औषधिमूलोको रूपमा गाउँका प्रहरी स्टेसनमा आवश्यक हुन्छ वा नजिकको शहरस्तरीय प्रहरी स्टेसनका लागि आवश्यक गरिएको हुन्छ । जसमा हरेक घरिपरिवारको भ्रमण गरी उनीहरूको दृष्टिका बारेमा सवाल गरिन्छ । ल्होद्राक , ग्यात्सा, नेदोङ, चोङगे, चुशुल, ल्हासा शहर र बायीबाट लिइएको औपचारिक मिडिया रिपोर्टमा तल्लोतहको सामाजिक सुशासन प्रणालीलाई विभिन्न प्रयासहरू मध्येको एक कार्यक्रमको रूपमा व्याख्या गरिन्छ । प्राथमिकरूपमा गाउँस्तरमा प्रहरीको उपस्थिति बढाएर गरिन्छ ।प्रहरीलाई द थ्री ग्रेट्सलाई ल्होद्राकमा अगाडि बढाइरहन उदाहरणका लागि दक्षिण तिब्बतका गाउँमा जान र हरेक घरपरिवारमा गएर सत्य पता लगाउन जाल शैलीको अनुसन्धन अगाडि बढाउन भनिएको थियो । यो अभ्यासको लागि केही निश्चित योजना बनाएकै हुनुपर्छ । तिब्बत स्वायत्त क्षेत्रको वेबसाइट अनुसार चाम्दो नगरपालिकाको प्रहरीले (मे २०१९यता)एक वर्ष लामो विविध प्रकारका आधारभूत डेटा तथा सूचना संकलन अगाडि बढायो र औंठा छापको डेटाबेस र समग्र जनताको डीएनए नमूनाको डेटावेस स्थापना गर्‍यो । मे २०१९को चाम्दो नगरपालिकाको रिपोर्टले डीएनए सम्रग जनसंख्याबाट संकलन गरिएको र न कुनै गाउँ वा बौद्ध बिहार नत कुनै घरपरिवार वा व्यक्तिलाई नछुटाउने गरी डीएनए संकलन गर्न प्रहरीलाई भनिएको विशेष जानकारी गराउँछ ।मे २०१९सम्म प्रहरीले कम्तीमा नगरपालिकाका कम्तीमा ५लाख २४ हजार ५सय तदनुरूप कुल जनसंख्याको ६९ प्रतिशत डेटा संकलन गरिएको थियो ।

किनघाइ प्रान्तको युशु नगरपालिकाको ड्रिटोइका बासिन्दाहरूबाट डीएनए संकलन गर्दै प्रहरीहरू ( झाहे प्रहरी स्टेसनले झिदोइ काउन्टीको सार्वजनिक सुरक्षामा डीएनए रगग संकलन गर्दै वीच्याट सेप्टेम्बर १०,२०२१ )

स्रोत डब्लडब्लुडब्लु डट एचआरडब्लुडटओआरजी

## जिल्ला समाचार

### मतदाताले आफ्नो मतको सदुपयोग गर्ने : शाह

इमरान खान, कपिलवस्तु । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य एवं कपिलवस्तु क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्यका उम्मेद्वार पूर्वमन्त्री अकवाल अहमद शाहले मतदाताले आफू जिताउने दाबी गरेका छन् । शाहले कपिलवस्तुको तौलिहवा लगायत क्षेत्र नम्बर २ का विभिन्न स्थानमा कार्यकर्ता तथा मतदातासँग भेटघाट गरिरहेका छन् । भेटघाटका क्रममा उम्मेद्वार शाहले मतदाताको भोटको सदैव कदर गर्ने प्रतिवद्धता व्यक्त गर्दै पहिचान संघीयता र लोकतान्त्रिक समाजवादका लागि लोसपालाई जिताउनु पर्ने बताए । शाहले आफू २५ दिनका लागि कृषि मन्त्री भए पनि यस क्षेत्रमा गरेको कामलाई देखेर मतदाताले आफ्नो मतको सदुपयोग गर्ने दाबी गरेका हुन् । उनले कपिलवस्तु जिल्लाको पहिचान सहित विकासलाई निरन्तरता दिने बताउँदै स्थानीयको आवश्यकता र मागलाई आफूले नजिकैबाट अनुभव गरेको बताए । उम्मेदवार शाहले निर्वाचनका बेला मात्र आफु जनता समक्ष नआउने भन्दै जनताको हरेक सुख दुःखमा आफू सदैव साथ रहेको बताए । पूर्वमन्त्री एवं उम्मेदवार अकबल अहमद शाहका अनुसार मलाई आफुले गरेका कामको प्रचार प्रसार गर्न मन लाग्दैन तर मलाई यस क्षेत्रका जनताले राम्रोसँग चिनेकाले र मैले गरेको कामको मुल्यांकन गरी आफ्नो मतको सहि सदुपयोग गर्नेमा आफू ढुक्क भएको बताए ।

### कैलालीमा सवारी दुर्घटना हुँदा दुईको मृत्यु

कैलाली । जिल्लाको दुई छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । गौरीगंगा नगरपालिका-३ कुचैनीस्थित सडकमा बा.१२ च २११४ नम्बरको कारले सु.प.प्र.०१-००८ प ५७५६ नम्बरको मोटरसाइकललाई बिहीबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक गोदावरी नगरपालिका-२ तेघरी बस्ने ३३ वर्षीय शेर बहादुर पुनमगरको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारका क्रममा मृत्यु भएको हो । कार चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी, कैलारी गाउँपालिका-५ स्थित सडकमा से.६ प ५५८६ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई गएराति दुर्घटना हुँदा मोटरसाइकल चालक सोही गाउँपालिका-५ पवेरा बस्ने २२ वर्षीय राजेन्द्र चौधरीको घटनास्थलमै मृत्यु भएको छ ।

### दुई मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-१३ जितगढीस्थित सडकमा दुई मोटरसाइकल एक आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । लु.८१ प २५६६ नम्बरको मोटरसाइकल र लु.२८ प ४३८० नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई बिहीबार राति दुर्घटना हुँदा भएको हो । दुर्घटनामा लु.८१ प २५६६ नम्बरको मोटरसाइकल चालक बुटवल उपमहानगरपालिका-११ बस्ने २२ वर्षीय मुस्कान नेपालीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको एड्मन सि.टि. अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका लु.२८प ४३८० नम्बरको मोटरसाइकलमा सवार २ जनाको सोही असपतालमा उपचार भइरहेको छ ।

### बस र मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-१३ जितगढीस्थित सडकमा बस र मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । ना.६ ख ७९०९ नम्बरको बस र लु.२७ प ६९७४ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना भएको हो । आइतबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक तिलोत्तमा नगरपालिका-१२ जैकुटी बस्ने ४८ वर्षीय शेर बहादुर थापाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवल हुँदै मेडिकल कलेज भैरहवामा थप उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### चक्कु प्रहार गरी हत्या गर्ने ५ जना पक्राउ

मोरङ । झापा दमक नगरपालिका-१० आमबाडी बस्ने १४ वर्षीय दियुस श्रेष्ठको हत्या गरेको अभियोगमा ५ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा उर्लाबारी नगरपालिकाका १७ वर्षीय ३ जना किशोर र सोही नगरपालिकाका १६ वर्षीय २ जना किशोर रहेका छन् । उर्लाबारी नगरपालिका-७ मौवा खोलास्थित छठ मेलामा गएको बेलामा उनीहरूको छुरा प्रहारबाट गम्भीर घाइते भएका दियुसको विएण्डसी अस्पताल विर्तामोड झापामा उपचारको क्रममा मृत्यु भएको घटनामा संलग्न उनीहरुलाई जिल्ला प्रहरी कार्यालय मोरङ र ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

### कारको ठक्करबाट ३ जनाको मृत्यु

रुपन्देही । ओमसतिया गाउँपालिका-४ पननीस्थित सडकमा हाल नम्बर नखुलेको कारको ठक्करबाट ३ जनाको सोमबार साँझ मृत्यु भएको छ । मृत्यु हुनेहरुमा ओमसतिया गाउँपालिका-४ पननी बस्ने १४ वर्षीया सिमा कुर्मी, २८ वर्षीया प्रमिला कुर्मी र २४ वर्षीय वन्धना कुर्मीको ३५ दिनको छोरा नाम नखुलेको बच्चा रहेका छन् । ठक्करबाट गम्भीर घाइते भएका सिमा कुर्मीको भिम अस्पताल भैरहवामा, प्रमिला कुर्मीको मेडिकल कलेज भैरहवा र वन्धना कुर्मीको छोराको मेडिकल कलेज भैरहवामा उपचार क्रममा मृत्यु भएको हो । साथै कारको ठक्करबाट घाइते भएका अन्य २ जनाको मेडिकल कलेज भैरहवामा उपचार भइरहेको छ ।

### स्रोत नखुलेको भारतीय नगदसहित पक्राउ

कपिलवस्तु । यशोधरा गाउँपालिका-७ मर्यादपुरबाट स्रोत नखुलेको भारतीय रुपैयाँसहित एक जना पक्राउ परेका छन् । ५ लाख ५२ हजार ७८ सय नगद सहित अर्घाखाँची सन्धिखर्क नगरपालिका-१ मिडिया चोक बस्ने ३९ वर्षीय मुक्ति खनाललाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको हो । प्रहरी चौकी मर्यादपुरबाट खटिएको प्रहरीले तौलिहवाबाट मर्यादपुरतर्फ आउँदै गरेको लु.१६ प ४११७ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकल चालक खनाललाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो ।

### बसबाट खसेर सहचालकको मृत्यु

कपिलवस्तु । शिवराज नगरपालिका-१ उमरीमा ना.६ ख ४७०४ नम्बरको बसबाट खसेर सोही बसका सहचालकको मृत्यु भएको छ । करिब ४२ वर्षीय सुधिर न्यौपानेको मंगलबार बिहान मृत्यु भएको छ । यात्रु चढाई बसमा चढ्ने क्रममा ढोकाबाट खसेर टायरले किच्दा गम्भीर घाइते भएका उनको संजिवनी सामुदायिक अस्पताल चन्द्रौटामा उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ट्र्याक्टर खोल्सामा खस्दा चालकको मृत्यु

मोरङ । कानेपोखरी गाउँपालिका-६ स्थित ग्रामिण सुधार सामुदायिक बनमा प्रदेश १-०२-००३ त १५८७ नम्बरको ट्र्याक्टर खोल्सामा खस्दा चालकको मृत्यु भएको छ । मंगलबार बिहान दुर्घटना हुँदा ट्र्याक्टर चालक कानेपोखरी गाउँपालिका-४ बस्ने ५० वर्षीय ज्ञान बहादुर लुङ्गेली मगरको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको बिपि कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान घोपामा उपचारको क्रममा मृत्यु भएको हो ।

### घरको छतबाट लडेर मृत्यु

धनुषा । शहिदनगर नगरपालिका-५ पचहर्वा बस्ने सत्रुधन कापडकी छोरी २ वर्षीया सान्वी कुमारी कापडको आफ्नै घरको छतबाट लडेर मंगलबार दिउँसो मृत्यु भएको छ । आफ्नै घरको दुई तल्लामाथि छतमा खेल्ने क्रममा लडेर गम्भीर घाइते भएकी उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

### ब्राउनसुगरसहित एक जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम २ सय ७० मिलिग्राम सहित प्युठान स्वर्गद्धारी नगरपालिका-९ बस्ने २६ वर्षीया बर्षा सुनारलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाह र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंजबाट खटिएको संयुक्त टोलीले जाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेकी उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### लागूऔषधसहित एक पक्राउ

कैलाली । टिकापुर नगरपालिका-८ स्थितबाट नियन्त्रित लागूऔषषध नाईट्राभेट १ सय ४४ ट्याब्लेट सहित सोही नगरपालिका-८ चौगुर्दी बस्ने २० वर्षीय संजय लुहारलाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी कालाकुण्डाबाट खटिएको प्रहरीले मोहना नदी तरी भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### भरूवा बन्दुकसहित पक्राउ

मोरङ । उर्लाबारी नगरपालिका-२ सिमसार टोल बस्ने ३१ वर्षीय दिपक बिश्रुबकर्मालाई १ थान अवैध भरूवा बन्दुक सहित बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । मादक पदार्थ सेवन गरी दिपकले आफ्नो घरमा रहेको भरुवा बन्दुक निकाली श्रीमतीलाई डर त्रास देखाई कुटपिट गरिरहेको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी चौकी मंगलबारेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# निर्वाचन सञ्चालनका लागि भारतद्वारा नेपाललाई उपहारस्वरूप सवारीसाधन प्रदान




काठमाडौं । निर्वाचन सञ्चालनका लागि मित्रराष्ट्र भारत सरकारले नेपाललाई उपहारस्वरुप सवारीसाधन प्रदान गरेको छ ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले मंगलबार आयोजित एक समारोहबीच अर्थमन्त्री जनार्दन शर्मालाई भारत सरकारको तर्फबाट २०० वटा सवारीसाधन उपहारस्वरुप प्रदान गरेका हुन् ।

यी सवारीसाधनले नेपालका विभिन्न संस्थालाई आसन्न निर्वाचनका लागि आवश्यक प्रबन्धलाई थप व्यवस्थित गर्न सघाउ पुर्याउनेछ ।

नेपाल सरकारको अनुरोधमा उपलब्ध गराइएका यी सवारीसाधन चुनावका दौरान प्रयोग गरिनेछ जसमध्ये १२० वटा सुरक्षा निकायले र बाँकी ८० वटा निर्वाचन आयोगले प्रयोग गर्नेछन् ।

यी सवारीसाधनको हस्तान्तरणले नेपालभर रहेका विभिन्न संस्थाको ढुवानी एवम् सुसञ्चालन प्रबन्धलाई थप व्यवस्थित बनाई निर्वाचनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सघाउ पुर्याउनेछ ।

अर्थमन्त्री शर्माले यी सवारीसाधन लगायत विकास साझेदारीको रुपमा नेपाललाई निरन्तर सहयोग गरेकोमा भारत सरकार र भारतीय जनतालाई धन्यवाद दिए ।

नेपाल सरकारको अनुरोधमा विगतका वर्षहरुमा पनि भारत सरकारले नेपालका सुरक्षा निकाय र निर्वाचन आयोगको प्रयोगका लागि सवारीसाधन उपलब्ध गराउदै आएको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई झण्डै २००० वटा र नेपाली सेना र निर्वाचन आयोगलाई ४०० वटा गरी हालसम्म भारतले नेपाललाई निर्वाचनको समयमा २४०० भन्दा बढी सवारीसाधन उपहारस्वरुप प्रदान गरिसकेको छ ।

भारत र नेपालबीच बहुपक्षीय एवम् बहुआयामिक विकास साझेदारी रहेको छ जसले दुई देशका जनताबीचको निकटतालाई प्रतिबिम्बित गर्दछ । यी सवारीसाधनको हस्तान्तरणले जनता जनताबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन भारत सरकारले पुर्‍याउदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

## मधेश...

अनुसार राणनीति परिवर्तन गरिरहनुपर्छ । यहि सूत्रलाई प्रयोग गर्दै फोरम नेपालले आवश्यक्ताअनुसार आफ्नो रणनीति परिवर्तन गरेको अर्थ लगाउन सकिन्छ ।

पटक-पटक उपेन्द्र यादवले सम्झौता गर्दै सरकारमा सहभागी हुँदै आएका छन् । यद्यपी सहमति र सम्झौता हुनु आफैमा गलत होइन तर विगतमा भएका सहमति लागू नहुँदा संशय उब्जिएको छ भने यसले सहमतिहरू लागू नहुने भन्ने नजिर पनि स्थापित गरेको छ । किनभने यसअघि मधेशी दलहरूसँग भएका सहमति तथा सम्झौताहरू जस्तै यसलाई पनि थन्काएर राखियो भने यसको गम्भीर परिणाम देश र मधेशले भोग्नुपर्ने अवस्था आउन सक्छ । त्यसर्थ यसबारे हस्ताक्षरकर्ता दुबै पक्ष गम्भीरतापूर्वक आम सहमतिका आधारमा मधेशका मुद्दालाई बढीभन्दा बढी सम्बोधन हेतु कार्य गर्नुपर्छ ।

जसपा नेपालका अध्यक्ष यादव यसपटकको चुनावमा फेरि सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेद्वारी दिएका हुन् । यो चुनावमा उपेन्द्र यादवले एमालेसँग चुनावी तालमेल गरिरहेको छ । यसअघि फोरम-नेकपाको सम्झौतालाई ओलीबाट कसरी सम्बोधन गराउन सक्छ भन्ने कुरा गर्भमै छ । यादवकै दाबीअनुसार आगामी चुनावमा जसपा र एमालेको बहुमत आउनेछ । त्यसो भयो भने आफूले उठाएका मागहरु कसरी पूरा गराउने प्रश्न रहेको छ । यद्यपी उनी वा उनको दल सरकारमा सहभागीभन्दा पनि संविधान संशोधनको मुद्दालाई प्राथमिकतामै राखेर अघि बढनु उपयुक्त छ ।

## मधेशका...

सार्वजनिक भएको हो।नेपालका ७७ जिल्ला मध्ये मधेश प्रदेशका आठ जिल्लाका बहुआयामिक गरिबहरूको जनसंख्या ३५% रहेको छ। यस प्रदेशमा स्कूल जाने उमेरका मध्ये ५०% बालबच्चाहरू मात्र स्कूलमा भर्नासम्म हुने गरेका छन्। कुपोषणका शिकार जनसंख्याको सन्दर्भमा कर्णाली प्रदेश पछि प्रदेश-२ आउँछ। मधेश प्रदेशमा १५-४९ उमेर समूहका महिला मध्ये ५८% एनिमीया रोगबाट ग्रस्त छन भने ३६.८% नवजात बच्चाहरू कम तौलका जन्मिने गर्छन।

मुलुकका कुल ३५५२० वटा स्कूलहरू मध्ये प्रदेश-२ मा स्कूलको संख्या ४१३७ रहेको छ। यस प्रदेशबाट २४.२०% युवाहरू श्रम बेच्न बिदेशिएका छन्। यसले मधेश प्रदेश भित्रका जिल्लाहरूमा बेरोजगारीको गंभीर अवस्था देखाउछ। मधेश प्रदेशको आर्थिक बिकाश दर भने जम्मा २.३% रहेको छ। यो प्रदेश युवा साक्षरता दरमा मुलुक मै सबभन्दा कम ६३% रहेको छ, जबकि गण्डकी प्रदेशको सर्वाधिक ९५% छ। मुलुकको कूल ४,०१,२३६ उद्योगको तुलनामा मधेश प्रदेशमा उद्योग संख्या ५४,९१० छ। यहाँको ५४,०४,१४५ जनसंख्यामा जम्मा १३ वटा ठूला सरकारी अस्पताल रहेका छन्। हालको महामारी कोविड-१९ लाई नियन्त्रणमा लिने सन्दर्भमा यो प्रदेश असफल जस्तै देखियो। स्वास्थ्य संरचना ध्वस्त छ। नेपालको सन्दर्भमा मधेश प्रदेशको स्थिति मात्र खराब छ भने होईन। तर, मधेश प्रदेश तुलनात्मक रूपमा बढी खराब देखिन्छ। संघीयता लागू भएपछि के सुधार भयो त? माथीका तथ्यांकमा पुरानो अवस्थाको कति योगदान छ र उपेन्द्र यादवहरूले कति सुधार गरे? सुधारमा उनको योगदान कति छ? किन न सोध्ने उपेन्द्रहरूसंग ?

मधेशका जागरूक मतदाताहरू सोध्नु पर्दछ। सप्तरी क्षेत्र नं २ का युवा मतदाताहरू सोध्नुस् ।

## औपचारिक...

७१ संस्था र व्यक्तिलाई स्पष्टीकरण सोधिएको छ ।

प्रचारप्रसारको क्रममा गरिने आमसभा, कोणसभा जस्ता कार्यक्रममा लाग्ने खर्चको हिसाब चुनाव सकिएको १५ दिनभित्र पेस गर्न भनिएको छ । प्रतिनिधिसभाको उम्मेदवारले बढीमा ३३ लाख र प्रदेशसभाका उम्मेदवारले २३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने र त्यस अनुसारको खर्च विवरणको लेखापरीक्षण गराइने आयोगका अधिकारीहरूको भनाइ छ ।

जुलुस, आमसभा, कोणसभा वा भेला गर्न कम्तीमा २४ घण्टाअघि नै स्थानीय प्रशासन र प्रहरीलाई जानकारी दिइ राख्नुपर्ने र जुलुस वा आमसभामा भाग लिने, प्रचारप्रसार गर्ने व्यक्तिले दलको निर्वाचन चिह्न वा झन्डा भएको लोगो, स्टिकर, कपडा, टोपी, भेस्ट, टिसर्ट, ज्याकेट, गम्छा, मास्क, लकेट लगाउन र झोला बोक्न बन्देज लगाइएको छ ।

यसैगरी कसैको घर र सार्वजनिक स्थलमा दलको झन्डा, निर्वाचन चिह्न र तोरण राख्न नपाइने विभिन्न क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रम र व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार, निर्वाचन खर्च दिन नपाइने निर्वाचन आचारसंहितामा उल्लेख छ/ । जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्न पाउने प्रावधान छ । दल र उम्मेदवारले निजी टेलिभिजन र रेडियोबाट निर्वाचन प्रचारप्रसार गर्न पाउने आचारसंहितामा व्यवस्था गरिएपनि रेडियो, टीभीमा कम्तीमा २४ घण्टामा बढीमा चार पटकसम्म उम्मेदवारको विज्ञापन गर्न पाउने निर्देशन गरिएको छ । एउटा पत्रिकामा बढीमा ७/७ इन्चसम्मको प्रचार सामग्री छपाउन सक्ने अनुमति दिइएको छ ।

विभिन्न दल र उम्मेदवारले आआफ्नो घोषण पत्र प्रचार प्रसारको औपचारिक दिन बिहीबार अघि नै सार्वजनिक गरेका छन् ।प्रमुख दलका घोषणा पत्रहरूमा गरिएका कबोललाई जनताहरूले पत्याइरहेका छैनन् । राजनीतिक दल र तिनका नेताहरूमा कसैले पनि जनताका लागि पत्यारिलो व्यवहार नगरेकाले उनीहरूले भन्न थालेका छन् "'झुठको खेती गोडमेल गर्न नेताहरू पुगे गाम गाम' । यो पटक पनि राजनीतिक दलहरूको घोषणा पत्रका बारेमा सार्वजनिक लेखापरीक्षण गर्ने संयन्त्र बनेको पाइएको छैन् । मतदानबाट प्रतिनिधि चुन्ने लोकतान्त्रिक परिपार्टीमा नेताहरूले जनताका अगाडि भएभरका सपना बाँडने र सत्तामा पुगेपछि अरूथोक गर्ने बानीमा सुधारका लागि सार्वजनिक लेखापरीक्षण गर्ने संयन्त्रको विकास गर्नुपर्ने कुरो मित्रपार्कका घनश्याम श्रेष्ठले बताए ।तर त्यहीँका मकसुदन दासले झुठको खेतीमा सत्यको बास हुन्छ । झुठलाई छोरी त्यसमा रहेको सत्य र गर्न सक्ने कुरोलाई नेताहरूले पूरा गर्न लगाए देश र जनताका लागि ठुलो कुरो हुने उनको भनाइ छ । राजनीति र दलक नेताहरू प्रतिको विश्वास जगाउने जिम्मेवारी अरूको होइन तिनकै हो ।

## मधेशीलाई...

भयो । तर त्यो सम्झौतामा जालझेल गरियो । मधेशीहरूले त्यो जालझेल बुझ्न सकेनन् । एक मधेश एक प्रदेशको मागलाई स्वायत्त मधेश प्रदेशमा परिणत गरियो । हात्ती र हात्ती छाप चप्पल उस्तै हो नानु उहिले बज्ने गरेको विज्ञापन जस्तै मधेशहरूलाई एक मधेश एक प्रदेश र स्वायत्त मधेश प्रदेश एउटा हो भनी हस्ताक्षर गर्न लगाइएको थियो । राणाकालमा कर उठाउन पूर्वी मधेश पश्चिम मधेश गरी गरेको वर्गीकरण समेत बिर्सेर अहिले मध्य नेपालको ८जिल्लालाई मधेश प्रदेशको रूपमा एक मधेश एक प्रदेशको मागलाई पूरा गरेको भन्न खोजिएको छ । त्यसैले नेपाली कांग्रेसले धोका दिएको विषयमा मधेशीहरूलाई जवाफ दिनै पर्छ । अब मधेशीहरूका आँखामा लागेका पट्टीहरू खुल्दैछन् । शहादतको सूची मधेश आन्दोलनले नेपाली राजनीतिक इतिहासको तराजुको वजन गह्रुङ्गो बनाइसकेको छ । मधेश भित्र उम्लिरहेको मधेश विद्रोहका बेला दावानल पोखिए त्यसको परिणाम अकल्पनीय हुनेमा कांग्रेसले हेक्का राख्नु पर्ने देखिन्छ ।

# 'सार्वभौमसत्तासँग संवाद गर्नुहोस्'



सांघाई को-अपरेशन अर्गनाइजेसन क्षेत्रको सञ्चार प्रणालीको सुदृढीकरणमा मध्य एसियाली राज्यहरूको हितको रक्षा हुन्छ कि हुँदैन भन्ने कुरा हेर्न बाँकी छ। उनले ती देशको सार्वभौमसत्ताको सम्मान गर्नुपर्ने पनि टिप्पणी गरे । जानकार स्रोतका अनुसार भारतका विदेशमन्त्रीले चीनलाई हल्का मुक्का लगाएर यस्तो टिप्पणी गरेका हुन् । सांघाई को-अपरेशन काउन्सिलको भर्चुअल बैठकमा विदेशमन्त्रीले भारतको प्रतिनिधित्व गरेका थिए। चिनियाँ प्रधानमन्त्री ली खछ्याङले बैठकको आयोजना गर्नुभएको थियो। यसैबीच, जयशंकरले ट्वीटको श्रृंखलामा भने कि एससीओ क्षेत्रमा राम्रो सञ्चारका लागि सदस्य देशहरूको क्षेत्रीय एकताको रक्षा गर्न र अन्तर्राष्ट्रिय कानूनको सम्मान गर्न आवश्यक छ।

यद्यपि एस जयशंकरले कुनै पनि देशको नाम सीधै उल्लेख गरेनन्। तर, भारतले यसअघि नै चीन-पाकिस्तान आर्थिक करिडोर निर्माणमा आपत्ति जनाएको थियो । किनभने यो करिडोर व्यावहारिक रूपमा पाकिस्तान अधिकृत कश्मीर हुँदै गइरहेको छ। यसैबीच चीनको बेल्ट एण्ड रोड इनिसिएटिभमा हस्ताक्षर नगर्ने देशमध्ये भारत पनि एक हो। तर, भारतका विदेशमन्त्रीले एससीओ क्षेत्रमा राम्रो कनेक्टिभिटीले आर्थिक अवसरको ढोका खोल्ने बताए। यस सन्दर्भमा उनले इरानको चाबहार बन्दरगाह र अन्तर्राष्ट्रिय उत्तर दक्षिण यातायात कोरिडोरको उल्लेख गरे। उनले एससीओ सदस्यहरूबीच हाम्रो कुल व्यापार १४१ अर्ब डलर मात्र रहेको उल्लेख गरे। तर यो अर्थतन्त्रमा अझै बढ्ने सम्भावना छ । उनले नरेन्द्र मोदीको मिशन लाइफको पनि उल्लेख गरे।

# भारतको कृषि तथा प्रशोधित खाद्यान्नको निर्यात बढ्ने

चालु आर्थिक वर्षको पहिलो ६ महिना (अप्रिल-सेप्टेम्बर)मा भारतबाट कृषि तथा प्रशोधित खाद्यवस्तुको निर्यात २५ प्रतिशतले बढेको छ । बुधबार भारतको केन्द्रीय उद्योग तथा वाणिज्य मन्त्रालयले विज्ञप्ति जारी गर्दै सो जानकारी दिएको हो । देशको वाणिज्य खुफिया तथा तथ्याङ्क महानिर्देशनालय (म्न्ऋृक्ष्७क) ले जारी गरेको प्रारम्भिक तथ्याङ्क अनुसार फलफूल तथा तरकारी, अनाज, पशुपक्षी र प्रशोधित खाद्य पदार्थको निर्यात बढेको हो ।

अप्रिलमा मुलुकको कुल कृषि र प्रशोधित खाद्यान्नको निर्यात ११०५६ मिलियन अमेरिकी डलर रहेकोमा सेप्टेम्बरमा १३७७१ मिलियन अमेरिकी डलर पुगेको जानकारी छ ।

साथै विज्ञप्तिमा भारतले चालु आर्थिक वर्षको पहिलो ६ महिनामा कृषि र प्रशोधित खाद्यान्नबाट निर्यात लक्ष्यको झण्डै ५८ प्रतिशत हासिल गरेको पनि जानकारी गराएको छ । ध्यान दिनुहोस् कि यो लक्ष्य २३.५६ बिलियन अमेरिकी डलर हो। साथै, प्रारम्भिक तथ्याङ्क अनुसार, भारतमा प्रशोधित फलफूल र तरकारीहरू गत वर्षको सोही महिनाको तुलनामा ४२.४२% (अप्रिलदेखि सेप्टेम्बर) ले उल्लेख्य वृद्धि भएको छ, जबकि ताजा फलफूलमा ४% वृद्धि भएको छ।

## आर्थिक समाचार

# ग्लोबल आइएमई बैंकले १३.६ प्रतिशत लाभांश दिने

काठमाडौं । ग्लोबल आइएमई बैंकले आर्थिक वर्ष २०७८/७९ मा आफ्ना शेयरधनीलाई १३.६ प्रतिशत लाभांश दिने निर्णय गरेको छ । बैंक संचालक समितिको आइतबार बसेको बैठकले नेपाल राष्ट्र बैंक तथा बैंकको आगामी वार्षिक साधारणसभाबाट स्वीकृति पश्चात वितरण गर्ने गरी आर्थिक वर्ष २०७८/७९ को वितरण योग्य मुनाफाबाट आफ्ना शेयरधनीलाई १३.६ प्रतिशत लाभांश (बोनश शेयर ३ प्रतिशत र नगद लाभांश १०.६ प्रतिशत) नियमानूसार लाग्ने करसहित वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकको चुक्ता पूँजी २३ अर्ब ७९ करोड रुपैंयाको ३ प्रतिशतले हुन आउने करिब ७१ करोड ३८ लाख रुपैंया बराबरको बोनश शेयर र १०.६ प्रतिशतले हुन आउने करिब २ अर्ब ५२ करोड २३ लाख रुपैंया बराबरको नगद लाभाशं शेयरधनीहरुलाई वितरण गर्ने भएको छ । ग्लोबल आइएमई बैंकले आर्थिक वर्ष २०७८/७९ मा ४ अर्ब ९६ करोड रुपैयाँ खुद मुनाफा आर्जन गरेको छ । ३ प्रतिशत बोनश शेयर वितरण पश्चात बैंकको चुक्ता पुँजी २४ अर्ब ५० करोड रुपैयाँ पुग्ने छ । कूल २८९ अर्ब निक्षेप तथा रु. २७४ अर्ब कर्जा लगानी रहेको बैंकको मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले २९० शाखा, २७३ एटिएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८९० भन्दा बढी सेवा केन्द्रबाट ३० लाखभन्दा बढी ग्राहकहरूलाई सेवा प्रदान गरिरहेको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुबेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ ।

# 'Bizbazar भव्य उत्सव' योजनाका मेगा बम्पर विजेताहरू घोषणा

काठमाडौं । नेपाली ट्रेडलाई डिजिटाइज गर्ने तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने दीर्घकालीन लक्ष्यका साथ 'जे चाहिन्छ, त्यही पाइन्छ' भन्ने नारा सहित सञ्चालनमा रहेको नेपाली ई-कमर्स कम्पनी बिजबजारले बडा दसैं, दीपावली, नेपाल संवत्, ल्होसार, छठ लगायतका महान् चाडहरूलाई दृष्टिगत गर्दै "Bizbazar भव्य उत्सव" नामक योजना चाडबाडको उमङ्ग भव्य OFFERS सँग भन्ने नाराका साथ सञ्चालनमा ल्याएको थियो। जस अन्तर्गत बिजबजारले सबै वर्गका सेवाग्राहीहरूको लागि विभिन्न क्याटेगोरिजका सामान खरिद गर्दा ७८ प्रतिशतसम्म छुटसहित बम्पर उपहारसमेत समावेश गरेको थियो। बिजबजारले सिस्टममा आधारित लक्की ड्र मार्फत बम्पर उपहारका विजेताहरूको घोषणा गरेको छ। जस अन्तर्गत पहिलो बम्पर उपहार MI 65 INCH ULTRA 4K TV AND MI SOUND BAR अविशा शर्माले प्राप्त गरेकी छन्, यसै गरी दोस्रो बम्पर उपहार REALME 9 PRO ± छन् को विजेता रचना सापकोटा बनेकी छन् भने तेस्रो बम्पर उपहार SAMSUNG SINGLE DOOR REFRIGERATOR 192 की सबिन श्रेष्ठले हात पारेका छन्।


## मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं ।
- नियमित रुपमा शारिरीक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं